अधिकारमा पहुँच

नेपालको नयाँ संविधानमा समानता र मानव अधिकारको संरक्षण

CHR&GJ
center for human rights and global justice
nyu school of law

मानव अधिकार तथा विश्व न्याय केन्द्र तथा अन्तर्राष्ट्रिय मानव अधिकार क्लिनीक सम्बन्धमा

न्युयोर्क विश्वविद्यालय कानून विभागस्थित मानव अधिकार तथा विश्व न्याय केन्द्र (सीएचआरजीजे) ले प्रशिक्षण, अनुसन्धान, क्लिनीकल, प्रशिक्षार्थी तथा प्रकाशन सम्बन्धी विपुल गतिविधिको आयोजना गर्ने तथा त्यसलाई विस्तार गर्ने कार्य गर्दछ । फिलिप एल्सटन केन्द्रको संकाय निर्देशक एवं सह-अध्यक्ष हुनुहुन्छ; स्मिता नारुला एवं मार्गरेट स्याटरवाइट संकाय निर्देशक हुनुहुन्छ; जेन हकरबी अनुसन्धान निर्देशक हुनुहुन्छ; र भीर्ली ओपनहाफेन वरीष्ट कार्यक्रम निर्देशक हुनुहुन्छ ।

विश्वविद्यालयको कानून विभागस्थित (केन्द्रको एक कार्यक्रम) अन्तर्राष्ट्रिय मानव अधिकार क्लिनीक केन्द्र (आइएचआरसी) ले संयुक्त राज्य अमेरिका र अन्य मुलुकस्थित समूहसँग साझेदारी गर्ने नीजी सेवाग्राही, गैरसरकारी र अन्तरसरकारी मानव अधिकार संस्थाहरुलाई उच्च गुणस्तरको, व्यवसायिक मानव अधिकार कानूनी सेवा प्रदान गर्दछ । कानूनी सल्लाहकार, परामर्शदाता, सह-परामर्शदाता वा कानूनी साझेदारको रुपमा कार्यरत रहँदै, क्लिनीकका विद्यार्थीहरु विश्वभरका मानव अधिकारकर्मीहरु सँगसँगै काम गर्दछन् । विश्वविद्यालय संकायका प्राध्यापक स्मिता नारुला र प्राध्यापक मार्गरेट स्याटरवाइट यो क्लीनीक संयुक्त रुपमा निर्देशित छ भने अतिरिक्त सहायक प्राध्यापक जेन हकरबीबाट संयुक्त पठनपाठन; एम्ना अकबर क्लीनकल विद्वत सदस्य र मीचेल विलियम्स क्लीनक प्रशासक हुनुहन्छ ।

भेदभावसम्वद्ध कार्यमा, सीएचआरजीजे एवं अन्तर्राष्ट्रिय मानव अधिकार क्लिनीक केन्द्रले बृहत रुपमा दक्षिण एसियाको जातीय भेदभावमा केन्द्रीत रहेको छ र भारत तथा नेपालमा बृहत रुपमा उद्धृत विभिन्न प्रतिवेदनहरु प्रकाशन गरेको छ । सबै भेदभावसम्वद्ध कार्यमा, केन्द्रले विस्तृत रुपमा दलित अधिवक्ताहरुसँग सहकार्य गर्दछ ।

सबै प्रकाशन र वक्तव्य सीएचआरजीजेको वेबसाइट : www.chrgj.org मा प्राप्त गर्न सकिन्छ । यो प्रतिवेदन : *अधिकारमा पहुँच : नेपालको नयाँ संविधानमा समानता र मानव अधिकारको संरक्षण (न्यु योर्क : (एन्वाईयु कानून विभाग, २०१०)* लाई उद्धृत गर्नु पर्दछ ।

यसको अंग्रेजी संस्करण अधिकारिक संस्करण हो र यसमा सबै उद्धरण एवं अन्तर्राष्ट्रिय मानव अधिकार कानूनको बढी विस्तृत व्याख्या समावेश छ । यो www.chrgj.org मा प्राप्त गर्न सकिन्छ ।

© *एन्वाईयु कानून विभाग मानव अधिकार तथा विश्व न्याय केन्द्र*

आभार

सीएचआरजीजे यस प्रतिवदेन तयार गर्नमा निम्न व्यक्तिको काम र/वा सहयोगका लागि पूर्ण रुपेण कृतज्ञ छ :

परियोजना निर्देशक :
स्मिता नारुला, संकाय निर्देशक, मानव अधिकार तथा विश्व न्याय केन्द्र तथा अन्तर्राष्ट्रिय मानव अधिकार क्लिनीक, एन्वाइयु कानून विभाग

प्रमुख लेखक तथा अनुसन्धानकर्ता :
अन्तर्राष्ट्रिय मानव अधिकार क्लिनीक, एन्वाइयु कानून विभागको तर्फबाट मोनिका अयर, बेट्रीस लिन्डस्टर्म तथा नाथाली लरेनो, स्मिता नारुला (संकाय निर्देशक) र जो साल्जमान (क्लिनीकल संभौता प्रतिनिधि) ले अनुसन्धान र तयार गरेका हुन् ।

पूनरावलोकन, टीप्पणी र परियोजना सहयोग :
एम्ना अकबर, क्लीनक विद्वत सदस्य, अन्तर्राष्ट्रिय मानव अधिकार क्लिनीक, एन्वाइयु कानून विभाग
तीर्थ वर्मा, कार्यकारी निर्देशक, दलित गैसस महासंघ (डिएन्एफ), नेपाल
भीन्सेन्ट क्याल्डहेड
जेन हकरबी, अनुसन्धान निर्देशक,सीएचआरजीजे
सगुन लावोती
रिके नोरलिन्ड, अन्तर्राष्ट्रिय दलित एकबद्धता सञ्जाल
भीर्ली ओपनहाफेन वरीष्ट कार्यक्रम निर्देशक, सीएचआरजीजे
दुर्गा सोब, दलित महिला संगठन (फेडो)
मान बहादुर बिक, संवैधानिक संवाद केन्द्र
सुभाष दर्नाल, जागरण मिडिया सेन्टर, समता केन्द्र
बरुण घिमिरे, कानून विद्यार्थी समाज, नेपाल
डा. तारा निरौला
अनूष्का पेर्रम
हरी फुयाल, वकील तथा परामर्शदाता, अन्तर्राष्ट्रिय कानूनविद् अयोग
पुष्पा पोखरेल, एल.एल.बी., काठमाडौं कानून विद्यालय, नेपाल
आशिष सिंह प्रधान
केली रायन, सीएचआरजीजे
हिरा विश्वकर्मा, दलित अध्ययन तथा विकास केन्द्र (डिएसडिसी)
मीचेल वीलियम्स, क्लिनीक प्रशासक, आइएचआरसी

तालिका सूची

ेन्ँल्वे सौव्ँन्सभ्ँ लैर सीएच्ऋँरजेंज्वे व्तःव्द

१. पिरच्द 1

२. एद्देश्इ र क्ँईविद 1
क. एद्देश्इ 1
ख. क्ँईविद 1

३. न्ईँ सौव्ँन्मँ म्न्द ऋीध्ँरेंवे संरक्ष्ण 2
क. नैरक्त्मँ प्ुँच 3
ख. मैल्व ह्व 3
१. समानता र विभेदमुक्त अवस्थाको अधिकार 3
२. नागरिक तथा राजनीतिक अधिकार 4
३. आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकार 5
४. महिला अधिकार 6
५. बालबालिका सम्बन्धी हक 6
ग. क्ँईन्व्इन त्थँ व्ँइँत्म्व सव्ँल्हरु 7
घ. संक्टबील्त ऋीध्ँरे 7
ङ. रंज्इ संरच्त्मँ द्वील्त ऋीध्ँरेंवे क्ँईन्व्इन 8
च. सैद्वीन्व पिरभ्ँक्वे लैर सम्न्इीसीरस 8
१. अन्य अधिकारसँग हस्तक्षेप विहीनताको अवस्था 8
२. “सबै व्यक्ति” को अधिकार 9
३. कानूनी कमजोरी र शर्त 9

५. ीन्दिक्वँ 9

ेन्ँल्वे न्ईँ सौव्ँन्वे लैर प्रस्त्वँ सम्न्धी सीएच्ऋँरजेंज्वे सुभ्ँद

प्रस्त्वँ 11
प्रीम्भ 11
नैरक्त्वँ 11

मैल्व ह्व 13
सम्त्वँ र भ्वभ्ँक्तुतः ऋव्स्थ्वे ह्व 13
समानताको हक 13
“छुवाछुत” र भेदभाव विरुद्धको हक 16

नैरव त्थँ रंज्नीत्व ऋीध्ँरे 19
स्वतन्त्रताको हक 20
धार्मिक स्वतन्त्रताको हक 22
न्याय सम्बन्धी हक 24
नजरबन्द विरुद्ध हक 26
यातना विरुद्ध हक 27
आमसञ्चार सम्बन्धी हक 28
गोपनीयताको हक 29

परिवार सम्बन्धी हक 29

ऋीथ्व, समैज्व र सँस्कृीत्व ऋीध्वँर 30
वातावरण र स्वास्थ्य सम्बन्धी हक 30
शैक्षिक तथा साँस्कृतिक हक 31
रोजगार र शोषण सम्बन्धी हक 34
सामाजिक सुरक्षा सम्बन्धी हक 35
सामाजिक न्याय सम्बन्धी हक 36
खाद्य सम्बन्धी हक 37
आवास सम्बन्धी हक 37
मिह्लँ सम्ब्न्धी ह्व 38
ब्ँल्वैल्वँ सम्ब्न्धी ह्व 39
मैल्व ह्क्वें क्वँइन्व्इन 40

ीन्र्वेश्वीसद्धन्त, नीत त्थँ रज्इवें ब्वीइत्व 41

संक्टवैल्न ऋीध्वँर 41

रज्इ संरच्नँ 42
व्इव्स्थीपवँ 42
न्इँइपैल्वँ 42
रीक्ष्ट्रइ सैव्वीन्व ऋंग त्थँ ऋंइँग 43

शब्दावली

क्याट :	यातना तथा अन्य नृशंस, अमानवीय वा अपमानजनक व्यवहार वा सजाय विरुद्ध महासन्धि
क्याट समिति	यातना विरुद्ध महासन्धि सम्बन्धी संयुक्त राष्ट्र संघीय समिति
सीड :	महिला विरूद्ध हुने सबै किसिमको भेदभाव अन्त्य गर्ने महासन्धि
सीड समिति :	महिला विरुद्ध भेदभाव अन्त्य गर्ने संयुक्त राष्ट्र संघीय समिति
सर्ड समिति :	नश्लीय भेदभाव अन्त्य गर्ने संयुक्त राष्ट्र संघीय समिति
सीएचआरजीजे :	न्युयोर्क विश्वविद्यालय कानून विभागस्थित मानव अधिकार तथा विश्व न्याय केन्द्र
सीआइडि :	"नृशंस, अमानवीय वा अपमानजनक" व्यवहार वा सजाय
सीपीडि :	अपाङ्गता भएका व्यक्तिका अधिकार सम्बन्धी महासन्धि
सीआरसी :	बाल अधिकार सम्बन्धी महासन्धि
सीआरसी समिति :	बाल अधिकार सम्बन्धी संयुक्त राष्ट्र संघीय समिति
सिद्धान्त तथा निर्देशन	काम तथा वंशमा आधारित भेदभावको प्रभावकारी उन्मूलनका लागि
मस्यौदा :	संयुक्त राष्ट्र संघीय सिद्धान्त तथा निर्देशन मस्यौदा
इएससीआर :	समिति आर्थिक, सामाजिक तथा साँस्कृति अधिकार सम्बन्धी संयुक्त राष्ट्र संघीय समिति
एचआरसी :	मानव अधिकार सम्बन्धी संयुक्त राष्ट्र संघीय समिति
आइसीसीपीआर :	नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय अभिसन्धि
आइसीइआरडि :	सबै किसिमका नश्लीय भेदभाव अन्त्य गर्ने अन्तर्राष्ट्रिय महासन्धि
आइसीइएससीआर :	आर्थिक, सामाजिक तथा साँस्कृति अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय अभिसन्धि
युडिएचआर :	विश्वव्यापी मानव अधिकार घोषणापत्र

नेपालको संविधानसभाका लागि सीएचआरजीजेको वक्तव्य

१. परिचय

लामो अन्तरालको गृह युद्धलाई पछि छोडेर, नेपाल मानव अधिकार र सामाजिक न्यायको क्षेत्रमा एउटा प्रजातान्त्रिक तथा शान्तिपूर्ण देशको रुपमा अग्रसर हुन लागेको छ । प्रजातान्त्रिक संक्रमणको यो वर्तमान अवस्थाको मुख्य देन भनेको देशको लागि नयाँ संविधान नै हो जसलाई जननिर्वाचित प्रतिनिधिद्वारा गठित संविधानसभाले निर्माण गर्नेछ । नयाँ संविधान निर्माणका क्रममा संविधानसभासँग देशमा शान्ति कायम गर्ने, मानव अधिकार तथा उच्चस्तरमा नेपालको राजनीतिक, आर्थिक तथा सामाजिक विकास गर्ने अवसर प्राप्त छ । साथै, देशका हरेक नागरिकको जन्मसिद्ध मर्यादाप्रतिको प्रतिवद्धता प्रस्तुत गर्ने अवसर समेत प्राप्त गरेको छ । यी वृहत लक्ष्य हासिल गर्ने क्रममा हरेक नेपाली जनताको मानव अधिकारको संरक्षण र त्यसको पहिचान गर्नु पनि मुख्य दायित्व बनेको छ । विशेष गरि करिव दुई हजार वर्षभन्दा आगाडिदेखि प्रक्रियावद्ध भेदभाव र जातीयताको आधारमा वहिष्कृत नेपालको दलित समुदाय (तथाकथित "अछुत") हरुको वास्तविक अधिकार – अन्ततः यकिन गर्न जरुरी भइसकेको छ ।

संविधानसभाको विषयगत समितिहरुले प्रस्तुत गरेका अवधारणा पत्रहरुले नेपालको मानव अधिकारप्रतिको प्रतिवद्धता लिपीवद्ध गर्नेतर्फ महत्वपूर्ण प्रगति प्रतिविम्वित गर्दछ, तर यसमा केही अभावहरु देखिन्छन् जसको सम्बोधन हुनु पर्दछ । नयाँ संविधानमा मानव अधिकार संरक्षण थप सबल तुल्याउन न्यूर्योक विश्वविद्यालय कानून विभागस्थित मानव अधिकार तथा विश्व न्याय केन्द्र (सिएचआरजिजे) ले सारांश विवरण र तालिका सम्मिलित यो प्रतिवेदन नेपालको संविधानसभा समक्ष सम्मानपूर्वक प्रस्तुत गर्दछ छ । सिएचआरजिजेले आफ्नो विशेषज्ञता प्रयोग गर्दै यस वक्तव्य र तालिकामा दलित अधिकार संरक्षणमा विशेष जोड दिँदै, नयाँ संविधानको लागि अन्तर्राष्ट्रिय मानव अधिकार कानून अन्तरगत नेपालले दायित्वसम्वद्ध प्रस्तावहरु निर्क्योल गर्दछ ।

२. उद्देश्य र कार्यविधि

क. उद्देश्य

संविधानसभा विषयगत समिति अवधारणापत्रको सान्दर्भिक प्रस्तावहरु विश्लेषण गरेर, दलित अधिकार संरक्षण र नेपालको मानव अधिकार दायित्व पूर्ति गर्न प्रस्तावित प्रावधानको प्रभावकारीता कसरी अभिवृद्धि गर्ने भनेर लिखत र तालिकाले स्पष्ट पहिचान गर्दछ ।

यो लिखतले अन्तर्राष्ट्रिय मानव अधिकार कानून अर्न्तगत नेपालको दायित्व संक्षिप्त स्वरुपमा र दलित अधिकारको लागि संविधानसभाको ध्यान आवश्यक पर्ने उल्लेख्य सवालको वृतान्त प्रस्तुत गर्दछ । लिखतले विभिन्न क्षेत्रमा सुनिश्चित वस्तुगत अधिकारमा जोड दिँदै त्यस्ता अधिकारको कार्यान्वयन सुधार सम्बन्धी छलफल गर्दछ । विषयगत समितिहरुले हाल प्रस्ताव गरेको भाषाले सम्बोधन नगरेको मानव अधिकारसम्वद्ध केही महत्वपूर्ण सवाल पहिचान गर्दै यो लिखत अन्त्य हुन्छ ।

यो लिखत प्रस्तुत तालिका सहित अध्ययन गर्नु पर्दछ । तालिकाले विषयगत समितिले प्रस्ताव गरेको निश्चित प्रावधानहरु विश्लेषण गर्दछ । त्यस्ता प्रस्तावहरु अन्तर्राष्ट्रिय मानव अधिकार कानूनको सन्दर्भमा संविधानसभा सदस्यहरुलाई मूल्याङ्कनका लागि श्रोत उपलब्ध गराउन, पक्षधर राष्ट्रको हैसियतमा विभिन्न अन्तर्राष्ट्रिय मानव अधिकार सन्धीबाट सूचित भएर तालिकाले विस्तृत सुझावहरु पेश गर्दछ ।

ख. कार्यविधि

यो लिखत समयभित्र बुझाउन निश्चित गर्नका लागि हाम्रो विश्लेषण विषयगत समितिले कार्तिक २०, २०६६ मा प्रस्तुत गरेको अवधारणा पत्रको सान्दर्भिक व्यवस्थाको पुनरावलोकनमा आधारित छ । हाम्रो विश्लेषण नेपाल पक्षधर रहेको अन्तर्राष्ट्रिय मानव अधिकार सन्धिहरुको सुक्ष्म पूनरावलोकनमा आधारित छ । यी सन्धीहरुले सद्भाव, सम्मान, संरक्षणका साथ अन्तरनिहीत

अधिकार पूर्तिका लागि अनिवार्य दायित्व सिर्जना गर्दछ । यी मध्ये महत्वपूर्ण भनेको प्रत्यक्ष एवं अप्रत्यक्ष भेदभावबाट मुक्त रहने र औपचारिक एवं निश्चित समानताको अधिकार हो ।

सन्धीमा उल्लेखित दायित्वको अतिरिक्त, संयुक्त राष्ट्र संघीय मानव अधिकार परिषद्द्वारा हालै प्रकाशित काम तथा वंशमा आधारित भेदभावको प्रभावकारी उन्मूलनका लागि संयुक्त राष्ट्र संघीय सिद्धान्त तथा निर्देशन मस्यौदाप्रति समर्थन व्यक्त गरेर नेपालले भर्खरै जातीय भेदभावको अन्त्य गर्ने प्रतिवद्धता पूर्नपुष्टि गरेको छ । बाध्यात्मक नभए पनि, यो दस्तावेज, नेपाल सरकारबाट मान्यता प्राप्त "जातीय भेदभाव सम्बोधन गर्न माध्यम तथा सामाग्री निर्माण गर्ने सही आधार" र "नेपाली समाजबाट यो पिडा निर्मूल" गर्न "लाभदायिक यन्त्र" हो । त्यसकारण, जहाँ सान्दर्भिक हुन्छ, त्यहाँ हाम्रो विश्लेषणले सिद्धान्त तथा निर्देशन दस्तावेजको सन्दर्भ पनि प्रस्तुत गर्दछ ।

नेपालको अन्तर्राष्ट्रिय मानव अधिकार कानून अन्तर्गत सबै निर्णय प्रक्रियामा सीमान्तकृत तथा प्रभावित समुदायको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्न, संविधानसभाले दलितलगायत नेपालका सीमान्तकृत समुदायसँग परामर्श गरेर सक्रियतासाथ नयाँ संविधानमा सहयोग र सुझाव समावेश गर्नु पर्दछ । दलित समुदाय भित्रका सीमान्तकृत दलित महिला तथा "तल्लो" दलित जातको सरोकार एवं आवश्यकतामा विशेष ध्यान केन्द्रीत गर्नु पर्दछ ।

हाम्रो विश्लेषण आंशिक रुपमा सीएचआरजीजेले यस अघि जारी गरेको : *न्यायको पूनर्व्याख्या : नेपालको नयाँ संविधानमा दलित अधिकारको संरक्षण"* – जो हामीले वैशाख २०६५ मा जारी गर्‍यौं, यसले नेपालको अन्तरिम संविधानमा संरक्षित मानव अधिकारको विश्लेषण गरेको छ – र हाम्रो *नयाँ संविधानमा दलित अधिकार संरक्षित गर्न हाम्रो संयुक्त वक्तव्य* – जो हामीले अन्तर्राष्ट्रिय दलित एक्येवद्धता सञ्जाल (आईडिएसएन) र दलित गैसस महासंघ (डिएनएफ) को संयुक्त पहलमा फागुन २०६५ मा जारी गर्‍यौं । हाम्रो सिफारिस दलित अधिकार समुहद्धारा प्रस्तुत सिफारिस एवं विश्लेषणबाट पनि सूचित छ ।

आजको मितिसम्म हामीले नेपालमा गरेको सबै प्रयत्न, नेपाली दलित अधिकार अधिवक्ता समीपमा रहेर तिनका विज्ञता र अनुभवबाट सूचित रहेका छौं । हामीले नेपालको कानूनी तथा प्राज्ञिक समुदायको सहयोग र अन्तर्राष्ट्रिय कानुत तथा संवैधानिक ज्ञाताका अनुभव पनि अनुसरण गरेका छौं ।

३. नयाँ संविधानमा मानव अधिकारको संरक्षण

नेपालको जातीय प्रथाले नेपाली समाजमा निश्चित स्थान ओगटेको छ । जातीय विभेद र "छुवाछुत" प्रथाले दलितका नियमित शोषण एवं अवहेलना भएको छ । सरकारी तथा नीजि दुवै क्षेत्रका पात्रहरुबाट दलितमाथि चरम शोषण, विभेद र हिंसा भएको छ । "उपल्लो जात" का समुदायका सदस्यले विशेषगरी दलितलाई विभेदपूर्ण अवस्थामा बाँच्न बाध्य तुल्याउँछन्; सार्वजनिक स्थानहरुमा प्रवेश निषेध गर्दछन्; खाद्य, पानी र जमीनको पहुँचमा बन्देज लगाउँछन्; र "उपल्लो" जातिका लागि "परम्परागत रुपमा असुद्ध" जातमा आधारित पेशा बलजफती अवलम्बन गर्न लगाउँछन् । यस्तो अवाञ्छित सामाजिक व्यवस्था नमान्ने प्रयत्न प्रतिकारात्मक हिंसा तथा सामाजिक बहिष्कारका पात्र हुन्छन् र राज्य तह प्रायसः यस्ता कार्य रोक्न वा दण्डित गर्न असमर्थ रहन्छ । यसको अतिरिक्त नेपालका दलित समुदायका महिला तथा केटीहरु जातीय एवं लैङ्गिक विभेद दुवैको परस्पर मार खेप्छन्, शोषण र हिंसा सहन गर्दछन् र नियमित तवरमा दैनिक आवश्यकता परिपूर्ति गर्नबाट वञ्चित तुल्याइन्छन् । दलित महिलाका साथसाथै – देशको दक्षिणी भूभागमा बसोबास गर्ने गाइने, वादी, मधेशी दलित – जस्ता दलित समुदायहरु थप वहिष्करण र सिमान्तीकरणका भागीदार हुन्छन् ।

संविधान लेखनले नेपाललाई जातीय भेदभाव सम्बोधन गर्ने र समानता एवं मानव अधिकार प्रतिको प्रतिवद्धता सम्मान गर्ने महत्वपूर्ण अवसर प्रदान गरेको छ । देशको सबैभन्दा महत्वपूर्ण कानूनी दस्तावेजको रुपमा, कानूनी दायित्व पूरा गरेर दलित अधिकार सुनिश्चित गर्न संविधान नेपालको लागि महत्वपूर्ण सुरुवातको बाटो हुन सक्दछ । यो भागले नेपालको दलित अधिकार एवं मानव अधिकार सुनिश्चितताको आम दायित्वका सम्बन्धमा अवधारणा पत्रका मूल प्रस्तावना छलफल गर्दछ । यसले प्रत्येक क्षेत्रको नेपालको अन्तर्राष्ट्रिय मानव अधिकार कानून दायित्व संक्षेपमा प्रस्तुत गर्दछ र संविधानमा समेट्नु पर्ने संरक्षणका बुँदाहरु उजागर गर्दछ । अझ पूर्ण रुपमा अवधारण पत्रमा हरेक सान्दर्भिक प्रस्तावित भाषाको विश्लेषण यस पछिका तालिकामा पाइन्छ ।

अपाङ्गता भएका व्यक्तिका अधिकार सम्बन्धी महासन्धि नेपालले अनुमोदन सीएचआरजी प्रशंसा गर्दछ । प्रतिवेदनको विश्लेषणको लागि ख्यालमा नलिए पनि केन्द्रले नेपाललाई महासन्धिको दायित्व संविधानमा कार्यान्वयन गर्न आह्वान गर्दछ । बलजफती वेपत्ता पारिनुबाट सुरक्षित रहने सबै व्यक्तिको अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि तथा आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय अभिसन्धीको वैकल्पिक प्रोटोकोललगायत अन्य मानव अधिकार सन्धि अनुमोदन गर्न सीएचआरजीजे नेपाललाई आह्वान गर्दछ ।

क. नागरिकतामा पहुँच

नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय अभिसन्धि (आइसीसीपीआर), महिला विरूद्ध हुने सबै किसिमको भेदभाव अन्त्य गर्ने महासन्धि (सीड), बाल अधिकार सम्बन्धी महासन्धि (सीआरसी), सबै किसिमका नश्लीय भेदभाव अन्त्य गर्ने अन्तर्राष्ट्रिय महासन्धि (आइसीइआरडि) का प्रस्तावनाका अनुकूल नेपालले नागरिकताको पहुँच भेदभादमुक्त अवस्था सुनिश्चित गर्नुपर्दछ । यस दायित्वको सम्मानमा नयाँ संविधानमा देहाय बमोजिमको भाषा समावेश हुनु पर्दछ :

- नेपाली पुरुषको विदेशी पत्नीलाई जस्तै नेपाली महिलाको विदेशी पतिलाई समान रुपमा नागरिकता प्राप्त गर्न दिनु पर्दछ ।
- आमा वा बाबुमध्ये जो नेपाली भए पनि बालबालिकालाई नागरिकताका प्राप्त गर्न योग्य योग्य मान्नु पर्दछ ।

नागरिकता प्रमाणपत्रका लागि निर्मित सम्बन्धित कानूनले दलितलाई बहिष्करणको प्रभावमा पार्दैन भनेर नेपालले कानूनी सुनिश्चितता गर्नुपर्दछ । उदाहरणको लागि, धनीपूर्जाको प्रमाणको आवश्यकताले धेरै दलित नागरिकता प्रमाणपत्र प्राप्त गर्नबाट वञ्चित हुनु परेको छ । अन्तर्राष्ट्रिय मानव अधिकार कानूनले विभेदजन्य कानून प्रतिबन्ध गर्दछ ।

ख. मौलिक हक

१. समानता र विभेदमुक्त अवस्थाको अधिकार

समानता र विभेदमुक्त अवस्थाको अधिकार अन्तर्राष्ट्रिय मानव अधिकार कानूनको आधारभूत सिद्धान्त हो । नेपालले औपचारिक एवं बस्तुगत समानता र प्रत्यक्ष एवं अप्रत्यक्ष विभेद दुवैको प्रतिवन्ध सुनिश्चित गर्नु पर्दछ । कुनै नीति वा व्यवस्थाले निश्चित समूहमाथि भेदभाव गर्ने उद्देश्य राखेमा प्रत्यक्ष भेदभाव हुन्छ; कुनै नीति वा व्यवस्था सतहमा निष्पक्ष देखिए पनि कुनै समूहमाथि असमान प्रभाव पारेमा अप्रत्यक्ष भेदभाव हुन्छ । नेपाल पक्षधर भएको मानव अधिकार सन्धि अनुकूल, नश्ल, रंग, वंश (जात सहित), जन्म, राष्ट्रिय, जातीय वा सामाजिक उत्पत्ति, राष्ट्रियता, धर्म, राजनीतिक वा अन्य विचार, भाषा, सम्पत्ति, आर्थिक अवस्था, लिङ्ग, यौनिक अभिमुखीकरण, लैङ्गिक पहिचान, गर्भावस्था, मातृत्व, वैवाहिक स्थिति, उमेर, अपाङ्गता, स्वास्थ्य स्थिति, आवास वा अन्य अवस्था जस्ता कुनै पनि आधारमा नेपालले कुनै पनि नीतिद्वारा भेदभाव नगर्ने वा प्रभाव नपार्ने सुनिश्चित गर्नु पर्दछ ।

नश्लीय भेदभाव अन्त्य गर्ने संयुक्त राष्ट्र संघीय समिति (सर्ड समिति) ले "वंश" को आधारमा गरिने भेदभावमा जातको आधारमा गरिने भेदभाव समेत प्रतिवन्धित रहेको स्पष्ट गरेको छ । सन्धिका अनुसार राज्यहरुले राज्यका अधिकारी र निकाय एवं नीजी क्षेत्रबाट हुने भेदभाव रोकथाम गर्न कदम चाल्नु पर्दछ र प्रतिबन्ध गर्नु पर्दछ ।

यी दायित्वका सन्दर्भमा नयाँ संविधानमा :

- अन्तर्राष्ट्रिय मानव अधिकार कानून अनुसार माथि उल्लेखित सबै आधारमा भेदभाव गर्न पाइदैन ।
- "वा अन्य अवस्था" जस्ता भाषा थपेर भेदभाव प्रतिबन्ध हुने आधारको सूची परिवर्तनीय बनाउनु पर्दछ ।
- सुनिश्चितता "सबै व्यक्ति" मा लागू हुन्छ भनेर गैरनागरिक सम्ममा भेदभाव विरुद्धको संरक्षण सुनिश्चित गर्नु पर्दछ ।

बस्तुगत समानता थप सुनिश्चित गर्न नयाँ संविधानले "विशेष व्यवस्था" को पहिचान र उपलब्ध गर्नु पर्दछ, जो मानव अधिकार कानून अन्तर्गत, निरन्तर, संरचनागत एवं ऐतिहासिक असमानताका कारण केही समूहले अनुभव गर्ने गरेको जन्मसिद्ध पछौटेपन सम्बोधन गर्न एवं मानव अधिकारको पूर्ण उपभोग सुनिश्चित गर्न दुबैमा प्रयोग हुनु सक्दछ । "विशेष व्यवस्था उपयुक्त निकास दिने अवस्था अनुकूल, प्रजातान्त्रिक समाजमा आवश्यक, न्याय एवं समानुपातिकका सिद्धान्तको सम्मान गर्ने, र अस्थायी

हुनु पर्दछ ।" विशेष व्यवस्थाका प्रावधान वास्तविक तथा समायोजित तथ्याङ्कमा आधारित हुनुपर्दछ, जसमा सही जनगणाना समेटेको हुन्छ । अन्य जात प्रभावित मुलुक र नेपालको अनुभवले देखाएको जस्तै विशेष व्यवस्था अधिकार सुनिश्चितामा प्रभाव पार्न महत्वपूर्ण हुन्छ । त्यसैले महत्वपूर्ण माध्यमको रुपमा बस्तुगत समानता सुनिश्चित गर्ने नेपालको दायित्व अनुरुप संविधानमा विशेष व्यवस्था लागू गर्न संविधानसभालाई सीएचआरजीजे आह्वान गर्दछ । तिनका उत्पीडिनको र वञ्चितिकरण इतिहासका कारण दलितका लागि विशेष व्यवस्था विशेषतः महत्वपूर्ण रहन्छ । विशेष व्यवस्थाले पिछडिएका समूहका महिलाले बहन गरे जस्तो विभिन्न प्रकारको भेदभाव सम्बोधन गर्नु पर्दछ ।

यी दायित्वका सन्दर्भमा नयाँ संविधानले :

- विभिन्न प्रकारको भेदभावलाई मध्यनजर गरेर पिछडिएका समूहका सदस्यले बस्तुगत समानता र मानव अधिकारको पूर्ण उपभोग गर्न पाउन् भनेर विशेष व्यवस्था प्रदान गर्नु पर्दछ ।

नेपाली समाजमा जातीय भेदभावको उपस्थिति र गहिरो पकडका कारण, जातीय भेदभाव र "छुवाछुत" को प्रतिबन्धको लागि निश्चित रुपमा दलित अधिकार सम्बोधन गर्न संवैधानिक प्रावधान महत्वपूर्ण रहन्छ । आइसीइआरडी अनुकूल, नेपालले जातीय विभेद भर्त्सना गर्दै प्रत्यक्ष, अप्रत्यक्ष सबै भेदभाव अन्त्य गर्न सबै उपयुक्त अवलम्बन गर्नु पर्दछ; दलित तथा अन्य सीमान्तकृत समूहको बस्तुगत समानता सुनिश्चित गर्न; जातीय विभेद रोकथाम, प्रतिबन्ध र उन्मुलन गर्न; जातीय विभेद बढावा दिने दुष्प्रचार उन्मुलन गर्न; नागरिक, राजनीतिक, आर्थिक, सामाजिक एवं साँस्कृतिक अधिकार उपभोगमा जातीय भेदभाव अन्त्य गर्न, जातीय भेदभाव विरुद्ध प्रभावकारी संरक्षण एवं निकास सुनिश्चित गर्न; र जातीय पूर्वाग्रहका हकमा उपयुक्त शैक्षिक उपायहरु बस्तुगत समानताका लागि "विशेष व्यवस्था" अवलम्बन गर्नु पर्दछ ।

यी दायित्वका हकमा, नयाँ संविधानले :

- "छुवाछुत" र जातीय भेदभाव निश्चित रुपमा प्रतिवन्ध लगाउनु पर्दछ ।
- यो प्रतिबन्धको उल्लंघन कानूनद्वारा दण्डनीय हुन्छ र पिडित पक्ष उचित क्षतिपूर्तिका हकदार हुन्छन् भनेर स्पष्ट गर्नु पर्दछ ।
- मठमन्दिरलगायत सार्वजनिक स्थान र सेवामा समान पहुँच सुनिश्चित एवं जातीय विभेद प्रतिबन्धित गर्नु पर्दछ ।
- जातमा आधारित पेशामा निश्चित प्रतिबन्ध समावेश गर्नु पर्दछ ।
- उच्च र नीच जातको विचार प्रवाह विरुद्ध व्यवस्था लागू गर्नु पर्दछ ।

यसको अतिरिक्त संविधानमा संरक्षित सबै अधिकार भेदभावमुक्त तवरमा सुनिश्चित एवं लागू हुन्छ भनेर नेपालले सुनिश्चित गर्नु पर्दछ ।

२. नागरिक तथा राजनीतिक अधिकार

नेपाल पक्षधर रहेको मानव अधिकार सन्धिले दलितमाथि हुने नागरिक तथा राजनीतिक अधिकार उल्लंघन स्पष्ट प्रतिबन्ध गरेको छ । यसको प्रावधान अनुसार, आइसीसीपीआरले "भूभाग र क्षेत्राधिकारभित्र सबै व्यक्तिको" अभिसन्धिले संरक्षण गरेको अधिकार सम्मान र सुनिश्चित गर्न राज्य पक्षको आवश्यकता ठहर्छ । त्यसैले "अभिसन्धिको आम नियम भनेको नागरिक र विदेशीबीच बिना भेदभाव प्रत्येक अधिकार सुनिश्चित गर्नु पर्दछ ।"

आइसीसीपीआरले प्रतिबन्ध गर्दछ : बाँच्न पाउने अधिकारको स्वेच्छाचारी अवरोध; नृशंस, अमानवीय वा अपमानजनक व्यवहार वा सजाय (सीआइडि); दासत्व, सेवा र बाध्यात्मक वा अनिवार्य श्रम; गोपनीयता, परिवार वा पत्राचारमा स्वेच्छाचारी हस्तक्षेप; र मर्यादा र छविमा अवैधानिक आक्रमण । आइसीसीपीआर अन्तर्गत, विभिन्न बन्दी अवस्थामा रहेका सबै व्यक्तिका अधिकार सुनिश्चित गर्न नेपाल अनुग्रहित रहन्छ । त्यसको अतिरिक्त, आइसीसीपीआरले नेपाललाई सुनिच्शित गर्न निम्न म्याण्डेट दिन्छ : विचार र अभिव्यक्तिको स्वतन्त्रता; सभा सम्मेलनको स्वतन्त्रता; विवाह गर्न उपयुक्त उमेर भएका पुरुष तथा महिलाले स्वतन्त्रतापूर्वक विवाह गर्ने अधिकार; प्रत्यक्ष वा स्वतन्त्रतापूवृक निर्वाचित प्रतिनिधिमार्फत सार्वजनिक जीवनमा सहभागी हुने अधिकार; मतदान गर्ने अधिकार; सँस्कृति उपभोग गर्ने तथा स्वतन्त्रतापूर्वक धर्म मान्ने; र नेपालमा आवजावत र आवासको अधिकार ।

यी दायित्वका सन्दर्भमा, नयाँ संविधानले आइसीसीपीआरमा सूचीकृत *सबै* अधिकार र स्वतन्त्रता सम्मान गर्नु पर्दछ । समस्याको रुपमा, सीएचआरजीजेले पूनरावलोकन गरेको विषयगत समितिको प्रस्तावमा नागरिक तथा राजनीतिक अधिकार एवं स्वतन्त्रता सम्पूर्ण छुटेको छ । संविधानसभाले नयाँ संविधानमा निम्न अधिकार समावेश गर्ने सुनिश्चित गर्नु पर्दछ ।

- विवेकको स्वतन्त्रताको अधिकार ।
- संगठित हुने स्वतन्त्रताको अधिकार ।
- सार्वजनिक जीवनमा सहभागी हुन पाउने नागरिक अधिकार ।
- प्रभावकारी निकासको अधिकार ।

यसको अतिरिक्त नयाँ संविधानले :

- नागरिक मात्र नभएर "सबै व्यक्ति" को अधिकार नागरिक तथा राजनीतिक अधिकार तथा स्वतन्त्रता सुनिश्चित गर्नु पर्दछ ।
- आइसीसीपीआर अन्तरगत लागू भएका नागरिक तथा राजनीतिक अधिकारमा प्रतिबन्ध सीमित गर्नु पर्दछ ।
- निम्न अधिकार संरक्षण गर्ने : धार्मिक स्वतन्त्रता; अभिव्यक्तिका स्वतन्त्रता; र र मर्यादा र छविमा अवैधानिक आक्रमण समेत गोपनीयता, परिवार वा पत्राचारमा स्वेच्छाचारी हस्तक्षेप गर्दछ ।
- स्वेच्छाचारी पक्राउ तथा नियन्त्रण प्रतिबन्ध गर्ने र स्वतन्त्रता वञ्चित भएका सबैको समयमै थुनाको आधार जानकारी पाउने, कानूनी सहायताका साथ सक्षम, निष्पक्ष तथा स्वतन्त्र अदालतमा थुनाको चुनौति गर्ने र गलत थुनाको हकमा रिहाई र क्षतिपूर्ति ।
- नजरबन्दको व्यवस्था अस्वीकार गर्दछ ।
- निवारक नजबन्द प्रतिबन्ध गर्दछ ।
- अपराधको अभियोग लागेको सबैलाई आइसीसीपीआरमा उल्लेख अधिकार प्रदान गर्नु पर्दछ ।
- यातना र सीआइडि व्यवहार वा सजायको परिभाषा परम्परागत हिरासत थुनाभन्दा भिन्न हुन्छ भनेर स्पष्ट गर्दछ ।
- मिलीभगत वा यातना वा सीआइडि व्यवहारमा वा सजायमा सहभागितालगायत यातना र सीआइडि व्यवहार वा सजायको सबै कार्य तिनको गम्भीरता विचार गरेर, नीजी पात्रबाट दलित महिला विरुद्ध लैङ्गिक भेदभावलगायत नेपालको दलित जनसंख्या विरुद्धको व्यापक यातना वा सीआइडि व्यवहार वा सजाय अन्त्य गर्न, उचित जरीवाना सहित दण्डनीय हुने व्यवस्था प्रदान गर्दछ ।
- उमेर भएका पुरुष तथा महिलाले स्वतन्त्रतापूर्वक अन्तरजातीय विवाहलगायत विवाह गर्ने अधिकार ।

३. आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकार

जातीय भेदभाव र "छुवाछुत" प्रथालाई दलितको आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकार उल्लंघन गर्न प्रयोग गरिएको छ जसकारण दलित समुदाय चरम गरिबी र अभावको मारमा छन् । आर्थिक, सामाजिक तथा साँस्कृति अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय अभिसन्धि (आइसीइएससीआर) मा समावेश अधिकार प्रगतिशिल रुपमा पालना गर्नु नेपालको दायित्व हो । आइसीइससीआरले "प्रगतिशील कार्यान्वयन' को मार्ग प्रसस्त गर्दछ भने नेपालको : भेदभावमुक्त अवस्थामा आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकार सुनिश्चित गर्ने; र यी अधिकार सार्थक तुल्याउनेतर्फ आवश्यक कदम चाल्ने नेपालको तत्काल दायित्व हो ।

आइसीइएससीआर अन्तरगत नेपालको दायित्वको हकमा नयाँ संविधानले :

- पर्याप्त खाद्यान्य, कपडा, आवास र जीवनशैलीको निरन्तर सुधारलगायत सबैको पर्याप्त जीवनस्तरप्रतिको अधिकार सुनिश्चित गर्नु पर्दछ ।
- सुरक्षित तथा पेययुक्त पानी एवं पर्याप्त स्वास्थ्य सेवा जस्ता अन्तरनिहित स्वास्थ्य प्रभावमा पहुँचलगायत उच्चतम प्राप्य भौतिक तथा मानसिक स्वास्थ्य मापदण्ड उपभोग गर्ने सबैको अधिकार सुनिश्चित गर्ने ।
- सबैको लागि निःशुल्क तथा अनिवार्य प्राथमिक शिक्षा उपलब्ध गराउने र प्रगतिशील निःशुल्क माध्यमिक तथा उच्चस्तरीय शिक्षाको परिचय दिने ।
- साँस्कृतिक जीवनमा सहभागी हुने सबै व्यक्तिको अधिकार संरक्षण गर्ने ।

- कला, साहित्य एवं वैज्ञानिक सिर्जनाबाट प्रेरित सबै व्यक्तिको नैतिक तथा भौतिक स्वार्थ संरक्षण प्रतिको अधिकार सुनिश्चित गर्नु पर्दछ ।
- दासत्व तथा अन्य प्रकारका बाध्यात्मक वा अनिवार्य श्रम प्रतिबन्ध गर्नु पर्दछ ।
- काम गर्ने, स्वतन्त्रपूर्वक रोजगारी चुन्ने वा स्वीकार गर्ने, न्यायोचित तथा उपयुक्त काम गर्ने वातावरण एवं ट्रेड युनियनमा सहभागी हुने सबै व्यक्तिको अधिकार सुनिश्चित गर्ने ।
- सबैको सामाजिक बीमालगायत पर्याप्त सामाजिक सुरक्षा प्रतिको अधिकार सनिश्चित गर्ने ।

आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारका हकमा नेपालले भेदभावमुक्त एवं बस्तुगत समानता सुनिश्चित गर्नु पर्दछ र दुबैको सुनिश्चितताका लागि विशेष व्यवस्था अवलम्बन गर्न सक्दछ । उदाहरणको लागि, नेपालले शैक्षिक सामाग्रीबाट दलित सान्दर्भिक भेदभावपूर्ण वस्तु हटाउनु पर्दछ र महिला, दलित एवं परम्परागत रुपमा पिछडिएका अन्य समूहको उच्चस्तरीय शिक्षामा पहुँचका लागि विशेष व्यवस्था अवलम्बन गर्नु पर्दछ । रोजगारको पहुँचबाट दलित तथा सुनियोजित रुपमा पिछडिएका अन्य समूहका लागि नेपालले रोजगार तालिम कार्यक्रम कार्यान्वयन अवलम्बन गर्नु पर्दछ ।

४. महिला अधिकार

नेपालमा दलित महिला तथा बालिकाले जात र लैङ्गिक दुबै प्रकारको भेदभाव बहन गर्दछन्, जसको प्रतिफल, अधिकार संरक्षणबाट थप वञ्चित हुन्छन् । महिला विरुद्ध भेदभाव अन्त्य गर्न र महिलाको बस्तुगत समानता सुनिश्चित गर्न नेपाल सबै उपयुक्त व्यवस्था अंगीकार गर्न दायित्वमा बाँधिएको छ । यी दायित्व महिलाको राजनीतिमा सहभागिता, शिक्षामा पहुँच, रोजगारीमा समानता, र स्वास्थ्य सेवा तथा अन्य आर्थिक एवं सामाजिक लाभसम्म लागू हुन्छ । महिला मौलिक अधिकार पूर्ण उपभोग सँस्कृति एवं परम्पराका आधारमा सीमित गर्न नसकिने र नेपालका ग्रामीण महिलाले बहन गरेको विशिष्ट चुनौति तथा भेदभावका सम्बन्धमा विशेष ध्यान केन्द्रीत गर्नु पर्ने सीडले निश्चित गर्दछ ।

यी दायित्वका हकमा, नयाँ संविधानमा प्रस्तावित "महिला अधिकार" प्रावधानले :

- एक लिङ्ग अर्कोभन्दा उच वा निच हुन्छ भन्ने साँच अनुकूल लिङ्गको आधारमा हुने पूर्वाग्रह, प्रथा र छवि उन्मुलन गर्न, पुरुष तथा महिलाको सामाजिक एवं साँस्कृतिक आचरण परिवर्तन गर्न सबै उपयुक्त व्यवस्था उपलब्ध गर्दछ ।
- पैतृक अधिकार एवं दायित्व, परिवार नियोजन, बालबालिका सँगको सम्बन्ध, घरजग्गा तथा आर्थिक सम्पत्ति, विवाह गर्ने, विवाहको अन्त्य गर्ने पुरुष तथा महिलाको समान अधिकारलगायत पारिवारीक सम्बन्धका निश्चित अधिकार समावेश गर्नु पर्दछ ।
- विभिन्न प्रकारका भेदभाव बहन गरेका सीमान्तकृत समूहका महिलामाथि विशेष ध्यान केन्द्रीत गरेर महिला मानव अधिकारको पूर्ण उपभोग तथा बस्तुगत समानता प्राप्तिको सहयोगमा विशेष व्यवस्था व्यवस्था प्रदान गर्दछ ।
- लिङ्गको आधारमा भेदभाव प्रतिबन्ध गर्ने र समानता सुनिश्चित गर्दछ ।

५. बालबालिका सम्बन्धी हक

नेपालमा दलित बालबालिकाहरु अनुपयुक्त काम गर्ने अवस्थाको जोखिममा हुन्छन्, सशस्त्र द्वन्द्वमा भर्ती हुन्छन् र शिक्षा एवं स्वास्थ्य जस्ता आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारको पहुँचबाट विमुख हुन्छन् । सीआरसी अनुकूल, बालबालिकाको हित, भौतिक वा मानसिक वा आध्यात्मिक, नैतिक वा सामाजिक विकास जोखिममा पार्ने कुनै पनि कामबाट बालबालिका संरक्षित हुन्छन् र बाल अधिकार सम्बन्धी सबै कार्यमा प्राथमिक चासो भनेकै बालबालिकाको हित हो भनेर नयाँ संविधानले स्पष्ट गर्नु पर्दछ । नेपालले प्रत्येक बालबालिकाको राष्ट्रियताप्रतिको अधिकार संरक्षित गर्नु पर्दछ । सशस्त्र द्वन्द्वमा बालबालिकाको सहभागिता सम्बन्धमा सीआरसीको वैकल्पिक प्रोटोकल अनुकूल, बालबालिका सशस्त्र द्वन्द्वमा सहभागी हुनबाट रोक्न र द्वन्द्वको मारमा परेका बालबालिकाको भौतिक तथा मनोवैज्ञानिक पूनर्ताजगी र सामाजिक पूनर्स्थापना प्रवर्द्धन गर्न नेपालले संभाव्य व्यवस्था अनुसरण गर्न आवश्यक पर्दछ । सबै अधिकारमा जस्तै, बालबालिकाको अधिकार उपभोग भेदभावले सीमित गर्दैन भनेर नेपालले सुनिश्चित गर्नु पर्दछ ।

यी अधिकारका सन्दर्भमा नयाँ संविधानको प्रस्तावित "बाल अधिकार सम्बन्धी हक" को प्रावधानले :

- बालकालिकाको हित, भौतिक वा मानसिक स्वास्थ्य वा आध्यात्मिक, नैतिक वा सामाजिक विकास जोखिममा पार्ने कुनै पनि काम सेवा प्रदान गर्नबाट बालबालिकाको संरक्षण गर्नु पर्दछ ।
- बाल अधिकार सम्बन्धी सबै कार्यमा प्राथमिक चासो नै बालबालिकाको उच्चतम हित हो भनेर निश्चित गर्नु पर्दछ ।
- बालबालिलाई प्रभाव पार्ने सबै सवालमा, विशेष गरेर परिवार, विद्यालय र तिनका समुदायका सबै तहमा बालबालिकाले आफ्नो कुरा राख्न पाउने निश्चित गर्नु पर्दछ ।

दलित बालबालिका अधिकार उल्लंघनको विशेष जोखिममा हुन्छन् भन्ने तथ्य पहिचान र सम्बोधन गर्न नेपालले अतिरिक्त व्यवस्था अनुसरण गर्नु पर्दछ ।

ग. कार्यान्वयन तथा बाध्यात्मक सवालहरु

अन्तर्राष्ट्रिय मानव अधिकार कानूनले मानव अधिकार उल्लंघनका हकमा प्रभावकारी उपचार सुनिश्चित गरेको छ । यस्तो सुनिश्चितता नेपालका दलित र जातबाट प्रभावित अन्य मुलुकको सन्दर्भमा महत्वपूर्ण हुन्छ जहाँ सबल कार्यान्वयन संयत्रको अभावमा कागजी प्रतिवद्धता अपर्याप्त रहन्छ भन्ने देखिन्छ । प्रभावकारी उपचारको हकको अभावमा संविधानमा उल्लेखित अन्य अधिकार निरर्थक हुन्छ । प्रभावकारी उपचारको हक सम्बन्धी केवल एक मात्र प्रस्तावनाले – मौलिक अधिकारको कार्यान्वयन सम्बन्धी मौलिक अधिकार तथा निर्देशक सिद्धान्त समितिको प्रस्तावित प्रावधान – अधिकार उल्लंघनको हकमा सबै व्यक्तिलाई प्रभावकारी उपचार प्रदान गर्ने अन्तर्राष्ट्रिय मानव अधिकार कानून अन्तरगत नेपालको दायित्व अनुसरण गर्न सक्दैन ।

अन्तर्राष्ट्रिय मानव अधिकार कानून अन्तरगत नेपालको दायित्व अनुरुप, नयाँ संविधानको "मौलिक अधिकार कार्यान्वयन सम्बन्धी हक" को प्रावधानले :

- आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारलगायत सबै मौलिक अधिकार पूर्ण रुपमा अदालती कारवाही हुन सक्ने स्पष्ट गर्दछ ।
- सरकारलाई संविधानमा सुनिश्चित हक कार्यान्वयन गर्न दिलासुस्ती गर्न दिने भाषा प्रयोग गर्नबाट वञ्चित गर्नु पर्दछ ।
- आफ्नो अधिकार कार्यान्वयन गर्न सबै व्यक्तिलाई स्वतन्त्र र सक्षम अदालतमा अपिल गर्ने स्पष्ट अधिकार प्रदान गरेर उपचारको हक प्रदान गर्नु पर्दछ ।
- आफ्नो क्षेत्राधिकार भित्र भएको उल्लंघनको हकमा उपचार प्रदान गर्न सबै तहको अदालत सक्षम, स्वतन्त्र तथा निष्पक्ष एवं सबल छ भनेर सुनिश्चित गर्दछ ।

घ. संकटकालिन अधिकार

विगतका संकटकाल घोषणाले नेपालमा मानव अधिकार उल्लंघन नाटकीय रुपमा अभिवृद्धि गरेको छ, विशेष गरेर दलित एवं सीमान्तकृत समुदायको विरुद्धमा । अन्तर्राष्ट्रिय मानव अधिकार कानूनले राज्यले संकटकाल घोषणा गर्न सक्ने अवस्था निश्चित रुपमा सीमित गरिदिएको र यस अवस्थामा पनि विभिन्न हक संरक्षित हुनु पर्ने तोकि दिएको छ । राष्ट्रिय हितको संरक्षण समितिले प्रस्ताव गरेको "संकटकालिन अधिकार" प्रावधानले आइसीसीपीआरका सबै आवश्यकता अनुपालन गर्दैन ।

- सरकारले संकटकाल घोषणा गर्न सक्ने अवस्था निश्चित रुपमा परिभाषा गरेको छ, ता कि यो राष्ट्रिय जीवन जोखिममा परेको अति नै कठिन अवस्थाको प्रतिक्रियामा मात्र घोषणा गरियोस् ।
- कुनै पनि निलम्बन व्यवस्था परिस्थितिको निश्चित माग अनुरुप मात्र सीमित राखिनु पर्दछ भनेर इंगित गरीनु पर्दछ ।
- संकटकालिन अवस्थामा अवलम्बन गरिएका कुनै पनि व्यवस्थामा कुनै पनि आधारको भेदभाव हुनु हुँदैन भनेर सुनिश्चित गर्नु पर्दछ ।
- न्यूनतम रुपमा, आइसीसीपीआर धारा ४(२) संकटकाललगायत हरबखत संरक्षित हुन्छन् भनेर सुनिश्चित गर्नु पर्दछ : बाँच्न पाउने अधिकार; यातना एवं सीआइडि व्यवहार वा सजायमुक्त रहने अधिकार; दासत्व र बाध्यात्मक सेवामुक्त रहने अधिकार; संभौतागत दायित्व पूर्ति गर्ने सक्षम नहुँदा थुनामुक्त रहने अधिकार; पक्षगामी कानून र जरिमानाको भागीदार नबाइने अधिकार; कानून समक्षको व्यक्ति भनेर जहाँ पनि परिचित हुने अधिकार; र सोँच, विवेक र धर्मको

स्वतन्त्रता ।

ङ. राज्य संरचनामा दलित अधिकारको कार्यान्वयन

जातीय प्रथाले दलितलाई सुनियोजित रुपमा दलितलाई नेपालमा राजनीतिक प्रक्रियाबाट बहिष्कृत गरेको छ र पूर्ण रुपमा आफ्नो देशको सरकारमा सहभागी हुने तिनको अधिकार अवमूल्यन गरेको छ । माथि उल्लेख भए अनुरुप, विभिन्न अन्तर्राष्ट्रिय मानव अधिकार सन्धीका पक्षधर राष्ट्रको रुपमा, महिला एवं दलित जस्ता सीमान्तकृत समुदायका सदस्यलाई भेदभावमुक्त अवस्था र बस्तुगत समानता प्रदान गर्न नेपाल दायित्वले बाँधिएको छ । यस्तो बस्तुगत समानता प्राप्त गर्न, महिला तथा सीमान्तकृत समूहका सदस्यको शासन पद्धतिमा अर्थपूर्ण सहभागिता दिलाउन – व्यवस्थापिका, न्यायपालिका तथा राष्ट्रिय आयोग लगायतका – राज्य संरचनामा समानुपातिक प्रतिनिधित्व जस्ता "विशेष व्यवस्था" राष्ट्रहरुले अनुसरण गर्न सक्दछ ।

दलित महिला जस्ता सीमान्तकृत समूहका महिलाले सामना गरेको विभिन्न स्वरुपका भेदभाव यस्ता यस्ता प्रस्तावले ध्यानमा लिनु पर्दछ र तिनका समानुपातिक प्रतिनिधित्व सुनिश्चित गर्नु पर्दछ । त्यस्ता प्रस्ताव, सन् २०११ को जनगणना सहित निश्चित तथा समायोजित तथ्याङ्कका आधारमा, नेपालमा दलितको सही संख्या स्थापित गर्न, सञ्चालन गरिनु पर्दछ । यो विशेषतः महत्वपूर्ण रहन्छ जहाँ केही अनौपचारिक अनुमानले दलित जनसंख्या २० देखि २५ प्रतिशत भएको देखाउँछ भने औपचारिक अनुमानले १५ प्रतिशत । नेपालले निर्वाचन र राजनीतिक दलमा सहभागी हुन भेदभावमुक्त अवस्थाको अधिकार सुनिश्चित गर्नु पर्दछ ।

मानव अधिकार सम्मान, संरक्षण र पूर्ति गर्ने दायित्व अनुकूल, अधिकार उल्लंघनका आरोप अनुसन्धान गर्न र नेपालको मानव अधिकार दायित्व अनुपालन अनुगमन गर्न, नेपालले राष्ट्रिय मानव अधिकार संस्थाहरु स्थापना गर्न सक्दछ । मानव अधिकार आयोगको अतिरिक्त, जातीय भेदभावको व्यवस्थित प्रभाव सम्बोधन गर्न संविधानले राष्ट्रिय दलित आयोग स्थापना गर्नु पर्दछ । यी निकायहरु प्रभावकारी हुनका लागि नयाँ संविधानले :

- बृहत अनुसन्धानात्मक एवं कार्यान्वयन अधिकार सहित मानव अधिकार आयोग तथा राष्ट्रिय दलित आयोग संवैधानिक निकायका रुपमा, आर्थिक स्वायत्तता प्रदान गरेर स्थापना गर्नु पर्दछ ।

नेपालको संघीय संरचना र सीमान्तकृत समूहका अधिकार संरक्षण गर्नका लागि व्यक्तिगत राज्यको सिर्जनामा धेरै ध्यान केन्द्रीत भएको छ । अन्ततः राज्य संरचनाको कुन स्वरुप अवलम्बन गरिन्छ भन्ने अवस्थाको अतिरिक्त, मानव अधिकार सम्मान, संरक्षण एवं पूर्ति गर्ने नेपालको दायित्व सबै तहको सरकार – राष्ट्रिय, क्षेत्रीय तथा स्थानीय – मा लागू हुन्छ । नेपालले यस मानव अधिकार आधारभूत सिद्धान्त अनुपालन गर्न महत्वपूर्ण हुन्छ । निश्चित रुपमा यो सिद्धान्त नेपालको दलित जनसंख्यासँग सान्दर्भिक छ जो निश्चित भौगोलिक क्षेत्र वा जातीय वा भाषिक समूहसँग सीमित छैन ।

च. संवैधानिक परिभाषाका लागि सामान्य सिफारिस

माथि र यसपछि संलग्न तालिकामा पहिचान भएको निश्चित मौलिक अधिकारसम्वद्ध हाम्रा सुझावका अतिरिक्त, त्यसमा अन्तरनिहीत अधिकारको पूर्ण संरक्षण सुनिश्चित गर्न सीएचआरजीजे संविधानसभालाई यस भागमा सम्मिलित सुझावद्वारा संविधानको परिभाषा निर्देशित गर्न आह्वान गर्दछ । संविधानको परिभाषा गर्दा अदालतले अन्तर्राष्ट्रिय मानव अधिकार कानून ख्यालमा राख्नु पर्ने प्रावधान संविधानसभाले इंगित गर्नु पर्दछ । त्यस्ता प्रावधान दक्षिण अफ्रिका गणतन्त्रको संविधानको धारा ३९ को आधारमा शायद विकसित गर्न सकिन्छ ।

१. अन्य अधिकारसँग हस्तक्षेप विहीनताको अवस्था

कुनै निश्चित अधिकारको पालना अन्य कसैको अधिकार उल्लंघनमा आधारित हुनु हुँदैन भन्ने सुनिश्चित गर्न, संविधानको कुनै पनि प्रावधान कुनै व्यक्ति वा समूहले अन्यको अधिकार उल्लंघन वा समाप्त गर्न परिभाषित गर्न पाउने छैन भनेर एउटा प्रावधान समावेश गरिनु पर्दछ । यो प्रावधान आइसीसीपीआर र आइसीइसीआरको धारा ५ मा आधारित रहनु पर्दछ । संविधानको कुनै पनि अंश "छुवाछुत" र जातीय भेदभाव निरन्तर गर्न उपयोग गरिने छैन भनेर संविधानसभाले स्पष्ट गर्न

निश्चित रुपमा महत्वपूर्ण हुन्छ । उदाहरणको लागि, धार्मिक स्वतन्त्रताको हकले निर्वाध रुपमा धर्म मान्ने दलितको अधिकार वा "छुवाछुत" र जातीय भेदभावका अन्य स्वरुप स्थापित गर्न उपयोग गरिने सकिदैन ।

२. "सबै व्यक्ति" को अधिकार

विभिन्न विषयगत समितिको अधिकारसम्वद्ध प्रस्तावना समस्यागत रुपमा नागरिकसम्म सीमित छ । आइसीसीपीआर अन्तरगत नेपालले विना कुनै भेद "आफ्नो भूभाग र क्षेत्राधिकारभित्र सबै व्यक्तिलाई" नागरिक तथा राजनीतिक अधिकार सुनिश्चित गरि दिनु पर्दछ । सामाजिक तथा साँस्कृतिक अधिरकारको हकमा समेत नेपाललाई नागरिक तथा गैरनागरिकबीच भेद गर्न अनुमति छैन । आइसीइएससीआरले विकसित देशलाई गैरनागरिकको आर्थिक अधिकार निश्चित गर्न केही छुट दिए ता पनि मानव अधिकार सबैमा लागू हुन्छ भन्ने बृहत सिद्धान्तको हकको निश्चित अपवादको रुपमा यो प्रावधान ग्रहण गरिनु पर्दछ र सबै व्यक्तिको संभव भएसम्म बृहत आर्थिक अधिकार उपभोग सुनिश्चित गर्न प्रयासरत रहनु पर्दछ । सबै मानव अधिकार सुनिश्चित गर्नु विशेष गरेर दलितको लागि महत्वपूर्ण रहन्छ, किनभने माथि उल्लेखित भए जस्तै उनीहरुसँग प्राय नागरिकता प्रमाणपत्र हुँदैन । साधारण सवालको हकमा, त्यसैले, संवैधानिक अधिकारले नागरिक मात्र नभएर "सबै व्यक्ति" समेटेन् गरी परिभाषित गरिन पर्दछ ।

३. कानूनी कमजोरी र शर्त

आधारभूत सिद्धान्तको रुपमा, अन्तर्राष्ट्रिय मानव अधिकार र संविधानमा यी अधिकारका प्रतिकले, यसको विपरीत तवरले नभएर, कानूनलाई सूचित गर्नु पर्दछ । अर्को शब्दमा आधारभूत अधिकार तथा संविधानमा उल्लेखित संरक्षण अवमूल्यन गर्न कानूनको प्रयोग हुन सक्दैन । धेरैजसो विषयगत समितिका प्रस्तावहरु "कानूनमा तोकिए बमोजिम" भन्ने भाषा अनुकूल छ । यस किसिमका भाषा, अधिकार कानून अनुकूल छ वा योग्य ठहर्न सकिन्छ भन्ने ठहर गरेर संवैधानिक अधिकार अवमूल्यन गर्न व्याख्या गरिन सकिन्छ । त्यसैले यस्ता विशेषणात्मक भाषा प्रयोग गरिनु हुँदैन र कुनै पनि अवस्थामा अन्तरनिहित अधिकार अवमूल्यन गर्न परिभाषित गर्न हुँदैन ।

५. निष्कर्ष

सदियौं देखिको जातीय भेदभावको अन्त्य र नीजी तथा सार्वजनिक तहमा दलित अधिकारको सुनिश्चितता नेपालको बहुप्रतिक्षित सामाजिक, राजनीतिक तथा आर्थिक रुपान्तरणको केन्द्रविन्दू हुन जरुरी छ । रुपान्तरणको लागि व्यवस्थापकीय, प्रशासनिक, बजेट, न्यायिक तथा शैक्षिक साधनहरु विकास एवं लागू गर्न नयाँ संविधान आधार रहनेछ । संविधान लेखन कार्यले संविधानसभालाई मानव अधिकारप्रति नेपालको प्रतिवद्धता प्रदर्शन गर्न एवं सबै व्यक्तिको जन्मसिद्ध सम्मान निश्चय गर्न गहन अवसर प्रदान गरेको छ । प्राय विषयगत समितिको नयाँ संविधानको लागि प्रस्तावना यी लक्ष्य प्राप्तितर्फ महत्वपूर्ण पहलकदमी हो । तथापि यस लिखत र सम्मिलित तालिकामा निरन्तर टीप्पणी गरिए जस्तै नेपालले आफ्नो मानव अधिकार दायित्व पूरा गर्न प्रस्तावना पूनरावलोकन हुन आवश्यक छ । त्यसको अतिरिक्त प्रस्तावनामा हालै प्रतिविम्वित नभएका अधिकार समावेश र सुनिश्चित हुनु पर्दछ । नयाँ संविधान सम्बन्धी छलफल र लेखन कार्यको सन्दर्भमा यी सुझावहरु ध्यानमा लिन सीएचआरजीजे संविधानसभा सदस्यहरुलाई गहन रुपमा अपिल गर्दछ ।

नेपालको नयाँ संविधानको लागि प्रस्तावना सम्बन्धी सीएचआरजीजेको सुझाव

न्यूयोर्क विश्वविद्यालय कानून विभाग विद्यालयस्थित मानव अधिकार तथा विश्वव्यापी न्याय केन्द्र (सीएचआरजीजे) द्वारा तयार पारिएको निम्न तालिकाले नेपालको संविधानसभा विषयगत समितिहरुद्वारा प्रस्तावित प्रावधान अध्ययन गरेर दलित अधिकार संरक्षणमा विशेष जोड दिएर अन्तर्राष्ट्रिय मानव अधिकार कानून अन्तरगत नेपालको दायित्व सम्बन्धी विस्तृत सुझावहरु पेश गर्दछ ।

तालिकाले प्रावधानहरु निम्न श्रेणीमा विश्लेषण गर्दछ : प्रस्तावना; प्रारम्भिक परिच्छेद; नागरिकतामा पहुँच; समानता तथा भेदभावमुक्त अवस्थाको हक, नागरिक तथा राजनीतिक अधिकार; आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकार; महिला अधिकार; बाल अधिकार; मौलिक अधिकारको कार्यान्वयन; निर्देशक सिद्धान्त; आपतकालिन अधिकार; तथा राज्य संरचनाहरु । प्रत्येक तालिका भागमा अन्तर्राष्ट्रिय मानव अधिकार कानून अन्तरगत नेपालको सान्दर्भिक दायित्वका साथै ती दायित्वले निश्चित गरेको प्राथमिक सुझावहरुका सारांश समावेश गरिएको हुन्छ । विषयगत समितिहरुले प्रस्ताव गरेको व्यक्तिगत प्रावधानहरुले अन्तर्राष्ट्रिय मानव अधिकार कानूनमा प्रभाव पारेको खण्डमा, ती प्रावधानका हकमा तालिकाले थप लक्षित टीप्पणीहरु समावेश गर्दछ । यी भागहरुमा, तालिका तीन खण्डमा विभाजित गरिएको हुन्छ । पहिलो खण्डमा सान्दर्भिक विषयगत समिति; दोस्रो खण्डमा प्रस्तावका निश्चित भाषा, र तेस्रो खण्डमा सीएचजीजेको प्रस्तावको विश्लेषण समाविष्ट गरिएको हुन्छ । तेस्रो खण्डमा, यो प्रस्ताव नेपालको मानव अधिकार दायित्वहरुको हकमा कहाँ लागू हुन्छ, वा लागू हुन सक्दैन भनेर हामी जानकारी दिन्छौं र नेपालको दायित्वमा थप सुधार ल्याउन यो प्रस्ताव कसरी सशक्त बनाउन सकिन्छ भनेर सीएचजीजेको प्रस्ताव समावेश गर्छौं ।

यो दस्तावेजको समयानुकूल दाखिला सुनिश्चित गर्नका लागि, यस तालिकामा समावेश विश्लेषण कार्तिक २०, २०६६ मा जारी अवधारणा पत्रको सान्दर्भिक प्रावधानहरुको पूनरावलोकनमा आधारित छ । यस तालिकामा विश्लेषण गरिएको अवधारणा पत्रले अन्तर्राष्ट्रिय मानव अधिकार कानूनले महत्वपूर्ण मानेको धेरै क्षेत्र समेट्छ भने संविधानको प्रत्येक प्रावधानको अन्तर्राष्ट्रिय मानव अधिकार कानूनमा संभावित प्रभाव रहन्छ भन्ने ख्याल राख्न महत्वपूर्ण हुन्छ, र संविधान लेखन प्रक्रिया दौरान भर तालिकामा जोड दिइएको आम मान्यताहरु एवं यसै साथ संलग्न वक्तव्य बारे संविधानसभाले संवेदनशील रहनु पर्दछ ।

प्रस्तावना
अन्तर्राष्ट्रिय मानव अधिकार कानून अन्तरगत नेपालको दायित्व अनुरुप, नयाँ संविधानको प्रस्तावनाले : ▪ संविधान समानता, मानव मर्यादा र मानव अधिकारसम्वद्ध प्रतिवद्धतामा आधारित दस्तावेज हो भनेर स्पष्ट किटान गर्ने मौलिक प्रावधान समावेश गर्नुपर्दछ । ▪ जातीय भेदभावको स्पष्ट भर्त्सना र जातीय भेदभाव एवं "छुवाछुत" प्रथा अन्त्य गर्ने नेपालको प्रतिवद्धतामा जोड दिनु पर्दछ ।
प्रारम्भिक
अन्तर्राष्ट्रिय मानव अधिकार कानून अन्तरगत नेपालको दायित्व अनुरुप, संविधानको प्रारम्भिक प्रावधानमा : ▪ भेदभावमुक्त अवस्थाका लागि जात लगायत सबै प्रतिबन्धित आधारप्रतिको अविचलित प्रतिवद्धता समावेश हुनु पर्दछ । ▪ संविधानमा समावेश हकबाट वञ्चित गर्न/गराउन कमजोरीको रुपमा प्रयोग हुने जोखिमका कारण "कानूनमा व्यवस्था भए अनुरुप" जस्ता शर्त राख्न हुँदैन । ▪ सबै तहका सबै सरकारी निकाय मानव अधिकार सम्मान, संरक्षण एवं पूर्ति गर्नमा अनुग्रहित हुन्छन् भनेर स्थापित गर्नु पर्दछ ।
नागरिकता
अन्तर्राष्ट्रिय मानव अधिकार कानून अन्तरगत नेपालको दायित्व अनुरुप, नयाँ संविधानको प्रस्तावित नागरिकता सम्बन्धी प्रस्तावनाले : ▪ नेपाली पुरुषका विदेशी पत्नीले जस्तै नेपाली महिलाका विदेशी पतिले नागरिकता प्राप्त गर्नु पर्दछ । ▪ आमा वा बाबु जो नेपाली भए पनि समान रुपमा नागरिकता प्राप्त गर्न बालबालिका योग्य हुन्छन् भनेर सुनिश्चित गर्नु पर्दछ ।

समिति	प्रस्तावित प्रावधान	सीएचआरजीजेको सुझाव
अल्पसंख्यक तथा सीमान्तकृत समुदायको हक, अधिकार संरक्षण समिति	(१) सबै नेपाली नागरिकलाई आफ्नो बाबु वा आमा वा दुवैको नागरिकता प्राप्त गर्ने हक हुनेछ । (२) नेपाल सरहदभित्र जन्म भएका तर बाबु आमा नखुलेका नागरिकलाई कानूनमा व्यवस्था भए बमोजिम नागरिकता प्राप्त गर्ने हक हुनेछ । (३) सबै नेपाली नागरिकलाई आफ्नो वंश, थर वा कैरनका आधारमा नागरिकता प्राप्त गर्ने हक हुनेछ । (४) राज्यले नागरिकताको प्राप्ति, प्रयोग र समाप्तिमा कुने पनि नागरिक माथि जाति, आदिवासी, जनजाति, दलित, तराईवासी, मधेशी, मुस्लिम, धर्म, वर्ण, भाषा, लिङ्ग, यौनिक तथा लैङ्गिक पहिचान, राजनीतिक वा अन्य विचारधारा, राष्ट्रिय वा सामाजिक	अन्तर्राष्ट्रिय मानव अधिकार कानून अन्तरगत नेपालको दायित्व अनुरुप, यस प्रावधानले : ▪ आमा वा बाबुमार्फत नागरिकता प्राप्त गर्न दिनु पर्दछ । ▪ नागरिकता प्रदान गर्दा जात र अन्य प्रतिबन्धित आधारमा गरिने भेदभावमा रोक लगाउनु पर्दछ । नेपालको मानव अधिकार दायित्व पूरा गर्न, यस प्रावधानमा निम्नानुसार संशोधन गरिनु पर्दछ : नेपाली पुरुष वा महिला दुबैका पति वा पत्नीले एकै प्रकारले नागरिकताको लागि आवदेन दिन सक्ने प्रावधान समावेश गरिनु पर्दछ ।

	उत्पत्ति, सम्पत्ति, जन्म वा क्षेत्र वा शारीरिक वा मानसिक रुपमा अशक्त वा अपाङ्ग अवस्था वा अन्य कुनै हैसियत जस्ता कुनै पनि आधारमा कुनै पनि किसिमको भेदभाव गर्ने छैन । (५) तेश्रो लिङ्गी नागरिकलाई आफ्नो लैङ्गिक पहिचान सहित तेश्रो लिङ्गीको नागरिकता प्राप्त गर्ने हक हुनेछ । (६) नागरिकताको प्राप्ति, समाप्ति, अङ्गिकृत एवं मानार्थ नागरिकता प्रदान लगायतका अन्य विषयहरु कानूनद्वारा निर्धारण भए बमोजिम हुनेछ ।"	
मौलिक अधिकार तथा निर्देशक सिद्धान्त समिति	**वंशजको आधारमा नागरिकता :** (१) नेपालमा स्थायी बसोबास भएको देहायको व्यक्तिलाई वंशजको आधारमा नेपालको नागरिकता प्रदान गरिनेछ : (क) कुनै व्यक्तिको जन्म हुँदाका बखत निजको आमा र बाबु नेपाली रहेछ भने त्यस्तो व्यक्ति (ख) विदेशी नागरिकसँग विवाह भएका नेपाली नागरिकबाट नेपालमा जन्म भई नेपालमा नै स्थायी बसोबास गरेको र आमा वा बाबुको नागरिकताको आधारमा विदेशी मुलुकको नागरिकता प्राप्त नगरेको व्यक्तिले नागरिकता प्राप्त गर्दाका बखत निजका आमा र बाबु दुवै नेपाली रहेछन् भने त्यस्तो व्यक्ति । (२) नेपाल सरहदभित्र फेला परेको आमा बाबुको ठेगान नभएको प्रत्येक नाबालक नाबालिका निजको आमा वा बाबु पत्ता नलागेसम्म वंशजको आधारमा नेपाली नागरिक ठहर्नेछ ।	नेपालको मानव अधिकार दायित्व थप पूरा गर्न, यस प्रावधान निम्नानुसार संशोधन गरिनु पर्दछ : ▪ आमा, बाबु दुबै नेपाली नागरिक हुनु पर्ने आवश्यकताको बदला आमा वा बाबु जो नेपाली भए पनि समान रुपमा नागरिकता प्राप्त गर्न बालबालिका योग्य हुन्छन् भनेर प्रावधान राख्नु पर्दछ ।
मौलिक अधिकार तथा निर्देशक सिद्धान्त समिति	**अङ्गीकृत नागरिकता सम्बन्धी व्यवस्था :** (१) यो संविधान प्रारम्भ भएपछि नेपाली नागरिकसँग वैवाहिक सम्बन्ध भएका विदेशीले चाहेमा नेपालमा कानूनी रुपमा पन्ध्र वर्ष बसोबास गरेको र विदेशी मुलुकको नागरिकता त्याग गरेपछि प्रचलित कानून बमोजिम अङ्गीकृत नेपाली नागरिकता प्राप्त गर्न सक्नेछ । तर यो संविधान हुनु भन्दा अगावै नेपाली नागरिकसँग वैवाहिक सम्बन्ध कायम भएका विदेशी महिलाले नेपाली नागरिकताको प्रमाण पत्र लिन चाहेमा विदेशी मुलुकको नागरिकता त्याग्ने	यस प्रावधान अन्तर्राष्ट्रिय मानव अधिकार कानून अन्तरगत नेपालको दायित्व अनुसरण गर्न असफल रहन्छ किनभने यसले : ▪ नयाँ संविधान जारी हुन पूर्व विवाहित भएका दम्पतीका हकमा नेपाली पुरुषका विदेशी पत्नीभन्दा नेपाली महिलाका विदेशी पतिहरुलाई अङ्गिकृत नागरिकता लिन बढी असजिलो बनाएर सामाजिक लिङ्गको आधारमा भेदभाव गर्दछ । ▪ आमा बाबुमध्ये एक जना विदेशी भएका वा बाबु पहिचान नभएका बालबालिकालाई वंशजको नभएर अङ्गिकृत

	कारवाही चलाए पछि अङ्गीकृत नेपाली नागरिकता प्राप्त गर्न सक्नेछ । (२) नेपाली नागरिक आमाबाट नेपालमा जन्म भई नेपालमा नै बसोबास गरेको र बाबुको पहिचान नभएको व्यक्तिले प्रचलित कानून बमोजिम अङ्गीकृत नागरिकता प्राप्त गर्न सक्नेछ । (३) विदेशी नागरिकसँग विवाह भएका नेपाली नागरिकबाट नेपालमा जन्म भई नेपालमा नै स्थायी बसोवास गरेको र आमा वा बाबुको नागरिकताको आधारमा विदेशी मुलुकको नागरिकता प्राप्त नगरेको व्यक्तिले प्रचलित कानून बमोजिम नेपालको अङ्गीकृत नागरिकता प्राप्त गर्न सक्नेछ ।	नागरिकता लिनु आवश्यक पर्दछ । नेपालको मानव अधिकार दायित्व थप पूरा गर्न, यस प्रावधान निम्नानुसार संशोधन गरिनु पर्दछ : ▪ नयाँ संविधान जारी हुन अगाडि वा पछाडि जहिले विवाह गरेको भए पनि नेपाली पुरुष र महिलाका विदेशी जोडीलाई एकै अङ्गीकृत मापदण्ड प्रदान गरिनु पर्दछ : ▪ निजको आमा वा बाबु जो नेपाली नागरिक भए ता पनि एक जना नेपाली नागरिक बाबु आमाबाट जन्म लिएका सबै बालबालिका अङ्गिकृत नभएर वंशजको आधारमा नेपाली नागरिकता प्राप्त गर्न योग्य ठहर गरिनु पर्दछ ।
मौलिक अधिकार तथा निर्देशक सिद्धान्त समिति	**वंशीय आधार तथा लैङ्गिक पहिचान सहितको नागरिकता :** प्रत्येक नागरिकलाई निजको आमा वा बाबुको वंशको आधारमा लैङ्गिक पहिचान सहितको नेपाली नागरिकताको प्रमाणपत्र प्रदान गरिनेछ ।	नेपालको अन्तर्राष्ट्रिय मानव अधिकार कानून अनुकूल, यस प्रावधानले : ▪ आमा वा बाबुमार्फत नागरिकता उपलब्ध गराउनु पर्दछ ।

मौलिक हक

अन्तर्राष्ट्रिय मानव अधिकार कानून अन्तरगत, मौलिक हकहरु सुनिश्चित गर्ने दायित्व निम्न सिद्धान्तहरुबाट निर्देशित हुनु पर्दछ :

- कुनै व्यक्ति वा समूहलाई अन्य कसैको अधिकार र स्वतन्त्रतामाथि अवरोध वा खलल पुऱ्याउन छुट दिएको भनेर संविधानको कुनै पनि अंश परिभाषित गर्न नहुने किटानी प्रावधान नयाँ संविधानको "मौलिक हक" भागमा समावेश हुनेछ भनेर संविधानसभाले सुनिश्चित गर्नु पर्दछ । यो प्रावधान आइसीसीपीआर तथा आइसीइएससीआरको धारा ५ मा आधारित रहन सक्दछ । संविधानको कुनै पनि अंश "छुवाछुत" र जातीय भेदभावको बचाउका लागि प्रयोग गर्न सकिन्न भनेर संविधानसभाले स्पष्ट गर्न महत्वपूर्ण रहन्छ ।
- समानता एवं भेदभावमुक्त अवस्थाको छुट्टै प्रावधान संविधानमा समावेश गरिनु जरुरी हुन्छ र सबै संवैधानिक प्रावधानहरु मौलिक सिद्धान्त अनुकूल रहन्छन् भनेर समेत नेपालले सुनिश्चित गर्नु पर्दछ ।
- **"कानूनले तोके बमोजिम"** जस्ता विशेषणात्मक भाषा प्रयोग गरिनु हुँदैन र जन्मसिद्ध अधिकार अवमूल्यन गर्ने गरी कतै परिभाषित गरिनु हुँदैन ।

समानता र भेदभावमुक्त अवस्थाको हक

समानताको हक

नेपाल पक्षधर रहेको मानव अधिकार सन्धि अनुरुप नेपालले आफ्नो नीतिको कुनै पनि अंशले नश्ल, वर्ण, वंश, जाति, जन्म, राष्ट्रिय, जातीय वा सामाजिक उत्पत्ति, राष्ट्रियता, धर्म, राजनीतिक वा अन्य विचार, भाषा, सम्पत्ति, आर्थिक अवस्था, लिङ्ग, यौनिक अभिमुखीकरण, लैङ्गिक पहिचान, गर्भावस्था, मातृत्व, वैवाहिक अवस्था,

उमेर, अपाङ्गता, स्वास्थ्य अवस्था, आवास, वा अन्य अवस्थाका आधारमा भेदभाव गर्ने उद्देश्य वा प्रभाव बहन गर्दैन भनेर सुनिश्चित गर्नु पर्दछ । अन्तर्राष्ट्रिय मानव अधिकार कानून अन्तरगत नेपालको दायित्व अनुसरण गर्न नयाँ संविधानका लागि प्रस्तावित "समानताको हक" को प्रावधानले :

- अन्तर्राष्ट्रिय कानूनले अवलम्बन गरेको सबै आधार अनुरुप भेदभाव प्रतिबन्ध गर्नु पर्दछ ।
- "वा अन्य अवस्था" जस्ता भाषा जोडेर परिवर्तनीय रुपमा भेदभावको प्रतिबन्ध गर्ने सम्पूर्ण आधारका सूची तयार गर्नु पर्दछ ।
- निश्चित समानता प्राप्ति र सीमान्तकृत समुदायका सदस्यले मानव अधिकारको पूर्ण उपभोग गर्नमा सहयोग पुऱ्याउन, विभिन्न प्रकारका भेदभावको मारमा परेका उपर विशिष्ट ध्यान दिएर, विशेष संयन्त्र उपलब्ध गराउनु पर्दछ ।
- "सबै व्यक्ति" सुनिश्चित हुन्छन् भनेर भेदभावबाट संरक्षण गैरनागरिक सम्मलाई प्रदान गर्नु पर्दछ ।

समिति	प्रस्तावित प्रावधान	सीएचआरजीजेको सुझाव
अल्पसंख्यक तथा सीमान्तकृत समुदायको हक अधिकार संरक्षण समिति	**समानताको हक :** (१) सबै नागरिक कानूनको दृष्टिमा समान हुनेछन् । (२) सामान्य कानूनको प्रयोगमा कुनै पनि नागरिकमाथि जाति, आदिवासी, जनजाति, तराईवासी, मधेशी, मुस्लिम, धर्म वर्ण, लिङ्ग, यौनिक तथा लैङ्गिक पहिचान, भाषा, राजनीतिक वा अन्य विचारधारा वा सामाजिक उत्पत्ति, वा जातीय विभेद र छुवाछुत, सम्पत्ति, जन्म वा क्षेत्र वा शारीरिक वा मानसिक रुपमा अशक्त वा अपाङ्ग अवस्था वा अन्य कुनै हैसियत जस्ता कुनै पनि आधारमा कुनै पनि किसिमको भेदभाव गरिने छैन । (३) राज्यले नागरिकहरुका बीच जाति, आदिवासी, जनजाति, तराईवासी, मधेशी, मुस्लिम, धर्म वर्ण, लिङ्ग, यौनिक तथा लैङ्गिक पहिचान, भाषा, राजनीतिक वा अन्य विचारधारा वा सामाजिक उत्पत्ति, वा जातीय विभेद र छुवाछुत, सम्पत्ति, जन्म वा क्षेत्र वा शारीरिक वा मानसिक रुपमा अशक्त वा अपाङ्ग अवस्था वा अन्य कुनै हैसियत जस्ता कुनै पनि आधारमा कुनै पनि किसिमको भेदभाव गरिने छैन । तर, आर्थिक, सामाजिक, राजनीतिक, शैक्षिक र स्वास्थ्यमा पिछडिएका समुदाय वा वर्गको पहिचान गरी उनीहरुको संरक्षण, विकास र सशक्तिकरणका लागि राज्यले विगतको उत्पीडनको क्षतिपूर्ति	अन्तर्राष्ट्रिय मानव अधिकार कानून अन्तरगत नेपालको दायित्व अनुरुप, यस प्रावधानले : ▪ भेदभावको अपूर्ण प्रतिबन्ध हुने आधारहरूको सूची तयार गर्नु पर्दछ । ▪ निश्चित समानता प्राप्ति र सीमान्तकृत समुदायका सदस्यले मानव अधिकार पूर्ण उपभोग गर्न विशेष व्यवस्था उपलब्ध गराउनु पर्दछ । अन्तर्राष्ट्रिय मानव अधिकार कानून प्रति नेपालको प्रतिवद्धता सशक्त तुल्याउन, यस प्रावधानले : ▪ "सबै व्यक्ति" सुनिश्चित हुन्छन् भनेर भेदभावबाट संरक्षण गैरनागरिक सम्मलाई प्रदान गर्नु पर्दछ । ▪ अन्तर्राष्ट्रिय मानव अधिकार कानूनले समेटेको सबै आधारमा निश्चित रुपमा भेदभाव प्रतिबन्ध गरिनु पर्दछ ।

	सहित सकारात्मक विभेदका आधारमा कानूनद्वारा विशेष व्यवस्था गर्नेछ । (४) समान कामका लागि कुनै पनि व्यक्तिलाई जाति, आदिवासी, जनजाति, तराईवासी, मधेशी, मुस्लिम, धर्म वर्ण, लिङ्ग, यौनिक तथा लैङ्गिक पहिचान, भाषा, राजनीतिक वा अन्य विचारधारा वा सामाजिक उत्पत्ति, सम्पत्ति, जन्म वा क्षेत्र वा शारीरिक वा मानसिक रुपमा अशक्त वा अपाङ्ग अवस्था वा अन्य कुनै हैसियत जस्ता कुनै पनि आधारमा पारश्रमिक लगायत कुनै पनि किसिमको सुविधा प्रदानमा भेदभाव गरिने छैन ।	
मौलिक अधिकार तथा निर्देशक सिद्धान्त समिति	**समानताको हक :** (१) सबै नागरिक कानूकनको दृष्टिमा समान हुनेछन् । कसैलाई पनि कानूनका समान संरक्षण र लाभबाट वञ्चित गरिने छैन । (२) सामान्य कानूनको प्रयोगमा धर्म, वर्ण, जात, जाति, लिङ्ग, यौनिक अभिमुखीकरण, शारीरिक अवस्था, अपाङ्गता, उत्पत्ति, भाषा वा क्षेत्र, वैचारिक आस्था वा यस्तै अन्य कुनै आधारमा भेदभाव गरिने छैन । तर आर्थिक, सामाजिक वा साँस्कृतिक दृष्टिले पिछडिएका महिला, दलित, आदिवासी, जनजाति, मधेशी, किसान, मजदुर, उत्पीडित क्षेत्र, मुस्लिम, पिछडा वर्ग, अल्पसंख्यक, सीमान्तकृत, लोपोन्मुख समुदाय वा विपन्न वर्ग, युवा, बालबालिका, जेष्ठ नागरिक, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, अपाङ्गता भएका व्यक्ति, अशक्त वा असहाय नागरिकाको संरक्षण, सशक्तिकरण वा विकासको लागि कानूनद्वारा विशेष व्यवस्था गर्न रोक लगाएको मानिने छैन । (३) राज्यले नागरिकहरुका बीच धर्म, वर्ण, जात, जाति, लिङ्ग, यौनिक अभिमुखीकरण, शारीरिक अवस्था, अपाङ्गता, स्वास्थ्य स्थिति, वैवाहिक स्थिति, गर्भावस्था, उत्पत्ति, भाषा वा क्षेत्र, वैचारिक आस्था वा यस्तै अन्य कुनै आधारमा भेदभाव गर्ने छैन । (४) समान कामका लागि लैङ्गिक आधारमा पारिश्रमिक तथा सामाजिक सुरक्षामा कुनै भेदभाव गरिने छैन ।	अन्तर्राष्ट्रिय मानव अधिकार कानून अन्तरगत नेपालको दायित्व अनुरुप, यस प्रावधानले : ▪ निश्चित समानता प्राप्ति र सीमान्तकृत समुदायका सदस्यले मानव अधिकारको पूर्ण उपभोग गर्न सहयोग पुऱ्याउन, विभिन्न प्रकारका भेदभावको मारमा पर्ने उपर विशिष्ट ध्यान दिएर, विशेष संयन्त्र उपलब्ध गराउनु पर्दछ । ▪ भेदभावको प्रतिबन्ध अपूर्ण हुने आधारका सूची तयार गर्नु पर्दछ । अन्तर्राष्ट्रिय मानव अधिकार कानूनप्रतिको प्रतिवद्धता सशक्त बनाउन, यस प्रावधानले : ▪ माथि सूचीकृत गरिए अनुरुप, अन्तर्राष्ट्रिय मानव अधिकार कानूनले अवलम्बन गरेको सबै आधार अनुसार भेदभाव प्रतिबन्ध किटानी गर्नु पर्दछ । ▪ विशेष व्यवस्थाका योग्य समूहको सूची परिवर्तनीय हुन्छ भनेर स्पष्ट गर्नु पर्दछ । ▪ “सबै व्यक्ति” सुनिश्चित हुन्छन् भनेर भेदभावबाट संरक्षण गैरनागरिक सम्म पुऱ्याउनु पर्दछ । ▪ लिङ्ग मात्र नभएर कुनै पनि आधारमा भेदभाव नगरी समान महत्वको कामलाई समान पारिश्रमिक एवं सामाजिक

	(५) पुर्ख्यौली सम्पतिमा विना लैङ्गिक भेदभाव सबै सन्तानको समान हक हुनेछ ।	सुरक्षामा समान पहुँच उपलब्ध गराउनु पर्दछ । ▪ लिङ्ग मात्र नभएर, विना कुनै भेदभाव सबै बालबालिकाको पैतृक सम्पतिमा समान अधिकार प्रदान गर्नु पर्दछ ।

"छुवाछुत" र भेदभाव विरुद्धको हक

अन्तर्राष्ट्रिय मानव अधिकार कानून अन्तरगत नेपालको दायित्व अनुसरण गरेर, "छुवाछुत" र भेदभाव सम्बन्धी नयाँ संविधानमा प्रस्तावित प्रावधानले :

- निश्चित रुपमा "छुवाछुत" र जातीय भेदभावजन्य प्रचलन प्रतिबन्ध गर्नु पर्दछ ।
- यो प्रावधानको उल्लंघन कानूनबाट दण्डनीय हुन्छ र पिडित पक्ष उचित क्षतिपूर्तिका भागीदार हुन्छन् ।
- जातमा आधारित विभेद प्रतिबन्ध गर्ने र विना भेदभाव धार्मिक स्थलहरु लगायत सार्वजनिक स्थान एवं सेवामा समान पहुँच सुनिश्चित गर्दछ ।
- जातमा आधारित निश्चित पेशा लाद्ने सम्बन्धमा स्पष्ट प्रावधान समावेश गर्दछ ।
- उच र नीच जात जस्ता विचार प्रवाह विरुद्ध व्यवस्था अबलम्बन गर्दछ ।

अन्तर्राष्ट्रिय मानव अधिकार कानून अन्तरगत नेपालको दायित्व अनुरुप, "दलित समुदाय सम्बन्धित अधिकार" का प्रस्तावित प्रावधानले थप रुपमा :

- दलितको वस्तुगत समानता सुनिश्चित गर्न विशेष व्यवस्था उपलब्ध गर्नु पर्दछ ।
- जातीय र लैङ्गिक भेदभाव दुवैको मारमा परेका दलित महिलाको वस्तुगत समानता सुनिश्चित गर्न निजको आवश्यकतामा विशेष ध्यान दिनु पर्दछ ।

समिति	प्रस्तावित प्रावधान	सीएचआरजीजेको सुझाव
साँस्कृतिक र सामाजिक ऐक्यवद्धताको आधार निर्धारण समिति	**छुवाछुत तथा जातीय भेदभाव विरुद्धको हक :** (१) कुनै पनि व्यक्तिलाई जात, वंश, समुदाय वा पेशाका आधारमा कुनै किसिमको छुवाछुत तथा जातीय भेद्भाव गरिने छैन् । यस्तो भेदभावपूर्ण व्यवहारलाई गम्भिर अपराध मानी दण्ड गरिने छ । पिडीत व्यक्तिले कानूनद्वारा निर्धारण भए बमोजिम क्षतिपूर्ति पाउनेछ । (२) कुनै पनि व्यक्तिलाई जात, जातिको आधारमा कुनै पनि सेवा, सुविधा वा उपभोगका कुराहरुको प्रयोगमा कुनै पनि स्थानमा भेदभाव गरिने छैन् । (३) कुनै वस्तु, सेवा वा सुविधाको उत्पादन, विक्रि वितरण, खरिद वा प्राप्त गर्न जात, जाति वा समूदायको आधारमा भेदभाव गरिने छैन् । (४) कुनै जात, जाति, उत्पत्ति वा पेशाका व्यक्ति वा व्यक्तिहरुको	अन्तर्राष्ट्रिय मानव अधिकार कानून अन्तरगत नेपालको दायित्व अनुसरण गरेर, यस प्रावधानले : ▪ विस्तृत रुपमा "छुवाछुत" र जातीय भेदभाव निरुत्साहित गर्नु पर्दछ । ▪ यी आधारमा हुने भेदभाव कानूनबाट दण्डनीय ठहर्छ र पिडितलाई क्षतिपूर्ति प्रदान गर्दछ । ▪ सार्वजनिक स्थान एवं सेवामा पहुँच सम्बन्धमा जातीय भेदभाव प्रतिबन्ध गर्दछ । ▪ उच र नीच जात जस्ता विचार प्रवाह प्रतिबन्ध गर्दछ । अन्तर्राष्ट्रिय मानव अधिकार कानूनप्रतिको प्रतिवद्धता सशक्त बनाउन, यस प्रावधानले : ▪ जातमा आधारित निश्चित पेशा लाद्ने सम्बन्धमा स्पष्ट

	समूहको धार्मिक वा अन्य कुनै आधारमा उच निच दर्शाउन, जात जातिको आधारमा सामाजिक विभेदलाई न्यायोचित ठहराउन वा जातीय सर्वोच्चता वा घृणामा आधारित अभिव्यक्ति दिन, विचारको प्रचार प्रसार गर्न वा जातीय विभेदलाई कुनै किसिमले प्रोत्साहन गर्न पाइने छैन । (५) उपधारा (२), (३), (४), विपरितको कार्य कानून बमोजिम दण्डनीय हुनेछ ।	प्रावधान समावेश गर्दछ । जातमा आधारित विभेद प्रतिबन्ध गर्दछ । ▪ पिडितलाई उचित क्षतिपूर्ति सुनिश्चित गर्दछ ।
अल्पसंख्यक तथा सीमान्तकृत समुदायको हक अधिकार संरक्षण समिति	**जातीय भेदभाव तथा छुवाछुत विरुद्धको हक :** (१) कुनै पनि व्यक्तिलाई जाति, आदिवासी, जनजाति, दलित, तराईवासी, मधेशी, मुस्लिम, धर्म, वर्ण, लिङ्ग, क्षेत्र, वंश, समुदाय वा पेशाका आधारमा कुनै पनि किसिमको भेदभाव तथा छुवाछुतजन्य व्यवहार, असहिष्णुता र अवहेलना गरिने छैन । (२) कुनै पनि व्यक्तिलाई जाति, आदिवासी, जनजाति, दलित, तराईवासी, मधेशी, मुस्लिम, धर्म, वर्ण, लिङ्ग, क्षेत्र, वंश, समुदाय वा पेशाका आधारमा सार्वजनिक प्रयोगमा रहेका सेवा, सुविधा वा उपयोगका कुराहरु प्रयोग गर्नबाट यत्रतत्र सर्वत्र स्थलमा प्रवेश गर्नबाट वञ्चित गरिने छैन । (३) कुनै वस्तु, सेवा वा सुविधा उत्पादन वा वितरण गर्दा त्यस्तो सेवा, सुविधा वा वस्तु कुनै खास जाति, आदिवासी, जनजाति, दलित, तराईवासी, मधेशी, मुस्लिम, धर्म, वर्ण, लिङ्ग, क्षेत्र, वंश, समुदाय, पेशा वा अवस्थाका व्यक्तिलाई खरिद वा प्राप्त गर्नबाट रोक लगाउन वा त्यस्तो वस्तु वा सुविधा कुनै खास जाति, आदिवासी, जनजाति, दलित, तराईवासी, मधेशी, मुस्लिम, धर्म, वर्ण, लिङ्ग, क्षेत्र, वंश, समुदाय, पेशा वा अवस्थाका व्यक्तिलाई मात्र बिक्री, वितरण गरिने छैन । (४) नागरिकहरुका वीच जातीय, भाषिक, धार्मिक, सांस्कृतिक, आर्थिक, सामाजिक, शैक्षिक, राजनीतिक, शारीरिक, स्वास्थ्य, लिङ्ग, यौनिक तथा लैंङ्गिक पहिचान, उत्पत्ति वा क्षेत्रीय वा अन्य कुनै	अन्तर्राष्ट्रिय मानव अधिकार कानून अन्तरगत नेपालको दायित्व अनुसरण गरेर, यस प्रावधानले : ▪ यी आधारमा "छुवाछुत" एवं जातीय भेदभाव विस्तृत रुपमा निरुत्साहित गर्दछ । ▪ यी आधारमा हुने भेदभाव कानूनबाट दण्डनीय हुने र पिडितले क्षतिपूर्ति प्राप्त गर्ने सुनिश्चित गर्दछ । ▪ उच र नीच जातको विचार प्रवाहलाई राज्यद्वारा निरुत्साहित गर्दछ । अन्तर्राष्ट्रिय मानव अधिकार कानून अन्तरगत नेपालको दायित्व अनुसरण गरेर, यस प्रावधानले : ▪ जातमा आधारित भेदभाव प्रतिबन्ध गर्ने र विना भेदभाव धार्मिक स्थल लगायत सार्वजनिक स्थान एवं सेवामा समान पहुँच सुनिश्चित गर्नु पर्दछ । ▪ स्पष्ट रुपमा जातमा आधारित निश्चित पेशा लाद्न प्रतिबन्ध गर्नु पर्दछ । ▪ पिडितले "उचित" क्षतिपूर्ति प्राप्त गर्ने व्यवस्था प्रदान गर्नु पर्दछ ।

	आधारमा हुने भेदभाव वा सर्वोच्चता वा जातीय असहिष्णुता, अमर्यादा वा घृणालाई राज्यले निरुत्साहित गर्नेछ । (५) उपधारा (१), (२), (३) र (४) विपरितका कार्य मानवता विरुद्धको जघन्य सामाजिक अपराधको रुपमा दण्डनीय हुनेछ र पीडित पक्षले कानून बमोजिम उचित क्षतिपूर्ति पाउनेछ ।	
मौलिक अधिकार तथा निर्देशक सिद्धान्त समिति	**छुवाछुत तथा भेदभाव विरुद्धको हक :** (१) कुनै पनि व्यक्तिलाई जात, जाति, उत्पत्ति, समुदाय, पेशा वा शारीरिक अवस्थाका आधारमा कुनै प्रकारको छुवाछुत वा भेदभाव गरिने छैन । (२) कुनै वस्तु, सेवा वा सुविधा उत्पादन वा वितरण गर्दा त्यस्तो वस्तु, सेवा वा सुविधा कुनै खास जात, जातिको व्यक्तिलाई खरीद वा प्राप्त गर्नबाट रोक लगाउन वा त्यस्तो वस्तु, सेवा वा सुविधान कुनै खास जात जातिको व्यक्तिलाई मात्र विक्री वितरण वा प्रदान गरिने छैन । (३) कुनै जात, जाति, उत्पत्ति वा शारीरिक अवस्थाका व्यक्ति वा समुदायलाई उच वा नीच दर्शाउने, जात, जाति वा छुवाछुतका आधारमा सामाजिक विभेदलाई न्यायोचित ठहराउने वा छुवाछुत तथा जातीय उच्चता वा घृणामा आधारित विचारको प्रचार प्रसार गर्ने वा जातीय विभेदलाई कुनै पनि किसिमले प्रोत्साहन गर्न पाइने छैन । (४) जातीय आधारमा छुवाछुत गरी वा नगरी तथा कुनै व्यक्तिलाई निजको इच्छा विपरित काममा लगाउन वा कार्यस्थलमा कुनै प्रकारको विभेद गर्न पाइने छैन । (५) छुवाछुत तथा भेदभावजन्य सबै प्रकारका कार्य सामाजिक अपराधको रुपा कानूनद्वारा दण्डनीय हुनेछन् र त्यस्तो कार्यबाट पीडित व्यक्तिलाई उचित क्षतिपूर्तिको हक हुनेछ ।	अन्तर्राष्ट्रिय मानव अधिकार कानून अन्तरगत नेपालको दायित्व अनुसरण गरेर, यस प्रावधानले : ▪ जात र "छुवाछुत" मा आधारित भेदभाव प्रतिबन्ध गर्दछ । ▪ यी आधारका भेदभाव कानूनद्वारा दण्डनीय हुन्छ र पिडितलाई क्षतिपूर्ति उपलब्ध गराउदछ । ▪ उच र नीच जातको विचार प्रवाह प्रतिबन्ध गर्दछ । ▪ जातमा आधारित निश्चित पेशा लाद्न स्पष्ट प्रतिबन्ध लगाउछ । अन्तर्राष्ट्रिय मानव अधिकार कानून प्रतिको प्रतिवद्धता सशक्त बनाउन, यस प्रावधानले : ▪ सार्वजनिक स्थान एवं सेवामा पहुँच सम्बन्धमा जातीय भेदभाव प्रतिबन्ध गर्दछ । ▪ जातमा आधारित भेदभाव प्रतिबन्ध गर्ने र विना भेदभाव धार्मिक स्थल लगायत सार्वजनिक स्थान एवं सेवामा समान पहुँच सुनिश्चित गर्नु पर्दछ । ▪ पिडितले "उचित" क्षतिपूर्ति प्राप्त गर्ने सुनिश्चित गर्दछ ।
मौलिक अधिकार तथा निर्देशक सिद्धान्त समिति	**दलित समुदाय सम्बन्धी अधिकार :** (१) दलित समुदायमाथि जातपात र छुवाछुतका आधारमा	अन्तर्राष्ट्रिय मानव अधिकार कानूनप्रतिको प्रतिवद्धता सशक्त बनाउन, यस प्रावधानले :

	कुनैपनि स्थानमा कुनैपनि किसिमको विभेद, अवहेलना, असहिष्णु व्यवहार वा भेदभाव गरिने छैन । यस्तो व्यवहार सामाजिक अपराध मानिनेछ र कानूनद्वारा दण्डनीय हुनेछ । पीडित व्यक्तिलाई उचित क्षतिपूर्ति प्राप्त गर्ने हक हुनेछ । (२) दलित समुदायलाई राज्य संयन्त्रको सबै अङ्ग, निकाय र क्षेत्रहरुमा समावेशी समानुपातिक आधारमा क्षतिपूर्ति सहित सहभागिताको हक हुनेछ । क्षतिपूर्ति सम्बन्धी व्यवस्था कानूनले निर्धारण गरे बमोजिम हुनेछ । (३) दलित समुदायलाई शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षामा सकारात्मक विभेदका आधारमा विशेष अवसर प्राप्त गर्ने हक हुनेछ । (४) उपधारा (३) बमोजिमको व्यवस्था गर्दा विपन्न दलितलाई प्राथमिकता प्रदान गरिनेछ । (५) दलित समुदायलाई आफ्नो परम्परागत पेशा, ज्ञान, सीप र प्रविधिको प्रयोग, संरक्षण र विकासको लागि विशेष अवसर प्राप्त गर्ने र सोबाट कानून बमोजिम व्यवसायिक लाभ प्राप्त गर्ने हक हुनेछ ।	▪ जात र "छुवाछुत" मा आधारित भेदभाव प्रतिबन्ध गर्दछ । ▪ भेदभावका पीडक दण्डित हुने र पिडितले क्षतिपूर्ति प्राप्त गर्ने व्यवस्था सुनिश्चित गर्दछ । ▪ दलितका वस्तुगत समानता सुनिश्चित गर्न सहयोग पुऱ्याउन समानुपातिक प्रतिनिधित्व सहित विशेष व्यवस्था उपलब्ध गर्दछ । अन्तर्राष्ट्रिय मानव अधिकार कानूनप्रतिको प्रतिवद्धता सशक्त बनाउन, यस प्रावधानले : ▪ जातका आधारमा लाद्ने निश्चित पेशा स्पष्ट प्रतिबन्ध गर्ने र दलितलाई "परम्परागत पेशा" निरन्तर अनुसरण गर्न बाध्य पार्न धारा (५) को परिभाषा प्रयोग गर्न नपाइने सुनिश्चित गर्दछ । ▪ दलित महिलाले सामना गर्ने विभिन्न प्रकारको भेदभावका हकमा विशेष ध्यान उपलब्ध गर्नु पर्दछ । ▪ पिडितले "उपयुक्त" क्षतिपूर्ति प्राप्त गर्ने स्पष्ट गर्नु पर्दछ ।

नागरिक तथा राजनीतिक अधिकार

नेपाल पक्षधर रहेको मानव अधिकार सन्धिहरुले नेपालमा दलितलगायत अन्यले अनुभव गर्ने नागरिक तथा राजनीतिक अधिकार उल्लंघन प्रतिबन्ध गर्दछ । नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय अभिसन्धि (आइसीसीपीआर) ले : बाँच्न पाउने अधिकारको स्वेच्छाचारी अवहेलना; यातना र नृशंस, अमानवीय वा अवहेलना वा सजाय; दासत्व, सेवा र जबर्जस्ती वा बाध्यात्मक श्रम; स्वेच्छाचारी पक्राउ वा नियन्त्रण; नीजी जीवन, परिवार र पत्राचारमा स्वेच्छाचारी हस्तक्षेप; र मर्यादा र छवि, सम्मान र पहिचानमा अनाधिकृत आक्रमण निषेध गर्दछ । आइसीसीपीआरले नेपालले विचार र अभिव्यक्तिको स्वतन्त्रता; सभा सम्मेलनको स्वतन्त्रता; विवाह गर्न उपयुक्त उमेरका पुरुष र महिलाका स्वतन्त्रतापूर्वक विवाह गर्ने अधिकार; प्रत्यक्ष वा निर्वाचित प्रतिनिधिमार्फत सार्वजनिक गतिविधिमा भाग लिन पाउने स्वतन्त्रता; मतदान गर्ने अधिकार; स्वतन्त्रतापूर्वक सँस्कृति उपभोग गर्न तथा धर्म मान्ने अधिकार; नेपालभित्र स्वतन्त्रापूर्वक हिँडडुल गर्ने र बसोबास गर्ने अधिकार उपलब्ध गराउन म्याण्डेट समेत प्रदान गर्दछ । यसको अतिरिक्त आइसीसीपीआरले फौजदारी न्याय प्रणाली भित्र व्यक्तिहरुको निश्चित अधिकार संरक्षण गर्दछ ।

आइसीसीपीआर एवं यातना तथा अन्य नृशंस, अमानवीय वा अपमानजनक व्यवहार वा सजाय विरुद्ध महासन्धि (क्याट) दुवै उल्लंघन गर्ने भएकोले नयाँ संविधानले – गृह युद्धको समयमा नेपालमा व्याप्त – जबर्जस्ती वेपत्ता तथा निवारक नजरबन्द समेत स्पष्ट रुपमा प्रतिबन्ध गर्नु पर्दछ ।

स्वतन्त्रताको हक
मौलिक अधिकार तथा निर्देशक सिद्धान्त समितिले प्रस्ताव गरेको "स्वतन्त्रताको अधिकार" प्रावधानले अन्तर्राष्ट्रिय मानव अधिकार कानूनले सुनिश्चित गरेको विभिन्न महत्वपूर्ण स्वतन्त्रता संरक्षण गर्दछ । यी अधिकार र स्वतन्त्रताहरु "प्रजातान्त्रिक समाजको आवश्यकता अनुरुप राष्ट्रिय स्वार्थ वा सार्वजनिक सुरक्षा, सार्वजनिक सुव्यवस्था, सार्वजनिक स्वास्थ्य वा नैतिकता संरक्षण वा अन्यको अधिकार र स्वतन्त्रता संरक्षण गर्न, कानून बमोजिम लागू गरिएको" प्रतिबन्धको घेरै साँघुरो अवस्थामा मात्र सीमित गर्न सम्भव रहन्छ । अन्तर्राष्ट्रिय मानव अधिकार कानूनप्रतिको प्रतिवद्धता अनुसरण गर्दै नयाँ संविधानमा प्रस्तावित "स्वतन्त्रताको अधिकार" सम्बन्धी प्रावधानले : ▪ यो संविधानले सुनिश्चित गरेको सबै नागरिक तथा राजनीतिक अधिकार एवं स्वतन्त्रताका विस्तृत सूची होइन भनेर स्पष्ट गर्दछ । ▪ आइसीसीपीआर (माथि उल्लेख भए अनुरुप) ले प्रदान गरेको स्वतन्त्रताभन्दा पर यी स्वतन्त्रता उपर प्रतिवन्ध लागू गर्नबाट टाढै वञ्चित रहनु पर्दछ । ▪ यी अधिकार र स्वतन्त्रताहरु नागरिकमा मात्र नभएर सबै व्यक्तिमा पुऱ्याउनु पर्दछ ।

समिति	प्रस्तावित प्रावधान	सीएचआरजीजेको सुझाव
मौलिक अधिकार तथा निर्देशक सिद्धान्त समिति	**स्वतन्त्रताको हक :** (१) कानून बमोजिम बाहेक कुनै पनि व्यक्तिको वैयक्तिक स्वतन्त्रता अपहरण हुने छैन । (२) प्रत्येक नागरिकलाई देहायको स्वतन्त्रता हुनेछ : (क) विचार र अभिव्यक्तिको स्वतन्त्रता, (ख) बिना हातहतियार शान्तिपूर्वक भेला हुने स्वतन्त्रता, (ग) संघ संस्था खोल्ने स्वतन्त्रता, (घ) राजनीतिक दल खोल्ने स्वतन्त्रता, (ङ) नेपालको कुनै पनि भागमा आवतजावत र बसोबास गर्ने स्वतन्त्रता, (च) कुनै पेशा, रोजगार, उद्योग, व्यापार र व्यवसाय गर्ने स्वतन्त्रता । तर, (१) खण्ड (क) को कुनै कुराले नेपालको राष्ट्रियता, सार्वभौमसत्ता, स्वाधीनता र अखण्डतामा खलल पर्ने वा संघीय इकाइबीचको सु-सम्बन्धमा खलल पर्ने कार्य वा विभिन्न जात, जाति, धर्म, सम्प्रदाय बीचको सु-सम्बन्धमा खलल पर्ने वा जातीय भेदभाव वा छुवाछुतलाई दुरुत्साहित गर्ने कार्य वा गाली वेइज्जती, अदालतको	अन्तर्राष्ट्रिय मानव अधिकार कानून अन्तरगत नेपालको दायित्व अनुसरण गरेर, यस प्रावधानले : ▪ आइसीसीपीआरमा उल्लेखित विभिन्न महत्वपूर्ण अधिकार संरक्षण गर्दछ । ▪ दलितको विशेष सन्दर्भमा, यस प्रावधानले नेपालको कुनै पनि भागमा हिँडडुल र बसोबास गर्ने एवं कुनै पनि पेशामा संलग्न हुने अधिकार प्रदान गर्दछ । नेपालको मानव अधिकार दायित्व थप पूरा गर्न, यस प्रावधान निम्नानुसार संशोधन गरिनु पर्दछ : ▪ यो संविधानले सुनिश्चित गरेको सबै नागरिक तथा राजनीतिक अधिकार एवं स्वतन्त्रताका विस्तृत सूची होइन भनेर स्पष्ट गर्नु पर्दछ । ▪ "विविध जातिका जनताबीच विद्यमान सुमधुर सम्बन्ध" कायम राख्न बृहत भाषा प्रयोग गरेर यी अधिकार सीमित गर्न निरुत्साहित गर्नु पर्दछ । ▪ अन्तर्राष्ट्रिय मानव अधिकार कानूनले उपलब्ध गराए अनुरुप यिनमा प्रतिबन्ध सीमित गर्नु पर्दछ ।

	अवहेलना हुने वा अपराधको दुरुत्साहन गर्ने वा सार्वजनिक शिष्टाचार, नैतिकता प्रतिकूल हुने कार्यमा मनासिब प्रतिबन्ध लगाउने गरी ऐन बनाउन रोक लगाएको मानिने छैन । (२) खण्ड (ख) को कुनै कुराले नेपालको राष्ट्रियता, सार्वभौमसत्ता र अखण्डता खलल पर्ने वा संघीय इकाइबीचको सु-सम्बन्धमा खलल पर्ने वा सार्वजनिक शान्ति र व्यवस्थामा खलल पर्ने कार्यमा मनासिब प्रतिबन्ध लगाउने गरी ऐन बनाउन रोक लगाएको मानिने छैन । (३) खण्ड (ग) को कुनै कुराले नपालको राष्ट्रियता, सार्वभौमसत्ता र अखण्डतामा खलल पर्ने वा राष्ट्रको विरुद्ध जासुसी गर्ने वा राष्ट्रिय गोप्यता भङ्ग गर्ने वा नेपालको वाह्य सुरक्षामा आँच पुऱ्याउने गरी कुनै विदेशी राज्य, संगठन वा प्रतिनिधिलाई सहयोग गर्ने (राज्यद्रोह गर्ने) वा संघीय इकाइबीचको सु-सम्बन्धमा खलल पर्ने वा जातीय वा साम्प्रदायिक विद्वेष फैलाउने वा विभिन्न जात, जाति, धर्म र सम्प्रदायबीचको सु-सम्बन्धमा खलल पर्ने वा हिंसात्मक कार्य गर्न दुरुत्साहित गर्ने वा सार्वजनिक नैतिकताको प्रतिकूल हुने कार्यमा मनासिब प्रतिबन्ध लगाउने गरी ऐन बनाउन रोक लगाएको मानिने छैन । (४) खण्ड (घ) को कुनै कुराले नेपालको राष्ट्रियता, सार्वभौमसत्ता र अखण्डतामा खलल पर्ने वा राष्ट्रको विरुद्ध जासुसी गर्ने वा राष्ट्रिय गोप्यता भङ्ग गर्ने वा नेपालको वाह्य सुरक्षामा आँच पुऱ्याउने गरी कुनै विदेशी राज्य, संगठन वा प्रतिनिधिलाई सहयोग गर्ने (राज्यद्रोह गर्ने) वा संघीय इकाइबीचको सु-सम्बन्धमा खलल पर्ने वा जातीय वा साम्प्रदायिक विद्वेष फैलाउने वा विभिन्न जात, जाति, धर्म र सम्प्रदायबीचको सु-सम्बन्धमा खलल पर्ने वा केवल जाति, भाषा, धर्म, सम्प्रदाय वा लिङ्गको आधारमा कुनै राजनीतिक दलको सदस्यता प्राप्त गर्न नागरिकलाई जातीय, भाषिक, धार्मिक, साम्प्रदायिक वा लैङ्गिक आधारमा बन्देज लगाउने वा नागरिकहरुबीच विभेद गर्ने गरी राजनीतिक दल गठन गर्न वा हिंसात्मक कार्य गर्न दुरुत्साहित	

	गर्ने वा सार्वजनिक नैतिकताको प्रतिकूल हुने कार्यमा मनासिब प्रतिबन्ध लगाउने गरी ऐन बनाउन रोक लगाएको मानिने छैन । (५) खण्ड (ङ) को कुनै कुराले सर्वसाधारण जनताको हितमा खलल पर्ने वा संघीय इकाइबीचको सु-सम्बन्धमा खलल पर्ने वा विभिन्न जात, जाति, धर्म र सम्प्रदायहरुका बीचको सम्बन्धमा खलल पर्ने वा हिंसात्मक कार्य वा अपराध गर्ने तथा सो को दुरुत्साहन गर्ने कार्यमा मनासिब प्रतिबन्ध लगाउने गरी ऐन बनाउने रोक लगाएको मानिने छैन । (६) खण्ड (च) को कुनै कुराले संघीय इकाइबीचको सु-सम्बन्धमा खलल पुऱ्याउने कार्य वा सर्वसाधारण जनताको सार्वजनिक स्वास्थ्य, शिष्टाचार वा नैतिकताको प्रतिकूल हुने कार्यमा रोक लगाउने वा कुनै खास उद्योग, व्यापार वा सेवा राज्यले मात्र सञ्चालन गर्न पाउने वा कुनै उद्योग, व्यापार, पेशा, रोजगार वा व्यवसाय गर्नका लागि कुनै शर्त वा योग्यता तोक्ने गरी ऐन बनाउन रोक लगाएको मानिने छैन ।	

धार्मिक स्वतन्त्रताको हक

आइसीसीपीआरको धारा १८ ले नेपालले कुनै "धर्म वा आस्था राख्ने वा अनुसरण गर्ने स्वतन्त्रता..... (र) उनको धर्म वा आस्था प्रार्थना, विधि, अभ्यास र उपदेशमा अभिव्यक्त" सहित धार्मिक स्वतन्त्रता सुनिश्चित गर्नु पर्दछ ।

केवल "कानूनले निर्दिष्ट गरेमा र सार्वजनिक सुरक्षा, अमन चैन, स्वास्थ्य वा नैतिकता वा मौलिक अधिकार र अन्यका स्वतन्त्रता संरक्षण गर्न आवश्यक भएमा" धार्मिक स्वतन्त्रतामा केही प्रतिवन्ध स्वीकार्य हुन्छ ।

नेपालको अन्तर्राष्ट्रिय मानव अधिकार कानून दायित्व अनुकूल, नयाँ संविधानमा प्रस्तावित "धार्मिक अधिकार" को प्रावधानले :

- धार्मिक स्वतन्त्रता संरक्षण गर्नु पर्दछ ।
- अन्तर्राष्ट्रिय मानव अधिकार कानून अन्तरगत उपलब्ध भएका धार्मिक स्वतन्त्रताको अधिकारलाई प्रतिवन्ध सीमित गर्नु पर्दछ ।

समिति	प्रस्तावित प्रावधान	सीएचआरजीजेको सुझाव
साँस्कृतिक र सामाजिक ऐक्यवद्धताको आधार निर्धारण समिति	**धार्मिक स्वतन्त्रताको हक** : (१) सबै व्यक्तिलाई देहायका धार्मिक स्वतन्त्रता हुनेछ । (क) कुनै धर्म ग्रहण गर्ने वा नगर्ने, (ख) आफ्नो आस्था अनुसारको धर्मको प्रचलन र अभ्यास गर्ने,	नेपालको अन्तर्राष्ट्रिय मानव अधिकार कानून दायित्व अनुकूल, यस प्रावधानले : ▪ धार्मिक अधिकार संरक्षण गर्दछ ।

	(ग) आफ्नो आस्थाको धर्म र धार्मिक विश्वासको प्रचार, प्रसार गर्ने, (घ) स्वेच्छाले कुनै धर्म त्याग वा परिवर्तन गर्ने, (ङ) धार्मिक संघ, संगठन स्थापना र संचालन गर्ने । (२) उपधारा (१) को खण्ड (क), (ख), (ग), (घ) र (ङ) मा उल्लेखित धार्मिक स्वतन्त्रताको प्रयोग गर्दा अन्य धर्म वा धार्मिक आस्थामा आँच नआउने गरि गर्नु पर्नेछ । (३) कसैले कसैको ईच्छा विपरित धर्म परिवर्तन गराउन पाउने छैन । (४) उपधारा (२) र (३) विपरितको कार्य कानून बमोजिम दण्डनीय हुनेछ । (५) प्रत्येक धार्मिक सम्प्रदायलाई कानून बमोजिम आफ्नो स्वतन्त्र अस्तित्व एवं धार्मिक सहिष्णुता कायम राखी आफ्नो धार्मिक स्थल र धार्मिक गुठीको सञ्चालन र संरक्षण गर्ने हक हुनेछ ।	नेपालको मानव अधिकार दायित्व थप पूरा गर्न, यस प्रावधानले : ▪ धार्मिक समूहहरूको धार्मिक स्थल व्यवस्थापन र संरक्षण गर्ने अधिकारमा जात वा अन्य अवस्थाका आधारमा भेदभाव गर्ने अधिकार समावेश हुँदैन भनेर सुनिश्चित गर्नु पर्दछ ।
अल्पसंख्यक तथा सीमान्तकृत समुदायको हक अधिकार संरक्षण समिति	**धार्मिक स्वतन्त्रताको हक** : (१) सबै व्यक्तिलाई देहायका धार्मिक स्वतन्त्रता हुनेछ । (क) कुनै धर्म ग्रहण गर्ने वा नगर्ने, (ख) आफ्नो आस्था अनुसारको धर्मको प्रचलन र अभ्यास गर्ने, (ग) आफ्नो आस्थाको धर्म र धार्मिक विश्वासको प्रचार, प्रसार गर्ने, (घ) स्वेच्छाले कुनै धर्म त्याग वा परिवर्तन गर्ने, (ङ) धार्मिक संघ, संगठन स्थापना र संचालन गर्ने । (२) उपधारा (१) को खण्ड (क), (ख), (ग), (घ) र (ङ) मा उल्लेखित धार्मिक स्वतन्त्रताको प्रयोग गर्दा अन्य धर्म वा धार्मिक आस्थामा आँच नआउने गरि गर्नु पर्नेछ । (३) कसैले कसैको ईच्छा विपरित धर्म परिवर्तन गराउन पाउने छैन । (४) उपधारा (२) र (३) विपरितको कार्य कानून बमोजिम दण्डनीय हुनेछ ।	नेपालको अन्तर्राष्ट्रिय मानव अधिकार कानून दायित्व अनुकूल, यस प्रावधानले : ▪ धार्मिक स्वतन्त्रता संरक्षण गर्दछ । नेपालको अन्तर्राष्ट्रिय मानव अधिकार दायित्व थप पूर्ति गर्न यस प्रावधानले : ▪ धार्मिक समूहहरूको धार्मिक स्थल व्यवस्थापन र संरक्षण गर्ने अधिकारमा जात वा अन्य अवस्थाका आधारमा भेदभाव गर्ने अधिकार समावेश हुँदैन भनेर सुनिश्चित गर्नु पर्दछ ।

मौलिक अधिकार तथा निर्देशक सिद्धान्त समिति	**धार्मिक स्वतन्त्रताको हक** : (१) प्रत्येक व्यक्तिलाई आफ्नो आस्था अनुसार धर्मको अवलम्बन, अभ्यास र संरक्षण गर्ने तथा कुनै धर्मबाट अगल रहने स्वतन्त्रता हुनेछ । तर कसैले पनि सार्वजनिक स्वास्थ्य, शिष्टाचार वा नैतिकता प्रतिकूल हुने वा सार्वजनिक शान्ति भङ्ग गर्ने क्रियाकलाप गर्न गराउन वा कसैको धर्म परिवर्तन गराउन वा अर्काको धर्ममा खलल पर्ने कुनै काम वा व्यवहार गर्न गराउन पाउने छैन । (२) प्रत्येक धार्मिक सम्प्रदायलाई कानून बमोजिम आफ्नो स्वतन्त्र अस्तित्व कायम राखी आफ्नो धार्मिक स्थल र धार्मिक गुठीको सञ्चालन र संरक्षण गर्ने हक हुनेछ ।	नेपालको अन्तर्राष्ट्रिय मानव अधिकार कानून दायित्व अनुकूल, यस प्रावधानले : ▪ धार्मिक स्वतन्त्रता संरक्षण गर्दछ । नेपालको अन्तर्राष्ट्रिय मानव अधिकार दायित्व थप पूर्ति गर्न यस प्रावधानले : ▪ धार्मिक समूहहरूको धार्मिक स्थल व्यवस्थापन र संरक्षण गर्ने अधिकारमा जात वा अन्य अवस्थाका आधारमा भेदभाव गर्ने अधिकार समावेश हुँदैन भनेर सुनिश्चित गर्नु पर्दछ । ▪ अन्तर्राष्ट्रिय मानव अधिकार कानूनले आधार तोके बमोजिम धार्मिक स्वतन्त्रतामा प्रतिवन्ध सीमित गर्नु पर्दछ ।

न्याय सम्बन्धी हक

नेपालले सबै बन्दीका लागि निश्चित अधिकार सुनिश्चित गर्नु पर्दछ । अपराधको अभियोग लागेको सबैलाई न्यायाधिशको अगाडि समयमै उपस्थित गराउने; कसूरदार नठहरेसम्म निर्दोष मान्नु पर्ने अधिकार; उनले बुझ्ने भाषामा समयमै अभियोगको सूचना पाउनु पर्ने र अदालतको कारवाहीको समयमा निःशुल्क दोभाषे प्रयोग गर्ने अधिकार; निःशुल्क कानूनी सहयोग र निःशुल्क कानूनी परामर्श प्राप्त गर्ने अधिकार बारे सूचित हुने अधिकारलगायत आफ्नो उपस्थितिमा सुनुवाई हुनु पर्ने र आफ्नो बचाउ गर्ने अधिकार; साक्षी जाँच गर्ने र उपस्थित गराउने अधिकार; आफ्नै विरुद्ध बयान दिन बाध्य नहुनु पर्ने अधिकार; कुनै अनुचित ढिलासुस्ती बिना र न्यायोचित समयभित्र कानूनले स्थापित गरेको सक्षम, स्वतन्त्र र निष्पक्ष इजलासमा न्यायसंगत सार्वजनिक सुनुवाईको अधिकार; प्रतिवाद तयार गर्ने "उपयुक्त समय र सुविधा" को अधिकार; सुनुवाई प्रतिक्षामा रहेको बेला रिहाईको पक्षमा अनुमान; फौजदारी अभियोगमा दोषी ठहरे माथिल्लो इजलासमा अपिल गर्ने अधिकार; गलत सजायमा क्षतिपूर्ति पाउने अधिकार; र आफू दण्डित वा रिहाई भइसकेको अभियोगमा पुनः सुनुवाई नहुने वा दण्ड नपाउने अधिकार लगायतका थप अधिकार नेपालले सुनिश्चित गर्नु पर्दछ । अपराधको अभियोग लागेको किशोर अवस्थाका व्यक्तिका हकमा, तिनका उमेर र पूनर्स्थापनामा जोड दिन विशेष प्रक्रिया विकसित गरिनु पर्दछ ।

नेपालको अन्तर्राष्ट्रिय मानव अधिकार कानून दायित्व अनुकूल, नयाँ संविधानका लागि प्रस्तावित "न्यायको अधिकार" का प्रावधानले :

- सबै प्रकारका स्वेच्छाचारी गिरफ्तारी र थुनावाई प्रतिवन्धित गर्ने र सबै किसिमको थुनावाई कानूनले स्थापित गरेको आधार र प्रक्रियाले न्यायोचित ठहर्नु पर्ने र प्रभावकारी न्यायिक समीक्षाको विषय हुन सक्नु पर्दछ ।
- स्वतन्त्रताबाट विमुख सबैलाई समयमै तिनको थुनुवाई बारे जानकारी हासिल गर्ने अधिकार; कानूनी सहयोगका साथ सक्षम, निष्पक्ष र स्वतन्त्र न्यायालयमा चुनौति दिने; र गलत थुनावाईको हकमा रिहाई एवं क्षतिपूर्ति पाउने अधिकार सुनिश्चित गर्नु पर्दछ ।
- संभौताको दायित्व पूरा गर्न नसकेको सबै अवस्थाहरुमा सजाय बन्दी प्रतिवन्ध लगाउनु पर्दछ ।
- अपराधको अभियोग लागेको सबै व्यक्तिलाई आइसीसीपीआरमा समावेश, माथि सूचीकृत भए अनुरुप, सबै अधिकार उपलब्ध गराउनु पर्दछ ।

समिति	प्रस्तावित प्रावधान	सीएचआरजीजेको सुझाव
मौलिक अधिकार तथा निर्देशक सिद्धान्त समिति	**न्याय सम्बन्धी हक :** (१) कुनै पनि व्यक्तिलाई पक्राउ भएको कारण सहितको सूचना नदिई थुनामा राखिने छैन । (२) पक्राउमा परेका व्यक्तिलाई पक्राउ परेको समयदेखि नै आफूले रोजेको कानून व्यवसायीसँग सल्लाह लिन पाउने हक हुनेछ । त्यस्तो व्यक्तिले आफ्नो कानून व्यवसायीसँग गरेको परामर्श र निजले दिएको सल्लाह गोप्य रहनेछ र त्यस्तो व्यक्तिलाई आफ्नो कानून व्यवसायीद्वारा पुर्पक्ष गर्ने हकबाट वञ्चित गरिने छैन । तर निवारक नजरबन्दमा रहेको गैरनेपाली नागरिक र शत्रु राज्यको नागरिकको हकमा यो उपधारा लागू हुने छैन । स्पष्टीकरण : यस उपधाराको प्रयोजनको लागि "कानून व्यवसायी" भन्नाले कुनै अदालतमा कुनै व्यक्तिको प्रतिनिधित्व गर्न कानूनले अधिकार दिएको व्यक्तिलाई जनाउनेछ । (३) पक्राउ गरिएको व्यक्तिलाई पक्राउ भएको समय तथा स्थानबाट बाटोको म्याद बाहेक चौबीस घण्टाभित्र मुद्दा हेर्ने अधिकारी समक्ष उपस्थित गराउनु पर्नेछ र त्यस्तो अधिकारीबाट आदेश भएमा बाहेक पक्राउ भएका व्यक्तिलाई थुनामा राखिने छैन । तर निवारक नजरबन्दमा राखिएको व्यक्ति र शत्रु राज्यको नागरिकको हकमा यो उपधारा लागू हुने छैन । (४) तत्काल प्रचलित कानूनले सजाय नहुने कुनै काम गरे वापत कुनै व्यक्ति सजायको भागी हुने छैन र कुनै पनि व्यक्तिलाई कसुर गर्दाको अवस्थामा प्रचलित कानूनमा तोकिएभन्दा बढी सजाय दिइने छैन । (५) कुनै अभियोग लगाइएको व्यक्तिलाई निजले गरेको कसुर प्रमाणित नभएसम्म कसुरदार मानिने छैन ।	नेपालको अन्तर्राष्ट्रिय मानव अधिकार कानून दायित्व अनुकूल, यस प्रावधानले आइसीसीपीआरमा सुचीकृत प्रमुख अधिकारहरु संरक्षण गर्दछ : तथापि यो प्रस्तावनाले विविध आवश्यक अधिकार संरक्षण गर्न नसकेर नेपालको अन्तर्राष्ट्रिय मानव अधिकार दायित्व अन्ततः अनुसरण गर्दैन । नेपालको अन्तर्राष्ट्रिय मानव अधिकार कानून दायित्व पूरा गर्न, यस प्रावधानले : ▪ स्वतन्त्रताबाट विमुख सबै व्यक्तिहरुमा र गैरआवसीय नेपाली वा "शत्रु राष्ट्रका नागरिक (हरु) लाई" नजरबन्द अन्तरगत बहिष्कृत नगरी यो प्रावधानले यी अधिकार उपलब्ध गर्नु पर्दछ । (दफा २) ▪ स्वेच्छाचारी पक्राउ र थुनुवाई प्रतिवन्ध लगाउने र स्वतन्त्रताको सबै बन्देज कानूनले स्थापित गरेको आधार र प्रक्रिया अनुरुप आवश्यक हुनु पर्दछ । ▪ स्वतन्त्रताबाट विमुख सबै व्यक्तिले समयमा थुनुवाईको आधार जानकारी पाउने; कानूनी सहयोगका साथ सक्षम, निष्पक्ष र स्वतन्त्र न्यायालयमा थुनुवाईको चुनौति दिने; र गलत थुनुवाइको हकमा रिहाई एवं क्षतिपूर्ति पाउने अधिकार सुनिश्चित गर्नु पर्दछ । ▪ अपराधको अभियोग लागेको सबै व्यक्तिलाई आइसीसीपीआरमा समावेश, माथि सूचीकृत भए अनुरुप, सबै अधिकार उपलब्ध गराउनु पर्दछ । ▪ पक्षगामी फौजदारी कानून वा सजायको भागीदार नहुने अधिकार अन्तर्राष्ट्रिय अपराधमा लागू नहुने स्पष्ट पार्नु पर्दछ ।

	(६) कुनै पनि व्यक्ति विरुद्ध अदालतमा एकै कसुरमा एक पटकभन्दा बढी मुद्दा चलाइने र सजाय दिइने छैन । (७) कुनै कसुरको अभियो लागेको व्यक्तिलाई आफ्नो विरुद्ध साक्षी हुन कर लगाइने छैन । (८) प्रत्येक व्यक्तिलाई निज विरद्ध गरिएको कारवाहीको जानकारी पाउने हक हुनेछ । (९) प्रत्येक व्यक्तिलाई निष्पक्ष, स्वतन्त्र र सक्षम अदालत वा न्यायिक निकायबाट स्वच्छ सुनुवाइको हक हुनेछ । (१०) असमर्थ पक्षलाई निःशुल्क कानूनी सहायता पाउने अधिकार हुनेछ ।	

नजरबन्द विरुद्ध हक

प्रक्रियागत नियन्त्रणको आवश्यकता बिना नजरबन्दको स्वतन्त्र प्रयोग हुने व्यवस्था स्थापित हुने सम्बन्धमा नयाँ संविधानमा "नजरबन्द विरुद्ध अधिकार" को प्रस्तावित प्रावधानमा विभिन्न अपवादहरु समावेश छन् । त्यस्तो व्यवस्था स्थापित गर्नाले नयाँ संविधानको लागि प्रस्तावित अन्य प्रावधानमा प्रतिविम्वित भएको नेपालको प्रजातन्त्र र मानव अधिकारप्रतिको प्रतिवद्धतामा ह्रास आउछ । नयाँ संविधानमा त्यस्तो प्रावधान अस्वीकार गर्न संविधानसभालाई सीआरजीजे जोडदार अपिल गर्दछ र बरु नेपाली जनताको सुरक्षा र अधिकार सुनिश्चित गर्ने फौजदारी न्याय प्रणाली निर्माण गर्न नेपाललाई आह्वान गर्दछ ।

संविधानसभाले यदि यो व्यवस्था कायम राख्न निर्णय गरेमा, नेपालको अन्तर्राष्ट्रिय मानव अधिकार दायित्व अनुरुप नयाँ संविधानका लागि प्रस्तावित "नजरबन्द विरुद्ध अधिकार" प्रावधानले :

- स्वेच्छाचारी गिरफ्तारी र थुनुवाई प्रतिवन्धित गर्ने र सबै किसिमको थुनुवाई कानूनले स्थापित गरेको आधार र प्रक्रियाले न्यायोचित ठहर्नु पर्दछ ।
- सार्वजनिक सुरक्षा र त्यस्ता उद्देश्यका लागि आवश्यक अवस्था बाहेक नजरबन्दको प्रयोग सीमित गर्ने ।
- थुनामा परेका सबै व्यक्तिले आफ्नो थुनुवाईको कारण समयमै जानकारी पाउने सुनिश्चित गर्नु पर्दछ ।
- थुनामा परेका सबै व्यक्तिले कानूनी सहयोगका साथ अदालतमा आफ्नो थुनुवाईको वैधानिकता प्रश्न गर्ने र गलत थुनुवाईको हकमा रिहाई एवं क्षतिपूर्तिप्रतिको पहुँच प्राप्त गर्ने अधिकार सुनिश्चित गर्नु पर्दछ । थुनामा परेको सबै व्यक्तिलाई मानवीय एवं सम्मानपूर्वक व्यवहार गर्नु पर्दछ ।
- परिवारसँग सम्पर्क गर्ने अधिकारबाट वञ्चित हुने गरी निवारक नजरबन्द प्रतिवन्ध गर्नु पर्दछ ।

समिति	प्रस्तावित प्रावधान	सीएचआरजीजेको सुझाव
मौलिक अधिकार तथा निर्देशक सिद्धान्त समिति	**निवारक नजरबन्द विरुद्धको हक :** (१) नेपाल राज्यको सावैभौमसत्ता र अखण्डता वा सार्वजनिक शान्ति र व्यवस्थामा तत्काल खलल पर्ने पर्याप्त आधार नभई कसैलाई पनि निवारक नजरबन्दमा राखिने छैन । (२) नेपाल राज्यको सार्वभौमसत्ता वा अखण्डता खलल पार्ने, साम्प्रदायिक दङ्गा फैलाई सार्वजनिक शान्ति र व्यवस्थामा तत्काल गम्भीर खलल पार्ने र शत्रु राज्यको नागरिक बाहेक अन्य व्यक्तिका हकमा नजरबन्द रहेको व्यक्तिको स्थितिको बारेमा निजका परिवारका सदस्यलाई जानकारी दिइनेछ । (३) निवारक नजरबन्द राख्ने अधिकारीले कानून विपरीत वा बदनियतपूर्वक कसैलाई नजरबन्द राखेमा नजरबन्द रहेको व्यक्तिलाई उचित क्षतिपूर्ति पाउने हक हुनेछ ।	सार्वजनिक सुरक्षा र त्यस्ता उद्देश्यका लागि आवश्यक अवस्थामा सीमित नरहने र निम्न सुरक्षा सुनिश्चित नगर्ने भएकोले, नजरबन्द व्यवस्था स्थापना गर्न अनुमति दिने यो प्रावधानले नेपालको अन्तर्राष्ट्रिय मानव अधिकार दायित्व अनुसरण गर्न असफल रहन्छ : ▪ साधारण अवस्थामा नजरबन्द अनुकूल बृहत स्वेच्छाचारी गिरफ्तारी र नियन्त्रण विरुद्ध अधिकार । ▪ गिरफ्तारीमा परेका व्यक्तिहरुको आफ्नो नियन्त्रण प्रश्न/चुनौति दिने अधिकार । ▪ थुनामा परेका सबै व्यक्तिको मानवीय एवं सम्मानपूर्वक व्यवहार गरिनु पर्ने अधिकार । ▪ थुनामा परेका सबै व्यक्तिको परिवार र कानूनी परामर्शदातासँग सम्पर्क गर्ने अधिकार ।
यातना विरुद्ध हक		
नेपालको अन्तर्राष्ट्रिय मानव अधिकार कानून दायित्व अनुकूल, नयाँ संविधानमा "यातना विरुद्ध अधिकार" का प्रस्तावित प्रावधानले : ▪ थुनुवाई वा प्रहरी कारवाही मात्र नभएर सबै अवस्थामा यातना र सीआइडि व्यवहार वा सजाय प्रतिवन्ध गर्ने । ▪ यातना वा सीआइडि व्यवहारमा संलग्नता वा सहभागिता समेत दण्डनीय ठहर्ने । ▪ यातना वा सीआइडि व्यवहार वा सजायका प्रत्येक पिडितसँग : उजुरी दर्ता गर्ने; सक्षम निकायबाट समयमै र निष्पक्ष रुपमा आफ्नो मुद्दा जाँच गराउने, धम्की र दुर्व्यवहारबाट बच्ने; र "संभव भएसम्म पूर्ण पूनर्स्थापनाका माध्यम लगायत न्यायसंगत र उपयुक्त क्षतिपूर्तिको लागू हुने अधिकार" सुरक्षित हुन्छ भनेर स्पष्ट गर्ने ।		
समिति	**प्रस्तावित प्रावधान**	**सीएचआरजीजेको सुझाव**
मौलिक अधिकार तथा निर्देशक सिद्धान्त समिति	**यातना विरुद्धको हक :** (१) अनुसन्धान, तहकिकात वा पुर्पक्षको सिलसिलामा वा अरु कुनै किसिमले थुनामा रहेको कुनै पनि व्यक्तिलाई शारीरिक वा मानसिक यातना दिइने वा निजसँग निर्मम, अमानवीय वा अपमानजनक व्यवहार गरिने छैन । (२) उपधारा (१) बमोजिमको कार्य कानूनद्वारा दण्डनीय हुनेछ र	नेपालको अन्तर्राष्ट्रिय मानव अधिकार कानून दायित्व सशक्त गर्न, यस प्रावधानले : ▪ थुनुवाईभन्दा बाहिरको कारवाही समेत समेट्ने गरी अन्तर्राष्ट्रिय मानव अधिकार कानून अनुरुप यातना वा सीआइडि व्यवहार वा सजाय परिभाषा गर्नु पर्दछ । ▪ यातना वा सीआइडि व्यवहारमा संलग्नता वा सहभागिता

	त्यस्तो व्यवहारबाट पीडित व्यक्तिलाई उचित क्षतिपूर्ति पाउने हक हुनेछ ।	समेत कानूनद्वारा दण्डनीय हुने किटान गर्नु पर्दछ । ▪ यातना वा सीआइडि व्यवहारका पिडितका उजुरी गर्ने, समयमै आफ्नो मुद्दामा कारवाही हुने, धम्की र दुर्व्यवहारबाट सुरक्षित रहने र न्यायसंगत र उपयुक्त क्षतिपूर्ति प्राप्त गर्ने अधिकार संरक्षण गर्नु पर्दछ ।

आमसञ्चार सम्बन्धी हक

नेपालको अन्तर्राष्ट्रिय मानव अधिकार कानून दायित्व अनुकूल, नयाँ संविधानले :

- अभिव्यक्ति स्वतन्त्रताको अधिकार संरक्षण गर्नु पर्दछ ।
- अभिव्यक्ति स्वतन्त्रताको कुनै पनि बन्देज कानूनमा उल्लेख हुनु पर्दछ र अन्यका अधिकार वा प्रतिष्ठा वा राष्ट्रिय सुरक्षाका लागि वा सार्वजनिक अमनचैन वा सार्वजनिक स्वास्थ्य वा नैतिकताको सम्मानको लागि आवश्यक रहन्छ ।

अन्तर्राष्ट्रिय मानव अधिकार कानून दायित्वले "राष्ट्रिय, नश्लीय वा धार्मिक घृणा जसले भेदभाव, शत्रुता वा हिंसा उत्तेजना" कानूनले प्रतिवन्ध गर्नु समेत आवश्यक ठहर्छ; यसमा जातमा आधारित भेदभाव शत्रुता वा हिंसा उत्तेजना समेत पर्दछ ।

समिति	प्रस्तावित प्रावधान	सीएचआरजीजेको सुझाव
मौलिक अधिकार तथा निर्देशक सिद्धान्त समिति	**आमसञ्चार सम्बन्धी हक :** (१) विद्युतीय प्रकाशन, प्रसारण तथा छापा लगायतका अन्य जुनसुकै माध्यमबाट कुनै समाचार, सम्पादकीय, लेख, रचना वा अन्य कुनै समाचार, सम्पादकीय, लेख, रचना वा अन्य कुनै पाठ्य, श्रव्य, श्रव्यदृष्य सामग्रीको प्रकाशन तथा प्रसारण गर्न वा सूचना प्रवाह गर्न वा छाप्न पूर्व प्रतिबन्ध लगाइने छैन । तर नेपालको राष्ट्रियता, सार्वभौमसत्ता वा अखण्डता वा संघीय इकाइबीचको सु-सम्बन्धमा खलल पर्ने वा विभन्न जात, जाति वा सम्प्रदाय बीचको सु-सम्बन्धमा खलल पर्ने, राज्यद्रोह, झूटो सामग्री प्रकाशन वा प्रसारणद्वारा व्यक्तिको सामाजिक मर्यादामा आँच पुऱ्याउने वा अदालतको अवहेना हुने वा अपराध गर्न दुरुत्साहन गर्ने वा सार्वजनिक शिष्टाचार, नैतिकता प्रतिकूल र छुवाछुत एवं जातीय तथा लैङ्गिक भेदभावलाई दुरुत्साहन गर्ने कार्यमा मनासिब प्रतिबन्ध लगाउने गरी कानून बनाउन रोक लगाएको मानिने छैन ।	नेपालको अन्तर्राष्ट्रिय मानव अधिकार कानून दायित्व थप पूर्ति गर्न, यस प्रावधानले : ▪ अभिव्यक्ति स्वतन्त्रताको कुनै पनि बन्देज कानूनमा उल्लेख हुनु पर्दछ र अन्यका अधिकार वा प्रतिष्ठा वा राष्ट्रिय सुरक्षा वा सार्वजनिक अमनचैनका लागि वा सार्वजनिक स्वास्थ्य वा नैतिकताको सम्मान सुनिश्चित गर्नु स्पष्ट रुपमा आवश्यक रहन्छ ।

	(२) कुनै श्रव्य, श्रव्य दृष्य वा विद्युतीय उपकरणको माध्यमबाट कुनै सामग्रीको प्रकाशन तथा प्रसारण गरे वा छापे वापत त्यस्तो सामग्री प्रकाशन तथा प्रसारण गर्ने वा छाप्ने, रेडियो, टेलिभिजन, अनलाइन वा अन्य कुनै किसिमको डिजीटल वा विद्युतीय, छापा वा अन्य सञ्चार माध्यमलाई बन्द, जफत वा दर्ता खारेज गरिने छैन । (३) कुनै समाचार लेख, सम्पादकीय, रचना, सूचना वा अन्य कुनै सामग्री मुद्रण वा प्रकाशन गरे वापत कुनै समाचारपत्र, पत्रिका वा छापाखाना बन्द, जफत वा दर्ता खारेज गरिने छैन । त्यस्तो कार्य कानून बमोजिम दण्डनीय हुनेछ र त्यस्तो कार्यबाट पीडित व्यक्तिलाई उचित क्षतिपूर्ति पाउने हक हुनेछ । (४) कानून बमोजिम बाहेक कुनै छापा, विद्युतीय प्रशारण तथा टेलिफोन लगायतका सञ्चार साधनलाई अवरुद्ध गरिने छैन ।	

गोपनीयताको हक

नेपालको अन्तर्राष्ट्रिय मानव अधिकार कानून दायित्वका सन्दर्भमा, नयाँ संविधानमा गोपनीयताको अधिकार सम्बन्धी प्रावधानले :

- व्यक्ति, परिवार वा पत्राचारको गोपनीयतामा स्वेच्छाचारी एवं अनाधिकृत हस्तक्षेप र मर्यादा र प्रतिष्ठा माथि आक्रमण प्रतिवन्ध गर्नु पर्दछ ।

समिति	प्रस्तावित प्रावधान	सीएचआरजीजे सुझाव
मौलिक अधिकार तथा निर्देशक सिद्धान्त समिति	**गोपनीयतको हक :** कुनै पनि व्यक्तिको जीउ, आवास, लिखत, तथ्याङ्क, पत्राचार, चरित्र सम्बन्धी कुराहरुको गोपनीयता कानूनद्वारा तोकिएको अवस्थामा बाहेक अनतिक्रम्य हुनेछ ।	नेपालको अन्तर्राष्ट्रिय मानव अधिकार कानून दायित्व थप पूर्ति गर्न, यस प्रावधानले : ▪ गोपनीयताको "स्वेच्छाचारी" हस्तक्षेप विरुद्ध संरक्षण समावेश गर्ने, कानूनले प्रदान गरेको हस्तक्षेप यदि स्वेच्छाचारी भए प्रतिवन्ध लगाउनु पर्दछ ।

परिवार सम्बन्धी हक

नेपालको अन्तर्राष्ट्रिय मानव अधिकार कानून दायित्व अनुकूल, नयाँ संविधानमा प्रस्तावित "परिवार सम्बन्धी अधिकार" प्रावधानले :

- विवाह गर्न उपयुक्त उमेरका पुरुष र महिलाले स्वतन्त्रतापूर्वक इच्छाएको व्यक्तिसँग विना भेदभाव विवाह गर्ने अधिकार संरक्षण गर्नु पर्दछ ।
- विवाह, विवाहको बखत र त्यसको अन्त्यमा पति पत्नीको समानता र जिम्मेवारीको अधिकार सुनिश्चित गर्नु पर्दछ ।

समिति	प्रस्तावित प्रावधान	सीएचआरजीजेको सुझाव
मौलिक अधिकार तथा निर्देशक सिद्धान्त समिति	**परिवार सम्बन्धी हक :** (१) कसैले पनि एकभन्दा बढी पति वा पत्नी राख्न पाउने छैन । (२) प्रत्येक व्यक्तिलाई कानूनको अधीनमा रही विवाह गर्न पाउने तथा सम्बन्ध विच्छेद गर्न पाउने स्वतन्त्रता हुनेछ । (३) विवाह गर्ने पक्षको इच्छा विपरित वा पूर्ण र स्वतन्त्र सहमति विना विवाह गराउन पाइने छैन । (४) सम्पत्ति तथा पारिवारिक मामिलामा दम्पत्तिको समान हक हुनेछ । (५) सन्तानको पालन पोषण, स्याहार संभार तथा सर्वाङ्गिण विकासका लागि आमा बाबुको समान अधिकार र दायित्व हुनेछ साथै अभिभावकको सम्मान र पालनपोषण गर्ने प्रत्येक सन्तानको अधिकार र दायित्व हुनेछ । (६) उपधारा (१) र उपधारा (३) विपरितको कार्य कानूनद्वारा दण्डनीय हुनेछ ।	नेपालको अन्तर्राष्ट्रिय मानव अधिकार कानून दायित्व अनुकूल, यस प्रावधानले : ▪ स्वतन्त्रपूर्वक विवाह गर्ने सबैको अधिकार संरक्षण गर्दछ । ▪ विवाह गर्ने व्यक्तिको पूर्ण र स्वतन्त्र सहमति बिना विवाह प्रतिवन्धित गर्दछ । नेपालको अन्तर्राष्ट्रिय मानव अधिकार कानून दायित्व थप पूर्ति गर्न, यस प्रावधानले : ▪ स्वतन्त्रपूर्वक इच्छाएको व्यक्तिसँग विवाह गर्ने अधिकार विवाह गर्न उपयुक्त उमेर पुगेका पुरुष र महिला दुबैमा लागू हुन्छ भनेर स्पष्ट गर्दछ । ▪ विवाह, विवाहको बखत र त्यसको अन्त्यमा पति पत्नीको समानता र जिम्मेवारीको अधिकार सुनिश्चित गर्नु पर्दछ ।

आर्थिक, सामाजिक र साँस्कृतिक अधिकार

पक्षधर राष्ट्रको हैसियतमा प्रगतिशील रुपमा आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय अभिसन्धि (आइसीइएससीआर) मा समोवश अधिकारहरु अवलम्बन गर्नु पर्ने नेपालको दायित्व हो । आइसीइएससीआरले त्यसमा अन्तरनिहित अधिकारको "प्रगतिशील अवलम्बन" उपलब्ध गराउदछ भने श्रोतका उपलब्धताका अतिरिक्त सबै आर्थिक, सामाजिक र साँस्कृतिक अधिकारमा पूर्ण र तत्काल लागू हुने दुई वटा दायित्व हुन्छन् : भेदभादमुक्त अवस्थाको सुनिश्चित गर्ने दायित्व र अधिकार प्राप्तितर्फ "कदम चाल्ने" दायित्व । नेपालको संविधानले धेरै आर्थिक, सामाजिक र साँस्कृतिक अधिकारहरु अन्तरसम्बन्धीत एवं अविछिन्न छन् भनेर पनि स्वीकार गर्नु पर्दछ; उदाहरणको लागि संयुक्त राष्ट्र आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकार समिति (इएससीआर समिति) ले पानीको अधिकार अन्य धेरै अधिकार पूर्तिका लागि पूर्वशर्त हो र यो स्वास्थ्यको अधिकार जस्ता अन्य धेरै अधिकारसँग प्रचुर रुपमा अन्योन्याश्रित छ भनेर व्याख्या गरेको छ ।

वातावरण र स्वास्थ्य सम्बन्धी हक

स्वास्थ्य र स्वस्थ्य वातावरण अधिकार संरक्षण प्रायजसो अस्वस्थ्य वातावरणमा काम गर्न बाध्य हुने र स्वास्थ्य सेवा एवं अन्तरनिहित प्रभावमा पहुँच नहुने दलितका निम्ति विशेषतः महत्वपूर्ण हुन्छ । नेपालको अन्तर्राष्ट्रिय मानव अधिकार कानून दायित्व अनुकूल, नयाँ संविधानमा प्रस्तावित "पर्यावरण र स्वास्थ्य सम्बन्धी अधिकार" प्रावधानले :

- प्राप्य उच्च शारीरिक एवं मानसिक स्वास्थ्य उपभोग गर्ने सबैको अधिकार सुनिश्चित गर्नु पर्दछ ।
- सुरक्षित एवं पिउन योग्य, उपयुक्त स्वास्थ्य सेवा र स्वस्थ पेशागत तथा वातावरणीय अवस्था जस्ता स्वास्थ्यका अन्तरवस्तु संरक्षण गर्नु पर्दछ ।

▪ गर्भावस्था र पछिको समयमा उपयुक्त स्वास्थ्य सेवामा महिला अधिकार सुनिश्चित गर्नु पर्दछ ।		
समिति	**प्रस्तावित प्रावधान**	**सीएचआरजीजेको सुझाव**
मौलिक अधिकार तथा निर्देशक सिद्धान्त समिति	**वातावरण सम्बन्धी हक :** (१) प्रत्येक व्यक्तिलाई स्वस्थ, स्वच्छ र दिगो वातावरणमा बाँच्न पाउने हक हुनेछ । (२) प्रत्येक व्यक्तिलाई जलवायु परिवर्तनका दुष्प्रभावबाट सुरक्षित रहन पाउने अनुकुलनको हक हुनेछ । (३) वातावरणीय प्रदुषण वा ह्रासबाट हुने क्षतिवापत पीडितलाई कानून बमोजिम क्षतिपूर्ति प्राप्त गर्ने हक हुनेछ ।	यो प्रावधानले स्वास्थ्य अधिकारको समर्थनमा उपयुक्त कदम चाल्दछ : ▪ स्वस्थ, सफा र दिगो वातावरणमा बाँच्ने सबै व्यक्तिका अधिकार संरक्षण गर्नु पर्दछ ।
मौलिक अधिकार तथा निर्देशक सिद्धान्त समिति	**स्वास्थ्य सम्बन्धी हक :** (१) प्रत्येक नागरिकलाई निःशुल्क आधारभूत स्वास्थ्य सेवाको हक हुनेछ र कसैलाई पनि आकस्मिक स्वास्थ्य सेवाबाट वञ्चित गरिने छैन । (२) प्रत्येक व्यक्तिलाई प्रजनन स्वास्थ्यको हक हुनेछ । (३) प्रत्येक व्यक्तिलाई सूचित स्वास्थ्य सेवाको हक हुनेछ । (४) प्रत्येक नागरिकलाई स्वास्थ्य सेवामा समान पहुँचको हक हुनेछ । (५) प्रत्येक नागरिकलाई स्वच्छ खानेपानी तथा सरसफाईमा पहुँचको हक हुनेछ ।	यो प्रावधानले स्वास्थ्य अधिकारको समर्थनमा उपयुक्त कदम चाल्दछ : ▪ स्वास्थ्य सेवामा समान पहुँच प्रदान गर्नु पर्दछ । ▪ पानीको अधिकार संरक्षण गर्नु पर्दछ । ▪ सफा पानी र सरसफाईमा पहुँच जस्ता स्वास्थ्य अधिकारसम्वद्ध केही अन्तरवस्तु संरक्षण गर्नु पर्दछ । नेपालको मानव अधिकारप्रतिको प्रतिवद्धता थप पूरा गर्न यो प्रावधानले : ▪ प्राप्य उच्च शारीरिक एवं मानसिक स्वास्थ्य उपभोग गर्ने सबैको अधिकार सुनिश्चित गर्नु पर्दछ । ▪ गर्भावस्था र पछिको समयमा उपयुक्त स्वास्थ्य सेवाको महिला हकदार हुन्छन् भनेर सुनिश्चित गर्नु पर्दछ ।
शैक्षिक तथा साँस्कृतिक हक		
समानता र भेदभावमुक्त अवस्था सुनिश्चित गर्ने नेपालको दायित्व अनुकूल, सबै शिक्षामा पहुँच भेदभावरहित हुनु पर्दछ । कानूनमा मात्र नभएर वास्तवैमा शिक्षामा समान पहुँच सुनिश्चित गर्न नेपालले दलित, महिला र अन्य सीमान्तकृत समूहका शैक्षिक समानताका लागि विशेष व्यवस्था सुरुवात गर्नु पर्दछ । शिक्षा अधिकार विशेषतः दलित, महिला र अन्य सीमान्तकृत समूहका लागि महत्वपूर्ण जसले ऐतिहासिक रुपमा शिक्षामा अर्थपूर्ण अवरोधहरु सामना गरेका छन् । अन्य मानव अधिकार दावी, संरक्षण र अघि बढाउन यी समूहहरुका लागि शिक्षा आवश्यक साधन हो । नेपालको अन्तर्राष्ट्रिय मानव अधिकार कानून दायित्व अनुकूल, नयाँ संविधानमा प्रस्तावित “शैक्षिक तथा साँस्कृतिक अधिकार” प्रावधानले :		

- अनिवार्य तथा निःशुल्क प्राथमिक शिक्षा सबैलाई प्रदान गर्दछ ।
- निःशुल्क माध्यमिक तथा उच्चस्तरीय प्रगतिशील शिक्षाको परिचय सबैका लागि उपलब्ध गर्दछ ।
- साँस्कृतिक जीवनमा सहभागी हुने सबै व्यक्तिका अधिकार संरक्षण गर्दछ ।
- कलात्मक, साहित्यीक एवं वैज्ञानिक सिर्जनाका प्रतिफल सबै व्यक्तिका नैतिक तथा भौतिक चाहनाको संरक्षण सुनिश्चित गर्नु पर्दछ ।

समिति	प्रस्तावित प्रावधान	सीएचआरजीजेको सुझाव
अल्पसंख्यक तथा सीमान्तकृत समुदायको हक अधिकार संरक्षण समिति	**साँस्कृतिक तथा शिक्षा सम्बन्धी हक :** (१) नेपाल राज्यमा बसोबास गर्ने प्रत्येक व्यक्ति, परिवार वा समुदायलाई आफ्नो भाषा, लिपि एवं मानव अधिकार सम्बन्धी विश्वव्यापि मूल्य र मान्यता प्रतिकुल नहुने संस्कृति, प्रथा, परम्परा, संविधानको भाग तीन मौलिक हक शिक्षा तथा सँस्कृति सम्बन्धी हक मानिसको नैसर्गिक आधारभूत मानव अधिकार हो । प्रत्येक व्यक्ति, परिवार वा समुदायलाई आफ्नो भाषा, लिपि रीतिरिवाज र चालचलनहरुको संरक्षण, सम्बर्धन र प्रयोग गर्ने हक हुनेछ । तर, सार्वजनिक शान्ति र सुव्यवस्थामा खलल पार्ने वा अपराध वा हिंसात्मक कार्य गर्न दुरुत्साहन दिने वा नैतिकता वा विभिन्न जात, जाति, धर्म, भाषा, क्षेत्र लगायतका समुदाय वा सम्प्रदायका वीचको सु-सम्बन्धमा खलल पार्ने कार्यमा मुनासिव प्रतिबन्ध लगाउने गरी कानूनबनाउन रोक लगाएको मानिने छैन । (२) प्रत्येक नागरिकलाई उच्च तहसम्मको निःशुल्क शिक्षा प्राप्त गर्ने हक हुनेछ । (३) सबै धार्मिक, साँस्कृतिक तथा भाषिक समुदायहरुको चाहना अनुसारको शैक्षिक संस्थाहरु स्थापना वा संचालन गर्न पाउने हकलाई सुनिश्चित गर्ने राज्यको दायित्व हुनेछ । तर, सार्वजनिक शान्ति र व्यवस्थामा खलल पार्ने वा अपराध वा हिंसात्मक कार्य गर्न दुरुत्साहन दिने वा नैतिकता वा विभिन्न	नेपालको अन्तर्राष्ट्रिय मानव अधिकार कानून दायित्व अनुकूल, यस प्रावधानले : ▪ अरुको अधिकार अतिक्रमण गर्ने आधारका रुपमा प्रयोग नहुने गरी साँस्कृतिक जीवनमा सहभागी हुने सबै व्यक्तिको अधिकार संरक्षण गर्दछ । ▪ उच्च शिक्षासम्म सबैका लागि निःशुल्क शिक्षा प्रदान गर्दछ । ▪ शिक्षामा पहुँच सम्बन्धी भेदभाव प्रतिवन्ध गर्दछ । नेपालको अन्तर्राष्ट्रिय मानव अधिकार कानून दायित्व पूरा गर्न, यस प्रावधानले : ▪ शिक्षामा पहूँचको सीमित गर्ने आधारको प्रतिवन्धित सूचीमा जात समावेश गर्ने (दफा ६) र उक्त सूची अन्त्यहीन राख्नु पर्दछ । ▪ जातीय भेदभाव निरन्तर गर्न प्रयोग हुन सक्ने "सुमधुर सम्बन्ध" जस्ता बृहत भाषा, साँस्कृतिक अधिकार अन्य अधिकार जस्तै अरुको अधिकार हनन् गर्न प्रयोग हुन नसक्ने प्रावधान सहित परिवर्तन गर्नु पर्दछ ।

	जात, जाति, धर्म, भाषा, क्षेत्र लगायतका समुदाय वा सम्प्रदायका बीचको सुसम्बन्धमा खलल पार्ने कार्यमा मुनासिव प्रतिबन्ध लगाउने गरी कानून बनाउन रोक लगाएको मानिने छैन । (४) कुनै पनि शैक्षिक संस्थालाई कुनै खास धार्मिक, साँस्कृतिक वा भाषिक समुदायबाट स्थापना वा संचालन गरिएको कारणबाट राज्यबाट प्राप्त हुने सहयोग प्राप्त गर्नबाट वञ्चित वा भेदभाव गरिने छैन । (५) कुनै पनि व्यक्तिलाई कुनै खास धार्मिक, साँस्कृतिक वा भाषिक समुदायबाट स्थापना वा संचालन गरिएको शैक्षिक संस्थाबाट शिक्षा प्राप्त गरेको कारणबाट उच्च शिक्षाका लागि सार्वजनिक शैक्षिक संस्थामा भर्ना हुन वा शिक्षा लिनबाट वञ्चित गरिने छैन । (६) कुनै पनि व्यक्तिलाई कुनै जाति, आदिवासी, जनजाति, तराईवासी, मधेशी, मुस्लिम, धर्म, लिङ्ग, वर्ण, भाषा, क्षेत्र वा संस्कृतिको आधारमा राज्यद्वारा सञ्चालित वा सहयोग प्राप्त शैक्षिक संस्थामा भर्ना हुन वा शिक्षा लिनबाट वञ्चित गरिने छैन ।	
मौलिक अधिकार तथा निर्देशक सिद्धान्त समिति	**स्वास्थ्य सम्बन्धी हक :** (१) प्रत्येक नागरिकलाई आधारभूत शिक्षामा पहुँचको हक हुनेछ । (२) प्राथमिक शिक्षा अनिवार्य र निःशुल्क हुनेछ । प्रत्येक नागरिकलाई माध्यमिक तहसम्म निःशुल्क शिक्षा पाउने हक हुनेछ । (३) विपन्न वर्गका नागरिकलाई कानूनमा व्यवस्था भए बमोजिम निःशुल्क उच्च शिक्षा प्राप्त गर्ने हक हुनेछ । (४) नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई मातृभाषामा शिक्षा प्रदान गर्ने गरी विद्यालय तथा शैक्षिक संस्था खोल्ने र सञ्चालन गर्ने हक हुनेछ ।	नेपालको अन्तर्राष्ट्रिय मानव अधिकार कानून दायित्व अनुकूल, यस प्रावधानले : ▪ निःशुल्क र अनिवार्य प्राथमिक शिक्षा र निःशुल्क माध्यमिक शिक्षा प्रदान गर्दछ । नेपालको अन्तर्राष्ट्रिय मानव अधिकार कानून दायित्व अनुकूल, यस प्रावधानले : ▪ "कानूनमा उल्लेख भए जस्तो" किसिमका विशेषणात्मक भाषा प्रयोग गर्नबाट वञ्चित गर्नु पर्दछ (दफा ३) । ▪ सबैका लागि निःशुल्क उच्चस्तरीय प्रगतिशील शिक्षाको परिचय प्रदान गर्नु पर्दछ ।
मौलिक अधिकार तथा	**भाषा तथा संस्कृति सम्बन्धी हक :**	नेपालको अन्तर्राष्ट्रिय मानव अधिकार कानून दायित्व अनुकूल,

निर्देशक सिद्धान्त समिति	(१) प्रत्येक व्यक्ति र समुदायलाई आफ्नो भाषा प्रयोग गर्ने हक हुनेछ । (२) प्रत्येक व्यक्ति र समुदायलाई आफ्नो समुदायको साँस्कृतिक जीवनमा सहभागी हुन पाउने हक हुनेछ । (३) नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई आफ्नो भाषा, लिपि, सँस्कृति, साँस्कृतिक सभ्यता र सम्पदाको संरक्षण र सम्वर्द्धन गर्ने हक हुनेछ । (४) प्रत्येक व्यक्तिलाई कला र साहित्य सिर्जना गर्ने, त्यसको विकास गर्ने, कानून बमोजिम आफ्नो बौद्धिक सम्पदाको संरक्षण गर्ने तथा सोबाट लाभ प्राप्त गर्ने हक हुनेछ ।	यस प्रावधानले : ▪ साँस्कृतिक जीवनमा सहभागी हुने सबै व्यक्तिको अधिकार संरक्षण गर्दछ । ▪ कलात्मक तथा साहित्यीक सिर्जनाका प्रतिफल प्राप्त हुने सबै व्यक्तिका नैतिक तथा भौतिक चाहनाको संरक्षण सुनिश्चित गर्नु पर्दछ ।

रोजगार र शोषण सम्बन्धी हक

व्यवस्थित कामसँग सम्बन्धीत दुरुपयोग जातीय भेदभावको मूल लक्षण हो । नयाँ संविधानले रोजगारीमा दलितको शोषण र विभेद अन्त्यका लागि पहल गर्नु पर्दछ ।
नेपालको अन्तर्राष्ट्रिय मानव अधिकार कानून दायित्व अनुकूल, नयाँ संविधानमा प्रस्तावित "शोषण विरुद्ध अधिकार" सम्बन्धी प्रावधानले :
रोजगार र शोषण

- कुनै पनि प्रकृतिको दास प्रथा प्रतिवन्ध गर्नु पर्दछ ।
- अन्य प्रकृतिका बाध्यात्मक वा अनिवार्य श्रम प्रतिवन्ध गर्नु पर्दछ ।

नेपालको अन्तर्राष्ट्रिय मानव अधिकार कानून दायित्व अनुकूल, नयाँ संविधानमा श्रम तथा रोजगारी सम्बन्धी प्रस्तावित प्रावधानले :

- काम गर्ने सबैको अधिकार संरक्षण गर्नु पर्दछ ।
- स्वतन्त्रपूर्वक रोजगारी चुन्ने वा स्वीकार गर्ने अधिकार किटान गर्नु पर्दछ ।
- न्यायोचित ज्याला, समान कामको लागि समान पारिश्रमिक र सुरक्षित एवं स्वस्थ काम गर्ने अवस्थाहरु लगायत कामदारहरु उचित र उपयुक्त काम गर्ने वातावरणका हकदार हुन्छन् भनेर किटान गर्नु पर्दछ ।
- ट्रेड युनियन निर्माण गर्ने र सहभागी हुने सबै व्यक्तिको अधिकार संरक्षण गर्नु पर्दछ ।

समिति	प्रस्तावित प्रावधान	सीएचआरजीजेको सुझाव
मौलिक अधिकार तथा निर्देशक सिद्धान्त समिति	**शोषण विरुद्धको हक :** (१) प्रत्येक व्यक्तिलाई शोषण विरुद्धको हक हुनेछ । (२) धर्म, प्रथा, परम्परा, संस्कार, प्रचलन वा अन्य कुनै आधारमा कुनै पनि व्यक्तिलाई कुनै किसिमले शोषण गर्न पाइने छैन । (३) मानिसलाई बेच-बिखन गर्न, दास वा बाँधा बनाउन पाइने	नेपालको अन्तर्राष्ट्रिय मानव अधिकार कानून दायित्व अनुकूल, यस प्रावधानले : ▪ धर्म, रितिरिवाज, परम्परा र प्रथाको नाममा किटानीसाथ शोषण प्रतिवन्ध गर्दछ र यो सूची परिवर्तनीय राख्दछ । ▪ दास प्रथा, बधुँवा र बाध्यात्मक श्रम एवं मानव

	छैन । त्यस्तो कार्य कानून बमोजिम दण्डनीय हुनेछ र पीडितलाई पीडकबाट उचित क्षतिपूर्ति पाउने हक हुनेछ । (४) कसैलाई पनि निजको इच्छा विरुद्ध काममा लगाउन पाइने छैन । तर यस उपधारामा उल्लिखित व्यवस्थाले सार्वजनिक प्रयोजनको लागि नागरिकलाई अनिवार्य सेवामा लगाउन सकिने गरी कानून बनाउन रोक लगाएको मानिने छैन ।	ओसारपसार प्रतिवन्ध गर्दछ ।
मौलिक अधिकार तथा निर्देशक सिद्धान्त समिति	**रोजगारी सम्बन्धी हक :** (१) प्रत्येक नागरिकलाई रोजगारीको हक हुनेछ । रोजगारीका शर्त र अवस्था कानूनद्वारा निर्धारण भए बमोजिम हुनेछ । (२) प्रत्येक नागरिकलाई रोजगारीको छनौट गर्न पाउने हक हुनेछ । (३) प्रत्येक बेरोजगार कानूनमा व्यवस्था भए बमोजिम भत्ता पाउने हक हुनेछ ।	नेपालको अन्तर्राष्ट्रिय मानव अधिकार कानून दायित्व अनुकूल, यस प्रावधानले काम गर्ने अधिकार र आफ्नो काम चुन्ने अधिकार पहिचान गर्ने भएकोले, यस प्रावधानले : ▪ "कानूनले उल्लेख गरे भैं" जस्ता विशेषणात्मक भाषा प्रयोग गर्नबाट वञ्चित रहनु पर्दछ ।
मौलिक अधिकार तथा निर्देशक सिद्धान्त समिति	**श्रम सम्बन्धी हक :** (१) प्रत्येक श्रमिकलाई उचित श्रम अभ्यासको हक हुनेछ । (२) प्रत्येक श्रमिकलाई उचित पारिश्रमिक, सुविधा तथा सामाजिक सुरक्षाको हक हुनेछ । (३) प्रत्येक श्रमिकलाई ट्रेड युनियन खोल्ने, त्यसमा सहभागी हुने तथा कानूनमा व्यवस्था भए बमोजिम सामुहिक सौदाबाजी गर्ने र हडताल गर्न पाउने हक हुनेछ ।	यो प्रावधानले ट्रेड युनियन खोल्ने, त्यसमा सहभागी हुने अधिकार एवं उपयुक्त काम गर्ने व्यवस्था र ज्याला पहिचान गर्दछ – जसलाई न्यायोचित ज्याला, समान कामको समान पारिश्रमिक र सुरक्षित एवं स्वस्थ काम गर्ने वातावरण भनेर परिभाषित गरिन्छ । नेपालको अन्तर्राष्ट्रिय मानव अधिकार कानून दायित्व अनुकूल, यस प्रावधानले : ▪ "कानून बमोजिम" जस्ता विशेषणात्मक भाषा प्रयोग गर्नबाट वञ्चित समेत गर्नु पर्दछ ।
सामाजिक सुरक्षा सम्बन्धी हक		
नेपालको अन्तर्राष्ट्रिय अन्तरगत मानव अधिकार कानून दायित्व अनुकूल, नयाँ संविधानमा प्रस्तावित "सामाजिक सुरक्षाको अधिकार" प्रावधानले : ▪ महिला र दलित जस्ता सीमान्तकृत समूहमा विशेष ध्यान दिएर, बिना भेदभाव सबैको सामाजिक बीमालगायत पर्याप्त सामाजिक सुरक्षाको अधिकार सुनिश्चित गर्नु पर्दछ ।		
समिति	**प्रस्तावित प्रावधान**	**सीएचआरजीजेको सुझाव**
साँस्कृतिक र सामाजिक	**सामाजिक सुरक्षा सम्बन्धी हक :**	नेपालको अन्तर्राष्ट्रिय मानव अधिकार कानून दायित्व अनुकूल,

ऐक्यवद्धताको आधार निर्धारण समिति	एकल महिला, वृद्ध, अपाङ्ग, अशक्त, असहाय नागरिक र लोपोन्मुख जातिलाई कानूनमा व्यवस्था भए बमोजिम सामाजिक सुरक्षाको हक हुनेछ ।	यस प्रावधानले : ▪ महिला र दलित जस्ता सीमान्तकृत समूहमा विशेष ध्यान दिएर, बिना भेदभाव सबैको सामाजिक बीमालगायत पर्याप्त सामाजिक सुरक्षाको अधिकार सुनिश्चित गर्नु पर्दछ । ▪ कुनै अधिकार सीमीत वा कमजोर बनाउन प्रयोग हुन सक्ने "कानूनमा व्यवस्था भए अनुरुप" चेतावनी प्रयोग गर्नबाट वञ्चित हुनु पर्दछ ।
मौलिक अधिकार तथा निर्देशक सिद्धान्त समिति	**सामाजिक सुरक्षा सम्बन्धी हक :** विपन्न वर्ग, असक्त, असहाय, असहाय अवस्थामा रहेका एकल महिला, अपाङ्गता भएका व्यक्ति, बालबालिका, जेष्ठ नागरिक, आफ्नो हेरचाह आफैं गर्न नसक्ने व्यक्ति तथा लोपोन्मुख जातिका नागरिकलाई कानूनमा व्यवस्था भए बमोजिम सामाजिक सुरक्षाको हक हुनेछ ।	नेपालको अन्तर्राष्ट्रिय मानव अधिकार कानून दायित्व अनुकूल, यस प्रावधानले : ▪ महिला र दलित जस्ता सीमान्तकृत समूहमा विशेष ध्यान दिएर, बिना भेदभाव सबैको सामाजिक बीमालगायत पर्याप्त सामाजिक सुरक्षाको अधिकार सुनिश्चित गर्नु पर्दछ । ▪ "कानूनमा व्यवस्था भए अनुरुप" जस्ता विशेषणात्मक भाषा प्रयोग गर्नबाट वञ्चित गर्नु पर्दछ ।

सामाजिक न्याय सम्बन्धी हक

नेपालको अन्तर्राष्ट्रिय मानव अधिकार कानून दायित्व अनुकूल, नयाँ संविधानमा प्रस्तावित "सामाजिक सुरक्षाको अधिकार" को प्रावधानले :

- महिला र पिछडिएका समूहबाट मानव अधिकारको पूर्ण र समान उपभोगको हुने गरी विकसित गरिएको विशेष व्यवस्था प्रदान गर्दछ ।
- जमीनको हक वा समान व्यवस्था हात पार्ने जहाँ पूर्व भेदभावका कारण निश्चित समूहको लागि भूस्वामित्व संभौता गरिएको छ ।

समिति	प्रस्तावित प्रावधान	सीएचआरजीजेको सुझाव
मौलिक अधिकार तथा निर्देशक सिद्धान्त समिति	**सामाजिक न्याय सम्बन्धी हक :** (१) सामाजिक रुपले पछाडि परेका महिला, दलित, मधेशी, आदिवासी, जनजाति, अल्पसंख्यक तथा सीमान्तकृत, मुस्लिम, लैङ्गिक तथा यौनिक अल्पसंख्यक समुदाय, अपाङ्गता भएका व्यक्ति, युवा, पिछडा वर्ग, किसान र मजदुर वर्ग तथा उत्पीडि क्षेत्रलाई समानुपातिक र समावेशी सिद्धान्तका आधारमा राज्यको संरचना तथा सार्वजनिक सेवामा सहभागिताको हक हुनेछ ।	नेपालको अन्तर्राष्ट्रिय मानव अधिकार कानून दायित्व अनुकूल, यस प्रावधानले : ▪ महिला तथा ऐतिहासिक रुपमा सीमान्तकृत समूहले निश्चित समानता पाउनमा सहयोग गर्न राज्य संरचना, शिक्षा र रोजगारी जस्ता केही प्रमुख क्षेत्रमा विशेष व्यवस्था प्रदान गर्दछ ।

	(२) उपधारा (१) बमोजिमको व्यवस्था गर्दा आर्थिक रुपले विपन्न नागरिकलाई प्राथमिकता दिइनेछ । (३) विपन्न वर्ग, अपाङ्गता भएका व्यक्ति तथा लोपोन्मुख समुदायका नागरिकको संरक्षण, उत्थान, सशक्तिकरण र विकासका लागि शिक्षा, स्वास्थ्य, आवास, रोजगारी, खाद्यान्न र सामाजिक सुरक्षामा विशेष अवसर तथा लाभ प्राप्त गर्ने हक हुनेछ । (४) प्रत्येक किसानलाई कृषि कार्यको लागि भूमिमाथिको हक, परम्परागत रुपमा प्रयोग र अवलम्वन गरिएको स्थानीय बीउ बिजन र कृषि प्रजातिको छनौट र संरक्षणको हक, कृषि सामाग्री, कृषि उपजको उचित मूल्य र बजारमा पहुँचको हक तथा सशक्तिकरण र विकासको लागि विशेष अवसर तथा लाभ प्राप्त गर्ने हक हुनेछ ।	अन्तर्राष्ट्रिय मानव अधिकार कानूनप्रतिको आफ्नो प्रतिवद्धता सशक्त गर्न, यस प्रावधानले : ▪ जमीन वा समान व्यवस्थामा हक प्रदान गर्दछ जहाँ पूर्व भेदभावका कारण निश्चित समूहको लागि भूस्वामित्व संभौता गरिएको छ ।
खाद्य सम्बन्धी हक		
नेपालको अन्तर्राष्ट्रिय मानव अधिकार कानून दायित्व अनुकूल, नयाँ संविधानमा प्रस्तावित “खाद्य अधिकार” ले : ▪ सबैको लागि “उपयुक्त खाद्य अधिकार” समावेश गर्नु पर्दछ ।		
समिति	**प्रस्तावित प्रावधान**	**सीएचआरजीजेको सुझाव**
मौलिक अधिकार तथा निर्देशक सिद्धान्त समिति	**खाद्य सम्बन्धी हक :** (१) प्रत्येक नागरिकलाई खाद्य अधिकार हुनेछ । (२) प्रत्येक नागरिकलाई खाद्यवस्तुको अभावमा जीवन जोखिममा पर्ने अवस्थाबाट सुरक्षित हुने हक हुनेछ । (३) प्रत्येक नागरिकलाई कानून बमोजिम खाद्य सम्प्रभुताको हक हुनेछ ।	नेपालको अन्तर्राष्ट्रिय मानव अधिकार कानून दायित्व अनुकूल, यस प्रावधानले : ▪ खाद्य अधिकारलाई मौलिक भनेर स्वीकार गर्दछ । नेपालको अन्तर्राष्ट्रिय मानव अधिकार कानून दायित्व थप पूर्ति गर्न, यस प्रावधानले : ▪ खाद्य अधिकार भन्नाले “पर्याप्त” खाद्य अधिकार भनेर स्पष्ट गर्नु पर्दछ ।
आवास सम्बन्धी हक		
नेपालको अन्तर्राष्ट्रिय मानव अधिकार कानून दायित्व अनुकूल, नयाँ संविधानमा प्रस्तावित “आवासको अधिकार” प्रावधानले : ▪ उपयुक्त आवासको अधिकार सुनिश्चित गर्नु पर्दछ ।		

समिति	प्रस्तावित प्रावधान	सीएचआरजीजेको सुझाव
मौलिक अधिकार तथा निर्देशक सिद्धान्त समिति	**आवास सम्बन्धी हक :** (१) प्रत्येक नागरिकलाई उपयुक्त आवासमा पहुँचको हक हुनेछ । (२) कानून बमोजिम वा अदालतले आदेश दिएमा बाहेक कुनै पनि नागरिकलाई वासस्थानबाट हटाइने वा सो उपर कुनै अतिक्रमण गरिने छैन ।	नेपालको अन्तर्राष्ट्रिय मानव अधिकार कानून दायित्व अनुकूल, यस प्रावधानले : ▪ उपयुक्त आवासको अधिकार सुनिश्चित गर्नु पर्दछ ।

महिला सम्बन्धी हक

नेपालको अन्तर्राष्ट्रिय मानव अधिकार कानून दायित्व अनुकूल, नयाँ संविधानमा प्रस्तावित "महिला अधिकार" मा प्रस्तावित प्रावधानले :

- भेदभाव प्रतिवन्ध एवं लिङ्गको आधारमा समानता सुनिश्चित गर्नु पर्दछ ।
- विभिन्न प्रकारका भेदभाव बेहोरेका सीमान्तकृत समूहका महिलालाई विशेष ध्यानमा राखेर, महिलाले निश्चित समानता र मानव अधिकार पूर्ण उपभोग गर्न पाउन् भनेर विशेष व्यवस्था प्रदान गर्दछ ।
- एक लिङ्ग अर्कोभन्दा सानो वा ठूलो हुन्छ भन्ने मान्यताबाट अभिप्रेरित पुरुष र महिलाको सामाजिक एवं साँस्कृतिक आचरणको ढाँचा परिवर्तन गरेर पूर्वाग्रह, प्रचलन तथा निश्चित छवि उन्मुलन गर्न उपयुक्त सबै व्यवस्था प्रदान गर्दछ ।
- विवाह, विवाहको अन्त्य, पैतृक अधिकार तथा जिम्मेवारी, परिवार नियोजन, बालबालिकासँगको सम्बन्ध र घर जग्गा एवं आर्थिक जायजेथाका हकमा पुरुष र महिलाको समान अधिकारलगायत पारिवारिक सम्बन्धसँग सरोकार राख्ने निश्चित अधिकार समावेश गर्नु पर्दछ ।

नेपालले महिला तथा दलित जस्ता सीमान्तकृत समूहका सदस्यले सहन गरेको विभिन्न प्रकारको भेदभावलाई मध्यनजर गरेर सम्बोधन गर्न पहल समेत गर्नु पर्दछ ।

समिति	प्रस्तावित प्रावधान	सीएचआरजीजेको सुझाव
मौलिक अधिकार तथा निर्देशक सिद्धान्त समिति	**महिला सम्बन्धी हक :** (१) प्रत्येक महिलालाई लैङ्गिक विभेद विना समान वंशीय हक हुनेछ । (२) महिला विरुद्ध कुनै किसिमको लैङ्गिक भेदभाव गरिने छैन । (३) प्रत्येक महिलालाई प्रजनन सम्बन्धी हक हुनेछ । (४) महिला विरुद्ध धार्मिक, सामाजिक, साँस्कृतिक परम्परा, प्रचलन वा अन्य कुनै आधारमा शारीरिक, मानसिक, यौनजन्य, मनोवैज्ञानिक वा अन्य कुनै किसिमको हिंसाजन्य कार्य वा शोषण गरिने छैन । यस्तो कार्य कानून बमोजिम दण्डनीय हुनेछ र पीडित व्यक्तिलाई उचित क्षतिपूर्ति पाउने हक हुनेछ ।	नेपालको अन्तर्राष्ट्रिय मानव अधिकार कानून दायित्व अनुकूल, यस प्रावधानले : ▪ लिङ्गको आधारमा भेदभाव प्रतिवन्ध गर्दछ । ▪ महिलाले निश्चित समानता र मानव अधिकार पूर्ण उपभोग गर्न पाउन् भनेर विशेष व्यवस्था प्रदान गर्दछ । नेपालको मानव अधिकार प्रतिको प्रतिवद्धता थप पूर्ति गर्न, यस प्रावधानले : ▪ महिला अधिकार (भेदभावमुक्त अवस्थाको अधिकार अतिरिक्त) प्रदान गर्ने ।

	(५) राज्य संयन्त्रका सबै निकायमा महिलको समावेशी आधारमा समानुपातिक सहभागिताको हक हुनेछ । (६) प्रत्येक महिलालाई शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षामा सकारात्मक विभेदका आधारमा विशेष अवसर प्राप्त गर्ने हक हुनेछ ।	▪ विवाह, विवाहको अन्त्य, पैतृक अधिकार तथा जिम्मेवारी, परिवार नियोजन, बालबालिकासँगको सम्बन्ध र घर जग्गा एवं आर्थिक जायजेथाका हकमा पुरुष र महिलाको समान अधिकारलगायत पारिवारिक सम्बन्धसँग सरोकार राख्ने निश्चित अधिकार समावेश गर्दछ । ▪ विशेष व्यवस्थाले महिला तथा दलित जस्ता सीमान्तकृत समूहका सदस्यमाथि विशेष ध्यान केन्द्रीत गर्दछ र विशेष व्यवस्था सही एवं तथ्याङ्कका आधारमा अवलम्बन गरिन्छ भनेर सुनिश्चित गर्दछ । ▪ एक लिङ्ग अर्कोभन्दा सानो वा ठूलो हुन्छ भन्ने मान्यताबाट अभिप्रेरित पुरुष र महिलाको सामाजिक एवं साँस्कृतिक आचरणको ढाँचा परिवर्तन गरेर पूर्वाग्रह, प्रचलन तथा निश्चित छवि उन्मुलन गर्न उपयुक्त सबै व्यवस्था थप गर्दछ ।

बालबालिका सम्बन्धी हक

बाल अधिकार सम्बन्धी महासन्धि (सीआरसी) को पक्षधर राष्ट्रको हैसियतमा बालिबालिकाको अधिकार एवं बाबु आमाको अवस्थामा आधारित भेदभावबाट विना भेदभाव संरक्षण दिन नेपाल दायित्ववोध छ । विशेषतः दलित बालबालिका अधिकार उल्लंघनको जोखिममा हुन्छन् भन्ने नेपालले पहिचान गरेर आवश्यक पहल गर्नु पर्दछ ।

नेपालको अन्तर्राष्ट्रिय मानव अधिकार कानून दायित्व अनुकूल, नयाँ संविधानमा प्रस्तावित "बाल अधिकार" को प्रावधानले :

- बालबालिकाको हित, भौतिक वा मानसिक स्वास्थ्य वा आध्यात्मिक, नैतिक वा सामाजिक विकास जोखिममा पार्ने कुनै पनि काम गर्न वा सेवा दिनबाट बालबालिकालाई संरक्षण गर्नु पर्दछ ।
- बाल अधिकारसँग सम्बन्धीत सबै कार्यमा प्राथमिक सरोकार नै बालबालिकाको उच्चतम हित हो भनेर निश्चित गर्नु पर्दछ ।
- विशेष गरेर परिवार, विद्यालय र समुदाय जस्ता बालबालिकालाई प्रभाव पार्ने समाजका सबै तहका मुद्दामा बालबालिकाको मत हुन्छ भनेर निश्चित गर्नु पर्दछ ।

समिति	प्रस्तावित प्रावधान	सीएचआरजीजेको सुझाव
मौलिक अधिकार तथा निर्देशक सिद्धान्त समिति	**बालबालिका सम्बन्धी हक :** (१) प्रत्येक बालबालिकालाई आफ्नो पहिचान सहित नामाकरण र जन्मदर्ताको हक हुनेछ । (२) प्रत्येक बालबालिकालाई परिवार तथा राज्यबाट शिक्षा,	नेपालको अन्तर्राष्ट्रिय मानव अधिकार कानून दायित्व अनुकूल, यो प्रावधानले धेरै आधारभूत रुपमा बालबालिकाको बृहत संरक्षण गर्दछ । नेपालको अन्तर्राष्ट्रिय मानव अधिकार कानून दायित्व थप पूर्ति गर्न, यस प्रावधानले :

	स्वास्थ्य, पालन पोषण, उचित स्याहार, खेलकुद, मनोरञ्जन तथा व्यक्तित्व विकासको हक हुनेछ । (३) प्रत्येक बालबालिकालाई उचित स्याहार सहितको प्रारम्भिक बालविकासको हक हुनेछ । (४) प्रत्येक बालबालिकालाई मातृभाषामा शिक्षा पाउने हक हुनेछ । (५) कुनै पनि बालबालिकालाई कारखाना, खानी वा यस्तै अन्य जोखिमपूर्ण काममा लगाउन पाइने छैन । (६) कुनै पनि बालबालिकालाई बालविवाह, गैरकानूनी ओसारपसार र अपहरण गर्न वा बन्धक राख्न पाइने छैन । (७) कुनै पनि बालबालिकालाई सेना, प्रहरी वा सशस्त्र द्वन्द्व वा समूहमा भर्ना वा प्रयोग गर्न वा साँस्कृतिक वा धार्मिक प्रचलनको नाममा कुनै पनि माध्यम वा प्रकारले दुव्यवहार, उपेक्षा वा शारीरिक, मानसिक, यौनजन्य वा अन्य कुनै प्रकारको शोषण गर्न वा अनुचित प्रयोग गर्न पाइने छैन । (८) कुनै पनि बालबालिकालाई घर, विद्यालय वा अन्य जुनसुकै स्थान र अवस्थामा शारीरिक, मानसिक वा अन्य कुनै किसिमको यातना दिन पाइने छैन । (९) प्रत्येक बालबालिकालाई बालमैत्री न्यायको हक हुनेछ । (१०) असहाय, अनाथ, सुस्त मनस्थितिका, अपाङ्गता भएका, द्वन्द्वपीडित एवं जोखिममा रहेका बालबालिकालाई राज्यबाट बिशेष संरक्षण र सुविधा पाउने हक हुनेछ । (११) उपधारा (५), (६), (७) र (८) बमोजिमका कार्य कानूनद्वारा दण्डनीय हुनेछन् र त्यस्तो कार्यबाट पीडित बालबालिकालाई पीडकबाट उचित क्षतिपूर्ति पाउने हक हुनेछ ।	▪ बालबालिकाको हित, भौतिक वा मानसिक स्वास्थ्य वा आध्यात्मिक, नैतिक वा सामाजिक विकास जोखिममा पार्ने कुनै पनि काम गर्न वा सेवा दिनबाट बालबालिकालाई संरक्षण गर्दछ । ▪ बाल अधिकारसँग सम्बन्धीत सबै कार्यमा प्राथमिक सरोकार नै बालबालिकाको उच्चतम हित हो भनेर निश्चित गर्दछ । ▪ विशेष गरेर परिवार, विद्यालय र समुदाय जस्ता बालबालिकालाई प्रभाव पार्ने समाजका सबै तहका मुद्दामा बालबालिकाको मत हुन्छ भनेर निश्चित गर्दछ ।

मौलिक हकको कार्यान्वयन

नेपालको अन्तर्राष्ट्रिय मानव अधिकार कानून दायित्व अनुकूल, नयाँ संविधानमा प्रस्तावित “मौलिक अधिकारको कार्यान्वयन” को प्रावधानले :

- मौलिक अधिकारको सम्मान, संरक्षण र पूर्ति सरकारको दायित्व भनेर स्पष्ट गर्दछ ।
- यो दायित्व “कुनै पनि तहको सरकारको – राष्ट्रिय, क्षेत्रीय वा स्थानीय – एक/सबै अंगमा (कार्यकारिणी, व्यवस्थापिका तथा न्यायपालिका) वा अन्य सार्वजनिक वा सरकारी निकायमा” लागू हुन्छ भनेर बताउँछ ।

- कुनै कानून असंवैधानिक घोषणा गर्नका लागि र मौलिक अधिकार उल्लंघन भएमा समाधान र क्षतिपूर्ति माग गरेर सक्षम एवं निष्पक्ष अदालतमा सबै व्यक्तिलाई अपिल गर्ने अधिकार प्रदान गर्दछ ।

समिति	प्रस्तावित प्रावधान	सीएचआरजीजेको सुझाव
मौलिक अधिकार तथा निर्देशक सिद्धान्त समिति	**मौलिक हकको कार्यान्वयन र संवैधानिक उपचारको हक :** (१) यस भागद्वारा प्रदत्त शिक्षा सम्बन्धी हक, स्वास्थ्य सम्बन्धी हक, रोजगारी सम्बन्धी हक, आवास सम्बन्धी हक, खाद्य सम्बन्धी हक, सामाजिक न्याय सम्बन्धी हक र सामाजिक सुरक्षाको हकको कार्यान्वयनका लागि राज्यले उपयुक्त व्यवस्था गर्नेछ । (२) यस भागद्वारा प्रदत्त हकहरुको कार्यान्वयनका लागि आवश्यकता अनुसार राज्यले दुई वर्ष भित्र कानूनी व्यवस्था गर्नेछ । (३) यस भागद्वारा प्रदत्त हकको प्रचलनका लागि धारा .. (संघीय सर्वोच्च अदालतको अधिकार क्षेत्र सम्बन्धी धारा) तथा धारा.... (प्रादेशिक/राज्यस्तरको सर्वोच्च/उच्च अदालतको अधिकार क्षेत्र सम्बन्धी धारा) मा लेखिए बमोजिम कारबाही चलाउने पाउने हक सुरक्षित गरिएको छ ।	यो प्रावधान नेपालको मानव अधिकार दायित्व अनुकूल छैन । नेपालको अन्तर्राष्ट्रिय दायित्व अनुकूल नयाँ संविधानले : ▪ आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकार लगायतका सबै मौलिक अधिकार पूर्ण रुपमा न्यायसंगत हुन् भनेर स्पष्ट गर्दछ । ▪ संविधानमा सुनिश्चित अधिकार कार्यान्वयनमा सरकारलाई ढिला सुस्ती गर्न दिने भाषाको प्रयोग (दफा २ मा जस्तो) वञ्चित गर्नु पर्दछ । ▪ आफ्नो अधिकार लागू गर्न स्वतन्त्र एवं सक्षम न्यायलयमा प्रभावकारी उपचारको लागि सबै व्यक्तिलाई अपिल गर्ने अधिकार स्पष्ट प्रदान गर्नु पर्दछ ।

निर्देशक सिद्धान्त, नीति तथा राज्यको दायित्व

नेपालको अन्तर्राष्ट्रिय मानव अधिकार कानून दायित्व अनुकूल, नयाँ संविधानमा प्रस्तावित "निर्देशक सिद्धान्त, नीति तथा राज्यको दायित्व" सम्बन्धी प्रावधानले :

- यो भागमा उल्लेखित कुनै पनि मौलिक अधिकार पूर्ण रुपमा न्यायसंगत एवं अपरिहार्य मानव अधिकार हुन् भनेर स्पष्ट गर्दछ ।
- राज्यका सबै जिम्मेवारी एवं नीति कुनै प्रकारको भेदभाव विना सिर्जना एवं व्यवस्थित गरिन्छ भनेर सुनिश्चित गर्दछ ।

संकटकालिन अधिकार

नेपालको अन्तर्राष्ट्रिय मानव अधिकार कानून दायित्व अनुकूल, नयाँ संविधानमा प्रस्तावित "संकटकालिन अधिकार" सम्बन्धी प्रावधानले :

- सरकारले संकटकाल घोषणा गर्न सक्ने अवस्था किटानीसाथ व्याख्या गर्दछ र त्यस्ता घोषणा राष्ट्रिय जीवनमा खतराको अवस्था सिर्जना हुँदा मात्र जारी गर्न मार्ग प्रशस्त गर्नु पर्दछ ।
- कुनै पनि अवहेलना सम्बन्धी व्यवस्था अवस्थाले आवश्यक ठहर गरे अनुरुप सीमित रहनु पर्दछ भनेर इंगित गर्नु पर्दछ ।
- संकाटकालमा अवलम्बन गरिएको व्यवस्था कुनै आधारमा भेदभावपूर्ण हुँदैन भनेर सुनिश्चित गर्नु पर्दछ ।
- संकटकालमा समेत, कम्तिमा आइसीसीपीआर धारा ४(२) मा सूचीकृत निम्न निलम्बनका अधिकार हर बखत संरक्षित हुनु पर्दछ : बाँच्न पाउने अधिकार;

यातना र सीआइडि व्यवहार वा सजायबाट मुक्त रहने अधिकार; दासत्व र बाध्यात्मक सेवाबाट मुक्त रहने अधिकार; संझौतागत दायित्व पालना गर्न नसकेको अवस्थामा जेल सजायबाट मुक्त रहने अधिकार; पक्षगामी फौजदारी कानून र जरीमानाको भागीदार नहुने अधिकार; कानूनको सामू सबै ठाउँ व्यक्तिको रुपमा चिनिनु पाउनु अधिकार; र विचार, विवेक र धार्मिक स्वतन्त्रता ।

समिति	प्रस्तावित प्रावधान	सीएचआरजीजेको सुझाव
राष्ट्रिय हितको संरक्षण समिति	(१) नेपाल राज्यको सार्वभौमसत्ता, अखण्डता वा कुनै भागको सुरक्षा वा राष्ट्रिय एकतामा युद्ध, बाह्य आक्रमण, सशस्त्र विद्रोह वा चरम आर्थिक विश्रृङखलताको कारणले गम्भीर संकट उत्पन्न भएमा राष्ट्रप्रमुख/मन्त्रिपरिषद्को सिफारीसमा राष्ट्रप्रमुखले नेपाल राज्यभर वा कुनै खास क्षेत्रमा लागू हुने गरी संकटकालिन अवस्थाको घोषणा वा आदेश जारी गर्न सक्नेछ । (२) गम्भीर प्राकृतिक प्रकोप वा चरम आर्थिक विश्रृंखलताको कारणले प्रान्त/प्रदेशमा गम्भीर संकट उत्पन्न भएमा आफ्नो प्रादेशिक क्षेत्राधिकार भित्र लागू हुने गरी केन्द्रीय/संघीय सरकारको सहमतिमा प्रान्त/प्रदेश सरकारले संकटकालिन अवस्थाको घोषणा वा आदेश जारी सक्नेछ ।	यो प्रावधान नेपालको मानव अधिकार दायित्व अनुकूल छैन । नेपालको अन्तर्राष्ट्रिय दायित्व अनुकूल यो प्रावधानले : ▪ सरकारले संकाटकाल घोषणा गर्न सक्ने अवस्थालाई राष्ट्रिय जीवनमा खतराको अवस्थामा कडाईसाथ सीमित गर्नु पर्दछ । ▪ कुनै पनि अवमूल्यन सम्बन्धी व्यवस्था अवस्थाले आवश्यक ठहरे अनुरुप सीमित रहनु पर्दछ भनेर इंगित गर्नु पर्दछ । ▪ कुनै पनि निषेधित आधारमा भेदभाव प्रतिवन्धित गर्नु पर्दछ । ▪ माथि सूचीकृत भए जस्तो निश्चित अधिकार संकटकालमा समेत निलम्बनंका रुपमा संरक्षित गरिनु पर्दछ ।

राज्य संरचना

व्यवस्थापिका

नेपालको अन्तर्राष्ट्रिय मानव अधिकार कानून दायित्व अनुकूल, नयाँ संविधानमा प्रस्तावित व्यवस्थापिका सम्बन्धी प्रावधानले :

- महिला, दलित तथा अन्य सीमान्तकृत समूहको व्यवस्थापिकाका निकायमा समानुपातिक सहभागिता सुनिश्चित गर्न विशेष व्यवस्था उपलब्ध र लागू गर्नु पर्दछ ।
- सदस्यता, नेतृत्व वा राजनीतिक नियुक्तिको मनोनयन कुनैमा पनि गैरकानूनी तवरमा भेदभाव भए राजनीतिक दललाई प्रतिवन्ध लगाउने वा दर्ता खारेज गर्नु पर्दछ ।

न्यायपालिका

नेपालको अन्तर्राष्ट्रिय मानव अधिकार कानून दायित्व अनुकूल, नयाँ संविधानमा प्रस्तावित न्यायपालिका सम्बन्धी प्रावधानले :

- सबै तहको न्यायपालिका सक्षम, स्वतन्त्र र निष्पक्ष एवं आफ्नो क्षेत्राधिकार भित्रको उल्लंघनमा निकास दिन सक्ने क्षमता भएको सुनिश्चित गर्दछ ।
- गैरनागरिकलगायत सबै जनतालाई संवैधानिक अधिकार उल्लंघन हुँदा स्वतन्त्र एवं निष्पक्ष न्यायालयमा अपिल दिने अधिकार सुनिश्चित गर्दछ ।
- महिलालगायत दलित र अन्य सीमान्तकृत समूहका हकमा, न्यायपालिका समानुपातिक सहभागिता सुनिश्चित गर्न विशेष व्यवस्था प्रदान र लागू गर्दछ ।

राष्ट्रिय संवैधानिक अंग तथा आयोग
नेपालको अन्तर्राष्ट्रिय मानव अधिकार कानून दायित्व अनुकूल, नयाँ संविधानमा प्रस्तावित “राष्ट्रिय संवैधानिक अंग तथा आयोग” सम्बन्धी प्रावधानले : ▪ बृहत अनुसन्धान एवं कार्यान्वयन अधिकार सहित मानव अधिकार आयोग तथा राष्ट्रिय दलित आयोग स्थापना गर्दछ । ▪ यी आयोगलाई आर्थिक स्वायत्तता प्रदान गर्दछ । ▪ महिलालगायत दलित र अन्य सीमान्तकृत समूहका हकमा, आयोगहरुमा समानुपातिक सहभागिता सुनिश्चित गर्न विशेष व्यवस्था प्रदान र लागू गर्दछ ।

CHR&GJ
center for human rights and global justice
nyu school of law

अधिकारमा पहुँच

नेपालको नयाँ संविधानमा समानता र मानव अधिकारको संरक्षण

शदियौंदेखिको जातीय विभेद अन्त्य गर्नु र दलित अधिकारको प्रत्याभूति गर्नु नेपालको लामो समयदेखि प्रतिक्षित सामीजिक, राजनीतिक र आर्थिक रुपान्तरणको मुख्य विशेषता हुनुपर्दछ । नयाँ संविधानको निर्माण प्रक्रिया नेपालको संविधानसभाका लागि मानव अधिकार र सबैको नैसर्गिक निष्ठाप्रति नेपालको प्रतिबद्धता अभिव्यक्त गर्ने एउटा ठूलो अवसर हो । नयाँ संविधानका धेरै प्रस्तावले यी उद्देश्य परिपूर्ति गर्नेतर्फ गहन पाइला चालिसकेका छन् । तर अधिकार संरक्षणको क्षेत्रमा संवेदनशील सामञ्जस्यताको अभाव देखिएका छन् र यी समस्याहरूलाई सम्बोधन गर्नुपर्दछ ।

अधिकारमा पहुँच ले नेपालको नयाँ संविधानका लागि पेस गरिएको प्रस्तावको विश्लेषण गर्नुका साथै नेपाली विधायकहरूका लागि नेपालले मानव अधिकारप्रति व्यक्त गरेको प्रतिबद्धताको पालना गर्ने र जातमा आधारित भेदभावको अन्त्य गर्ने र सबैलाई मानव अधिकार प्रत्याभूत गर्ने नेपालको प्रतिबद्धता पालना गर्ने प्रत्याभूतिसहितको सुस्पष्ट मार्गचित्र पेस गरेको छ । प्रतिवेदनमा हाम्रा प्रमुख सुझावहरूको निष्कर्षसहितको मन्तव्यसहित विश्लेषण गरिएका धेरै प्रस्तावको प्रत्येक प्रावधानको विश्लेषण भएको तालिका पनि समावेश गरिएको छ ।

प्रतिवेदन केन्द्रसँग रहेको जातमा आधारित भेदभाव र अन्तर्राष्ट्रिय मानव अधिकार कानुनसम्बन्धी विशेषज्ञातामा आधारित हुनुका साथै सन् २००८ मा प्रकाशित *न्यायको पूनर्व्याख्या : नेपालको नयाँ संविधानमा दलित अधिकारको संरक्षण* को विकसित स्वरुप हो । यो प्रतिवेदन दलित अधिकारकर्मी, नेपालका कानुन र प्राज्ञिक समुदायका सदस्यहरू र संवैधानिक तथा अन्तर्राष्ट्रिय मानव अधिकार कानुनका विज्ञहरूसँग निकटमा रही उनीहरुको सल्लाहमा तयार पारिएको हो ।

CENTER FOR HUMAN RIGHTS AND GLOBAL JUSTICE

New York University School of Law
110 West Third Street, Room 204
New York, NY 10012

www.chrgj.org

Image ©2006 Ami Vitale.